# वार्षिक प्रतिवेदन

(आ.व. २०७९/८०)

राष्ट्रिय मानव अधिकार आयोग

कोशी प्रदेश कार्यालय मोरङ, विराटनगर


राष्ट्रिय मानव अधिकार आयोग
२३ औं वार्षिकोत्सव समारोह
Anniversary of




REDMI NOTE 9
AI QUAD CAMERA

# वार्षिक प्रतिवेदन

## आ.व. २०७९/२०८०

**राष्ट्रिय मानव अधिकार आयोग**

**कोशी प्रदेश कार्यालय मोरङ, विराटनगर**

# वार्षिक प्रतिवेदन
## (आ.व. २०७९/२०८०)

**राष्ट्रिय मानव अधिकार आयोग**

कोशी प्रदेश कार्यालय मोरङ, विराटनगर

# आयोगका पदाधिकारीहरु

**अध्यक्ष**

माननीय तप बहादुर मगर

**सदस्यहरु**

माननीय डा. सूर्य ढुङ्गेल

माननीय मिहिर ठाकुर

माननीय मनोज दुवाडी

माननीय लिली थापा

**का.मु. सचिव**

मुरारिप्रसाद खरेल

**लेखन/सम्पादन/संयोजन**

पवन कुमार भट्ट, कार्यालय प्रमुख/उपसचिव

चिरञ्जीवी कोइराला, मानव अधिकार अधिकृत

बिन्दा अधिकारी, लेखापाल

खिला रेग्मी, सहायक प्रथम

**प्रकाशक** : राष्ट्रिय मानव अधिकार आयोग
कोशी प्रदेश कार्यालय, विराटनगर

**फोन** :०२१–५९०९९३

**इमेल** :nhrcbrt@nhrcnepal.org

**वेभसाइट** : www.nhrcnepal.com

**प्रकाशन मिति** : असार २०८०

**प्रकाशन प्रति** : ३००

**प्रतिवेदन नं.** :०१

**मुद्रण** : **रोशिका अफसेट प्रेस, विराटनगर**

**सर्वाधिकार** : राष्ट्रिय मानव अधिकार आयोग
कोशी प्रदेश कार्यालय, विराटनगर

आयोगको पूर्व स्वीकृतिविना यस प्रतिवेदनलाई पुनः उत्पादन एवं मुद्रण गर्ने गरी संग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरु प्रयोगमा ल्याउन सकिने छ ।

सबैको शुभ होस ।

सबैको मंगल होस ।

धन्यवाद ।

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहरभवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

## मन्तव्य

मानव अधिकारको सम्मान संरक्षण तथा सम्वर्धन गर्नु राज्यको दायित्व हो । नेपालको संविधान तथा नेपाल पक्ष भएको मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धमा निहित हक अधिकारहरू नागरिकले निर्वाध रूपमा उपभोग गर्न पाउँनुपर्छ । मानव अधिकार उल्लङ्घन तथा दुरुत्साहनको घटना हुन नदिन, राज्य संयन्त्रलाई मानव अधिकार संरक्षणमा जवाफदेही बनाउन, मानव अधिकारको क्षेत्रमा कार्यरत सबै निकायहरूको सत्प्रयास आजको टड्कारो आवश्यकता हो ।

मानव अधिकारको सम्बन्धमा अन्तर्राष्ट्रिय रूपमा गरेका प्रतिबद्धता र मौलिक हकका विषयसमेतलाई समेटी नेपाल सरकारले मानव अधिकार सम्वन्धी पाँचौं राष्ट्रिय कार्ययोजना जारी गरी कार्यान्वयनमा रहेको छ । यस कार्ययोजनाले मानव अधिकार संरक्षणमा सङ्घ, प्रदेश, जिल्ला र स्थानीय तहलाई जिम्मेवारी तोकेको छ। त्यस्को कार्यान्वयनको अनुगमन गर्ने जिम्मेवारी राष्ट्रिय मानव अधिकार आयोगलाई पनि तोकिएको छ । आगामी दिनमा प्रदेश सरकार र स्थानीय तहबाट समेत मानव अधिकारका विषयलाई प्राथमिकतामा राखी कार्यान्वयनमा जानेछ भन्ने मैले विश्वास लिएको छु ।

मानव अधिकार संरक्षण तथा प्रवर्धन सम्बन्धी गतिविधिहरू साथै सम्पादन गरेको कार्यहरू समेटेर आयोगको कोशी प्रदेश कार्यालयबाट प्रकाशित गरिएको यो वार्षिक गतिविधि पुस्तिकाले कोशी प्रदेशअन्तर्गत रहेका जिल्लाहरूको मानव अधिकारको अवस्था चित्रण गरी सरोकारवाला सबैमा सुसूचित हुन सहयोग पुऱ्याउँने छ ।

राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश कार्यालयको वार्षिक गतिविधि पुस्तिका तयारी कार्यमा संलग्न कोशी प्रदेश कार्यालयका कार्यालय प्रमुख पवन कुमार भट्टसहित सम्पूर्ण कर्मचारीहरूप्रति धन्यवाद प्रकट गर्दछु ।

३१ असार, २०८०

तप बहादुर मगर
अध्यक्ष

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone:+977-1-5010015, Fax:+977-1-5547973, G.P.O. Box: 9181, Kathmandu, Nepal
Email:nhrc@nhrcnepal.org, Website:www.nhrcnepal.org

# भूमिका

मानव अधिकार शब्दको अथ व्यापक भए जस्तै राष्ट्रिय मानव अधिकार आयोगको क्षेत्र पनि बृहत र व्यापक छ । सशस्त्र द्वन्द्वको चरमोत्कर्षको बेलामा स्थापित राष्ट्रिय मानव अधिकार आयोगले विभिन्न आरोह र अवरोहहरु पारगर्दै मानव अधिकार संरक्षण तथा सम्वर्द्धनमा स्वतन्त्र र स्वायत्तरुपमा आफ्नो भूमिका निर्वाह गर्दै आएको छ । आयोगको काम कारवाही जनमानसमा अनुभूत हुनसक्ने गरी तीव्रताका साथ अगाडि वढाउन साथै मानव अधिकार सचेतना अभिबृद्धि गर्न जीवन, मर्यादा, समानता र स्वतन्त्रताको अधिकार : दिगो शान्ति र संवृद्धिको आधार नारालाई साकार रुप दिन आयोगले नागरिक समाज, संघ सस्था तथा तीनै तहका सरकारसँग विविध प्रकारका कार्यक्रमहरुको थालनी समेत गरेको छ ।

कोशी प्रदेशको मानव अधिकारको अवस्था सुधारोन्मुख छ । यहाँ हत्या हिंसा, बलत्कार, यातना, जातीय बिभेद, दाईजो, बाल विवाह, श्रम शोषण, यौन शोषण, बोक्सि, मानव बेचबिखन, दुर्व्यवहार, डेंगु, विपद लगायतका घटनाहरुमा परी मानिसको बाँच्न पाउने अधिकारको हन्न भई रहेको छ । आम नागरिकले भय रहित वातावरणमा सम्मान जनक रुपमा बाँच्न पाएका छैनन् । चालु आ.व.मा पनि यस कार्यालयमा मानव अधिकार उल्लंघन भएको भनि केहि उजुरी परेका छन् भने आयोगमा दर्ता रहेका द्वन्द्वकालिन ४९ वटा उजुरीहरुमा आयोगले अनुसन्धान सम्पन्न गरेको छ । आयोगमा मानव अधिकार हन्न, न्यायप्रशासन, वलत्कार, महिला हिंसा, यातना, बिभेद, बाल अधिकार, श्रम तथा रोजगार, यौन शोषण, आप्रबासी कामदार लगायतका उजुरीहरु लिएर पीडितहरु आउने गर्दछन् उनीहरुलाई उचित परामर्श प्रदान गरी सम्बन्धीत निकायमा निवेदन दिन साथै सम्बन्धीत निकायहरुको ध्यानाकर्षण गर्ने गराउने कार्य पनि आयोगले गर्दै आइरहेको छ । आयोगमा प्राप्त मानव अधिकार हन्नका विषयमा पहिलो चरणमा जानकारीमा लिई कारवाही प्रक्रिया अगाडि वढाउने गरेको छ । यस वर्ष कोशी प्रदेश कार्यालयबाट जम्मा १९२ जनालाई परामर्श दिइएको छ । १० वटा आकस्मिक अनुगमन, ८ वटा विषयगत अनुगमन गरी जम्मा १८ पटक मानव अधिकार अवस्थाको अनुगमन गरिएको छ । मानव अधिकार सचेतना सम्बन्धी १४ वटा सम्वर्द्धनात्मक गतिविधीहरु सम्पन्न भएका छन् । अन्य निकायहरुबाट आयोजित प्रमुख अतिथी, अतिथी, स्रोत व्यक्ति र सहभागिको रुपमा इलाम, मोरङ, झापा, सुनसरी, उदयपुर लगायतका जिल्लामा कोशी प्रदेश कार्यालयको सहभागिता रहेको छ ।

आयोगको सिफारिस कार्यान्वयनको लागि निरन्तर छलफल, अन्तरक्रिया र वहसहरु भइरहेका छन् । नागरिक समाजबाट आयोगको स्वतन्त्रता र स्वायत्तताको जगेर्ना गर्न र आयोगको सिफारिसको पूर्ण कार्यान्वयनको लागि विभिन्न कार्यक्रमहरुमार्फत सरकारको ध्यानाकर्षण गराईरहेको अवस्था छ । यस बर्ष कोशी प्रदेश कार्यालयले आफ्नो कार्यक्षेत्र अन्तरगतका सबै जिल्लाहरुमा अनुगमन, अनुसन्धान एवं सम्वर्द्धनात्मक गतिविधीहरु संचालन गर्ने क्रममा आफ्नो उपस्थिति जनाएको छ । सम्भव भएसम्म स्थानीय तहहरुलाई लक्षित गरेर कतिपय कार्यक्रमहरु संचालन गरिएको छ उदाहरणको लागि आयोगमा रहेको हत्या यातना, सम्पत्ति क्षति, दुर्व्यवहार, बलात्कार वातावरण प्रदुषणका केहि उजुरीको अनुसन्धान सम्पन्न गरिएको छ । इलाम, पाँचथर, तेह्रथुम, संखुवासभा, भोजपुर लगायतका जिल्लामा विपदले पारेको प्रभावको अनुगमन कार्य गरिएको छ । इलाम, पाँचथर, संखुवासभा, भोजपुर, झापा, उदयपुर, मोरङ लगायतका कारागार कार्यालयको अनुगमन र मोरङ, सुनसरी, इलाम, झापा जिल्लामा केहि स्थानीय तहसँग नेपाल सरकारको मानव अधिकार सम्वन्धी पाँचौ राष्ट्रिय कार्य योजनाको कार्यान्वयनको अवस्थाको बारेमा छलफल गरिएको छ । अनुगमन र छलफल गरिएका विषयको बारेमा त्त निकाय/तह/कार्यालयसंग सुधारको लागि सम्बन्धीत पक्षहरुको ध्यानाकर्षण गरिएको छ । यस प्रदेशका ३ वटा

जिल्ला सुनसरी, झापा तथा इलाममा श्रमिकको अधिकारको विषयमा अन्तरक्रिया गरी श्रमिकको अवस्था उजागार गराइएको छ । सुनसरीमा कल कारखाना उद्योगमा कार्यरत श्रमिकको मानव अधिकार अवस्थाको अध्ययन गरिएको छ भने इलाम र झापामा चिया बगानमा कार्यरत श्रमिकको अधिकारको अवस्थाको बारेमा अध्ययन गरी सरोकारवालासंग अर्न्तक्रिया कार्यक्रम समेत गरिएको थियो । आयोगको कोशी प्रदेश कार्यालयबाट आकस्मिक रुपमा यस क्षेत्रमा भएका बन्द हड्ताल, अस्पतालको सेवा प्रवाहको अवस्थाका सम्वन्धको अनुगमन गरी सम्बन्धीत निकायको ध्यानाकर्षण गराइएको छ ।  प्रदेश नं १ को नामाकरण कोशी प्रदेश गरिए पश्चात सो को विरोधमा आयोजना गरिएका र्‍याली, प्रदर्शन, बन्द हडताल लगायतका कार्यक्रमको मोरङ, सुनसरी र झापा लगायतका जिल्लामा अनुगमन गरिएको थियो । आयोगले समय समयमा मानव अधिकारकर्मीहरुसँग मानव अधिकार अवस्थाबारेमा छलफल/अन्तरक्रिया गरी मानव अधिकारको संरक्षण तथा संस्कृतीको विकासका लागि कार्य गर्दै आएको छ ।

राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश कार्यालयले यस प्रदेशको मानव अधिकारको संरक्षण र सम्वर्द्धनका लागि प्रदेश सरकार, स्थानीय तह, संघीय सरकारका जिल्ला स्थित कार्यालयहरु, संघ सस्था तथा अन्तराष्ट्रिय सस्था, कानून व्यवसायी, पेशागत संघ सस्था, पत्रकार, मानव अधिकार रक्षक तथा नागरिक समाजसँग समन्वय र सहकार्य गर्दै आएको छ । यस बर्षझै आगामी बर्षहरुमा पनि मानव अधिकारको संरक्षण सम्वर्द्धन तथा मानव अधिकार सँस्कृतिको विकासको लागि हाम्रा बिचमा शसक्त रुपमा समन्वय सहकार्य र छलफल हुनै कुरामा विश्वसत हुदै यहाँहरु सबैमा धेरै धेरै धन्यवाद ।

अन्त्यमा आयोगका माननीय अध्यक्षज्यू, माननीय सदस्यज्यू, का.मू सचिवज्यू, सहसचिवज्यूको प्रेरणा र मार्गदर्शनले यो वार्षिक प्रतिवेदनले पूर्णता पाएकोमा कोशी प्रदेश कार्यालयको तर्फबाट उहाँहरुलाई बिशेष धन्यवाद । यस वार्षिक प्रतिवेदनलाई पूर्णता प्रदान गर्न सहयोग गर्नु हुने मानव अधिकार अधिकृत चिरञ्जीवी कोइराला, लेखापाल विन्दा अधिकारी तथा सहायक प्रथम खिला रेग्मीलाई विशेष धन्यवाद ।

पवन कुमार भट्ट
कार्यालय प्रमुख/उपसचिव
राष्ट्रिय मानव अधिकार आयोग
३० असार २०८०

## परिच्छेद १

१.१. पृष्ठभूमि
१.२.प्रतिवेदनको उद्देश्य
१.३.संगठनात्मक संरचना, कार्यादेश
२ प्रदेश कार्यालयबाट भएका गतिविधीहरु
२.१. प्रशासनिक कार्यहरु
२.२. आ.व.को बजेट र खर्चको विवरण
२.३. संरक्षण सम्बन्धी कार्यहरु
२.४. उजुरी र परामर्श
२.५. उजुरीको जिल्लागत तथा विषयगत विवरण

३.अनुगमन सम्बन्धी गतिविधीहरु
३.१. कारागार तथा हिरासत अनुगमन
४ अनुगमन

५.१. समन्वय र सहकार्य
५.२. मानव अधिकार सम्वर्द्धन सम्बन्धी कार्यहरु
५.३. ७४ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस अर्थात दश डिसेम्वर

५.४. २३ औ वार्षिकोत्सव तथा २४ औं स्थापना दिवस कार्यक्रम

५.६. अपांगता भएकाव्यक्तिहरुको न्यायमा पहुँचसम्वन्धी दुई दिवसिय कार्यशाला :

## परिच्छेद २

६. विषयगत ठूला महासन्धीमा आधारित मानव अधिकारको अवस्था
१.नागरिक तथा राजनीतिक अधिकार
६.२.जातीय भेदभावविरुद्धको अधिकार
६.३.अपाङ्गता भएका व्यक्तिहरूको अधिकार
६.४. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार
६.५. आप्रवासी कामदारहरूको अधिकार
६.६. बाल अधिकार
६.७..महिला अधिकार
६.८.बलपूर्वक बेपत्ता
७. सामुहिक अधिकार

## परिच्छेद ३

८. प्रदेश कार्यालयको उपलब्धि, चुनौती र समाधानका उपायहरु:
८.७. प्रदेश र स्थानीय सरकारलाई सुझाव

# परिच्छेद १

## १.१. पृष्ठभूमि

मानव अधिकार आयोग ऐन २०५३ द्वारा वि.सं. २०५७ जेठ १३ गते स्थापित राष्ट्रिय मानव अधिकार आयोग नेपालको अन्तरिम संविधान २०६३ बाट संवैधानिक हैसियत प्राप्त गऱ्यो । नेपालको संविधान २०७२ ले उक्त संवैधानिक हैसियतलाई निरन्तरता दिंदै संविधानको भाग २५ धारा २४८ र २४९ मा आयोगको गठन, काम कर्तव्य र अधिकारलाई लिपीवद्ध गरिएको छ । मानव अधिकारको सम्मान, संरक्षण तथा सम्वर्द्धन र यसको प्रभावकारी कार्यान्वयन गर्नु आयोगको मुख्य कर्तव्य रहेको छ। संविधानको धारा २९४ को उपधारा (३) बमोजिम आयोगका प्रादेशिक कार्यालयले आफुले सम्पादन गरेका कामकारवाहीको वार्षिक प्रतिवेदन प्रदेशप्रमुख समक्ष पेश गर्नसक्ने संवैधानिक व्यवस्था भएबमोजिम साथै सूचनाको हक सम्बन्धी ऐनमा सार्वजनिक निकायहरुले आफूले सम्पादित कार्यहरु आम जनता समक्ष सरल र सहज तवरले सूचना प्रवाह गर्नुपर्ने दायित्व अन्तरगत आर्थिक वर्ष २०७९/०८० मा स्वीकृत वार्षिक कार्ययोजनामा रहेको मानव अधिकार अनुगमन, अनुसन्धान एवं विभिन्न सम्वर्द्धनात्मक क्रियाकलापहरु, केन्दीय कार्यालयबाट प्राप्त निर्देशन, स्थानीय सरोकारवालाहरुबाट आयोगलाई प्राप्त सूचना, आकस्मिक तथा भैपरी आएका कार्यहरु आदिका आधारमा राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश कार्यालयबाट सम्पादित कार्यहरुलाई आधार मानी मानव अधिकार सम्बन्धी विभिन्न गतिविधिहरु समावेश गरी यो पुस्तिका तयार गरिएको हो ।

राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश कार्यालय, विराटनगर अन्तरगतका आयोगबाट तोकिएका ११ वटा जिल्लाहरु ताप्लेजुङ, पाँचथर, इलाम, संखुवासभा, तेह्रथुम, धनकुटा, भोजपुर, उदयपुर, झापा, मोरङ र सुनसरी यस कार्यालयका कार्यक्षेत्र हुन । ती जिल्लाहरुमा गरिएका मानव अधिकार अवस्था अनुगमन, मानव अधिकार उल्लंघनका उजुरी उपर अनुसन्धान, मानव अधिकार सचेतना अभिबृद्धिका लागि संचालन गरिएका तालिम, अन्तरक्रिया लगायतका गतिविधीहरु यस प्रकाशनमा समावेश गरिएको छ।

## १.२.प्रतिवेदनको उद्देश्य र सिमा :

राष्ट्रिय मानव अधिकार आयोगलाई संविधानको धारा २९४ द्वारा प्रदत्त संवैधानिक दायित्व बमोजिम आफूले गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नुपर्ने भएकोले सोही बमोजिम यस कार्यालयको गतिविधिहरु समेत समेटी आयोगको केन्द्रीय कार्यालयबाट नियमित रुपमा वार्षिक प्रतिवेदन प्रकाशन गर्दै आइरहेको छ । यस प्रतिवेदनमा आ.व. २०७९/८० मा कोशी प्रदेश कार्यालयबाट समपादित मानव अधिकार संरक्षण, मानव अधिकार संवर्द्धन सम्बन्धी गतिविधीहरुको बारेमा सरोकारवालाहरुलाई जानकारी गराउने उद्देश्य रहेको छ। प्रतिवेदनमा उल्लेखित विवरणहरु संक्षेपमा भएकोकोल कतिपय घट्ना र अवस्थाका बारेमा पूर्ण विवरण नसमेटिएको पनि हुन सक्दछ। प्रस्तुत प्रतिवेदन केवल अध्ययन र जानकारीको लागि मात्र भएकोले सरोकारावाला निकायहरुले आफूसँग सम्बन्धित विषयबस्तुहरुमा आफ्नो निकायमा आवश्यक सुधार र परिवर्तनको लागि भने यो सहायक हुन सक्नेछ।

## १.३.संगठनात्मक संरचना, कार्यादेश र कार्यक्षेत्र

२०६१ माघ २६ गतेका दिन राष्ट्रिय मानव अधिकार आयोगको क्षेत्रीय कार्यालयकोरुपमा विराटनगर कार्यालयको स्थापना भएको थियो । नेपालको संविधान २०७२ को प्रस्तावनाले नेपालाई संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्था कामय गरेकोले साथै देश संघीयतामा रुपान्तरण भएकोले आयोगको संरचनापनि संघीय व्यवस्था बमोजिम निर्माण गर्ने गरी राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा २७ बमोजिम आयोगको मिति २०७५/३/८ को बैठकको निर्णयानुसार संघीय संरचना अनुसार आयोगको संगठन संरचना तथा दरवन्दी

स्वीकृतिका लागि नेपाल सरकारलाई सिफारिस गरी पठाईसकिएको सन्दर्भमा आयोगको निर्णयानुसार सम्बन्धीत प्रदेशको नामाकरण भइसकेपछि सोही अनुसार गर्ने गरी यस कार्यालयको साइनबोर्ड र कार्यालयको पत्राचार कोशी प्रदेश कार्यालय विराटनगरको नामबाट गर्ने गराउने व्यवस्था मिलाउन निर्णयानुसार सूचित गरिएकोले सोही बमोजिम यस कार्यालयलाई राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश कार्यालय, विराटनगर नामाकरण गरिएको हो ।

नेपालको संविधान २०७२ को धारा २४९ मा आयोगको कार्यादिशबारे उल्लेख गरिएको छ । मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हुनेछ भन्ने उल्लेख गरिएको छ । आयोगले आफ्नो कार्यसम्पादन गर्दा  वा कर्तव्य पालना गर्दा देहाय बमोजिमको अधिकार प्रयोग गर्न सक्नेछ ।

- कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई जानकारी वा बयान लिने वा बकपत्र गराउने, प्रमाण बुझ्ने, दशी प्रमाण दाखिला गर्न लागाउने सम्बन्धमा अदालतलाई भएसरहको अधिकार प्रयोग गर्ने,
- मानव अधिकारको गंभिर उल्लंघन हुन लागेको वा भइसकेको सूचना आयोगले कुनै किसिमबाट प्राप्त गरेमा कुनै व्यक्ति वा निजको आवास वा कार्यालयमा विना सूचना प्रवेश गर्ने, खानतलासी लिने तथा त्यसरी  खानतलासी लिंदा मानव अधिकारको उल्लंघनसँग सम्बन्धीत लिखत, प्रमाण वा सबुत कब्जामा लिने,
- कुनै व्यक्तिको  मानव अधिकार उल्लंघन भइरहेको कुरा जानकारी भई तत्काल कारवाही गर्नुपर्ने आवश्यक दखिएमा विना सूचना सरकारी कार्यालय वा अन्य ठाउमा प्रवेश गर्ने र उद्धार गर्ने,
- मानव अधिकारको उल्लंघनबाट पीडितलाई कानून बमोजिम क्षतिपूर्ति दिन आदेश दिने,

## २ प्रदेश कार्यालयबाट भएका गतिविधीहरु :

### २.१. प्रशासनिक कार्यहरु :

यस आ.व.मा कार्यालयमा रहेका जिन्सी सामग्रीहरुको सम्वन्धमा कम्तिमा १ पटक निरीक्षण गरी प्रतिवेदन पेश गरिएको छ । यस कार्यालयमा रहेका जिन्सी सामानहरुको जीन्सी निरीक्षणको लागि समिति गठनगरी मिति २०७९/५/१२ मा जिन्सी निरीक्षण फारम (म.ले.प.फा.नं.४११) अनुसारको ढाँचामा जिन्सी निरीक्षण प्रतिवेदन तयार गरी पेश गरिएको छ ।

### २.२.यस आ.व.को बजेट र खर्चको विवरण

### आर्थिक व्यवस्थापन सम्बन्धी कार्य

राष्ट्रिय मानवअधिकार आयोग, कोशी प्रदेश कार्यालय, विराटनगरले आर्थिक कारोबारको अभिलेख राख्ने, लेखाङ्कनगर्ने र प्रतिवेदन गर्ने कार्यहरुमा सरकारी लेखानीति, लेखाविधि, लेखाका आधार र सिद्धान्तहरु अवलम्वन गरेको छ । आर्थिक प्रशासन सम्बन्धी कार्यहरुमा कार्यालय प्रमुखले अख्तियारी प्राप्त गरी स्वीकृत कार्यक्रमहरुको अधिनमा रही आर्थिक कारोबार सञ्चालन गर्ने साथै कार्यालयको सम्पूर्ण आर्थिक कारोबारको जिम्मेवारी बहन गरी कार्यालयको आर्थिक, भौतिक तथा जनशक्तिको वास्तविक स्थितिको विवरण तयार गरी प्रत्येक महिना कार्यालयका सूचना पाटीमा सार्वजनिक गरिएको छ । कार्यालयको आर्थिक कारोबार सम्बन्धी सम्पूर्ण काम मितव्ययिता,

कार्यदक्षता, प्रभावकारिता, पारदर्शिता, मिलान, स्वच्छ प्रस्तुतीकरण, उच्चजिम्मेवारी र उत्तरदायित्व जस्ता लेखाका आधारभूत सिद्धान्तहरुको पालना गरेर गरिएको छ । वैधानिकता, गहनता, सान्दर्भिकता र अतुलनीयतालाई समेत मध्यनजर गरी कार्यालयको आर्थिक कारोबार गरिएको छ । समयमै निकासा मागगर्ने, बजेट तर्जुमामा सहयोग गर्ने, निकासा भएका रकमको खर्चको हिसाबकिताब रीतपूर्वक राख्ने, खर्चको फाँटवारी तथा आर्थिक विवरण तयार गरी समयमै सम्बन्धित निकायमा पठाउने र लेखापरीक्षण गराउने कार्य आर्थिक प्रशासन शाखाबाट गरिएको छ ।

यस वर्ष नेपाल सरकारबाट राष्ट्रिय मानव अधिकार आयोगलाई प्राप्त आर्थिक वर्ष २०७९/२०८० को बजेटबाट कोशी प्रदेश कार्यालयको लागि व.उ.शि.नं. २१४०००११३ चालूतर्फ रु.१,३४,७४,०००-( एक करोड, चौतिसलाख, चौहत्तरहजार ) विनियोजन भएकोमा रु. ८६१७१०४.१८(छयासी लाखसत्रहजार एकसय चार रुपैयाँ र अठार पैंसा) निकासा तथा खर्च भएको छ त्यसै गरी व.उ.शि.नं. २१४०००११४ पुँजिगततर्फ रु. २३००००।-( दुई लाख,तीस हजार रुपैयाँ) विनियोजन भएकोमा रु.१,३४४३१.३९ ( एक लाख, चौतिस हजार, चार सय एक्तिस रुपैयाँ र उन्चालिस पैंसा) निकासा तथा खर्च भएको छ । यससम्बन्धी सम्पूर्ण विवरण देहायबमोजिम छ ।

**बजेट शीर्षक नं. र नाम : २१४०००११३ (चालु)**

| क्र.स. | खर्च शीर्षक | बिनियोजित बजेट | असार मसान्त सम्मको खर्च | खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | तलब | ८९,३०,०००।०० | ५२८६५४०।७० | |
| २ | महगीभत्ता | ४३२,०००।०० | २१४०००।०० | |
| ३ | बैठकभत्ता | ४०,०००।०० | ४०,०००।०० | |
| ४ | पोशाक | १८०,०००।०० | ९०,०००।०० | |
| ५ | पानीतथाविजुली | १९८,०००।०० | ७९३४०।६१ | |
| ६ | संचार महसूल | १८९,०००।०० | १२९९८०।७७ | |
| ७ | योगदानमा आधारीत निवृत्तभरण तथा उपदान कोष खर्च | ५१,०००।०० | २१२०५।४४ | |
| | योगदानमा आधारीत बीमा कोष खर्च | ६७०००।०० | ४१.६००।०० | |
| ८ | इन्धन(कार्यालय प्रयोजन) | २५७,०००।०० | २३३८९५।७५ | |
| ९ | मेशीनरी तथा औजार मर्मत संभार तथा संचालन खर्च | ४८०००।०० | ४३,७७५।०० | |
| १० | सवारी साधन मर्मत | २६००००।०० | २४७२८३।९९ | |
| ११ | मसलन्द तथा कार्यालय सम्बन्धी खर्च | २८५,०००।०० | २६४८४३।६८ | |
| १२ | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन | १२६०००।०० | ९१४३९।०० | |
| | करार सेवा शुल्क | ६०,०००।०० | ५९९८२।०० | |
| १३ | इन्धन अन्य प्रयोजन | २१,०००।०० | १९०००।०० | |
| १५ | कार्यक्र खर्च | ११६००००।०० | ६६९११२।५० | |
| | विविध कार्यक्रम खर्च | १००००००।०० | ९९८८८।७४ | |
| १७ | भ्रमण खर्च | १०४,०००।०० | ७१८००।०० | |
| १८ | बिबिध खर्च | १२६०००।०० | ११३७१६।०० | |

| | | | | |
|---|---|---|---|---|
| | घर भाडा | ८४०,०००।०० | ८४०,०००।०० | |
| | | | | |
| | **जम्मा** | १,३४,७४,०००।०० | ८६१७१०४।१८ | |

**बजेट शीर्षक नं. र नाम : ३१४०००११४ पूंजीगतखर्च**

| क.स. | खर्च शीर्षक | बिनियोजित बजेट | असार मसान्त सम्मको खर्च | खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | फर्निचर तथा फिक्चर्स | ६०,०००।०० | ६०,०००।०० | |
| २ | मेशिनरी औजार | १७०,०००।०० | १३४४३१।३९ | |
| | **जम्मा** | २३०,०००।०० | १३४,४३१.३९ | |

***खर्च संकेत २२५२२, खर्च शीर्षक कार्यक्रमसम्बन्धी सम्पूर्ण विवरण देहाय बमोजिम छ ।***

| **क्र. सं** | **LMBIS Code** | **कार्यक्रम** | **वार्षिक बजेट रु.** | **असार सम्मको खर्च रु.** | **बाँकी बजेट रु.** | **प्रतिशत** |
|---|---|---|---|---|---|---|
| १ | 2.7.7.1.1 | मानव अधिकार उलंघनका घटना उजुरी तथा फाइलहरुको अनुसन्धान | ६००,०००. | ३४५९२६ | २५४०७४ | ४२.९७ |
| १ | 2.7.7.1.2 | मानव अधिकार उलंघनका घटनाहरुको आकस्मिक अनुगमन | २०००००. | १५७४३.५० | ४२२५६.५० | २२.५१% |
| २ | 2.7.7.1.200 | आर्थिक सामाजिक सांस्कृतिक अधिकार सम्बन्धी अन्तरक्रिया | १,००,०००. | १००००००.०० | १०००००.०० | |
| ६ | 2.7.7 1.201 | श्रमीकको मानव अधिकार अवस्था अनुगमन | २,००,००० | १०२७४०.०० | ९७२६०.०० | .% |
| | 2.7.7.1.5 | आयोगको चौमासिक वार्षिक तथा अर्धवार्षिक योजना कार्यान्वयनको समीक्षा | ६०,०००.०० | ० | ६०,०००.०० | |
| | | **जम्मा** | ११६०,००० | ३०२८३७.०० | ५९७१६३.०० | २६.११% |

खर्च संकेत २२५२९, खर्च शीर्षक अन्यकार्यक्रम सम्बन्धी सम्पूर्ण विवरण देहाय बमोजिम छ।

| क.सं | LMBIS Code | कार्यक्रम | वार्षिक बजेट रु. | असार सम्मको खर्च रु. | बाँकी बजेट रु. | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | 2.7.27.1.2 | आयोगको स्थापना दिवस मनाउने | ५०,०००.०० | ४९,९३४.०० | ६६.०० | ९९.८७ |
| २ | 2.7.27.1.3 | अन्तर्राष्ट्रिय मानव अधिकार दिवस | ५०,०००.०० | ४९९५४.०० | ४६.०० | |
| | | जम्मा | १००००० | ९९८८८.०० | ११२.०० | ९९.८९ |

**२.३. संरक्षण सम्बन्धी कार्यहरु :**

- राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश कार्यालयको कार्यक्षेत्र अन्तरगतका तोकिएका ११ जिल्लाहरु ताप्लेजुङ, पाँचथर, इलाम, संखुवासभा, तेह्रथुम, धनकुटा, भोजपुर, उदयपुर, झापा, मोरङ र सुनसरीमा घटेका मानव अधिकार उल्लंघनका घट्नाहरुको आयोगमा प्राप्त उजुरीहरु उपर अनुसन्धान गरी कारवाही प्रक्रिया अघि वढाउने,
- मानव अधिकारसँग सम्बन्धीत विभिन्न घट्नाहरु र समग्र मानव अधिकार अवस्थाको बारेमा अनुगमन गर्ने, कारागार तथा थुनुवा केन्द्रहरुको अनुगमन गर्ने, कैदी बन्दीहरुको मानव अधिकार अवस्था तथा उक्त स्थलहरुको भौतिक पूर्वाधार लगायतको अवस्थाको बारेमा अनुगमन गर्ने,
- मानव अधिकार सूचकांकका आधारमा आर्थिक, सामाजिक, साँस्कृतिक, अधिकारसँग सम्बन्धीत उपभोक्ता अधिकार, स्वास्थ्य, शिक्षा, गास, बास, कपास आदिको अवस्थाको अनुगमन गर्ने,
- महिला, आदिवासी जनजाती, दलित, अपाङ्गता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक समुदाय, बाल अधिकारका सवालहरु साथै पछाडि पारिएका वर्ग समुदायहरुको हक अधिकारको अवस्थाको बारेमा अनुगमन गर्ने,
- नागरिक तथा राजनीतिक अधिकारसँग सम्बन्धीत विभिन्न आन्दोलन, बिरोध कार्यक्रम, यातना, गैर न्यायिक हत्या, गैरकानुनी थुना, भएको भनिएका घट्नाहरुको अनुगमन तथा अनुसन्धान गर्ने,
- मानव अधिकार उल्लंघनको घट्नाको न्यूनिकरण, पीडितको न्यायप्राप्तीलाई सहजीकरण र दोषीउपर कारवाही हुने अवस्था सिर्जनाको होस भन्ने अभिप्रायले मानव अधिकार शिक्षाको प्रचारप्रसार गरी मानव अधिकार सचेतना अभिबृद्धि साथै समाजमा मानव अधिकार संस्कृति निर्माणको लागि समय समयमा प्रदेश, जिल्ला तथा स्थानीय तहहरुमा अन्तरर्क्रिया, गोष्ठि आदि समेत संचालन गर्ने,

## २.४ उजुरी र परामर्श :

कोशी प्रदेश कार्यालयमा पीडितको मानव अधिकार उल्लंघन भएको भनि  केहि थान उजुरी दर्ता भएका छन् । यस आ.व. मा दर्ता भएका उजुरीहरु र कार्यालयमा मौजुदा पुराना उजुरीहरुको जम्मा संख्या ३५९ रहेको छ । जसमा नागरिक तथा राजनीतिक अधिकार, आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकार, महिला अधिकार, बाल अधिकार, छुवाछूत तथा भेभाव बिरुद्धको अधिकार, अपांगता भएका व्यक्तिको अधिकार, आप्रबासि कामदारको अधिकार, बेपत्ता, न्यायमा पहुँच, पेशा, व्यवसायको अधिकार, यातना, गैरकानुनी थुना, महिला हिंसा, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार लगायतका घट्नाका उजुरीहरु परेका छन् ।

## २.५. उजुरीहरुको जिल्लागत तथा विषयगत  विवरण :

| क्र. सं. | जिल्ला | ESCR | CEDAW | CRPD | ICCPR | CAT | CERD | JUS | MW | DIS | CRC | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | **ताप्लेजुङ** | ९ | ३ | ० | २० | ७ | १ | ८ | ० | ७ | २ | ५७ |
| २. | **संखुवा सभा** | ८ | ० | १ | ६ | २ | ० | २ | ० | ५ | १ | २५ |
| ३. | **तेह्रथुम** | १ | १ | १ | २ | ० | ० | ० | ० | १ | ० | ६ |
| ४. | **धनकुटा** | ३ | ० | १ | २ | ० | ० | ० | ० | २ | १ | ९ |
| ५. | **पाँचथर** | ४ | ० | २ | २ | ५ | ० | ५ | ० | ३ | २ | २३ |
| ६. | **भोजपुर** | ३ | १ | ० | ६ | २ | ० | १ | ० | ० | १ | १४ |
| ७. | **झापा** | ६ | ३ | ० | २ | ३ | ० | २ | १ | १ | ३ | २१ |
| ८. | **उदयपुर** | ४ | ० | ० | ७ |  | ० | ५ | ० | १७ | १ | ३४ |
| ९. | **.इलाम** | १४ | १ | १ | ११ | १ | ० | २ | ० | १३ | ० | ४३ |
| १० | **सुनसरी** | १४ | ३ | २ | ० | १६ | ० | ४ | ० | ५ | ० | ४४ |
| ११ | **मोरङ** | २१ | २ | १ | १२ | १७ | ० | १४ | ० | ११ | ५ | ८३ |
| **जम्मा** |  | ८७ | १४ | ९ | ७० | ५३ | १ | ४३ | १ | ६५ | १६ | ३५९ |

यस कार्यालयमा दर्ता भएका उजुरीउपर अनुसन्धान एवं अनुगमन गरी आवश्यक निर्णयार्थ आयोगको केन्द्रीय कार्यालयमा पेश गरिंदै आएको छ । मानव अधिकारको सम्मान तथा सम्वर्द्धनको लागि सम्बन्धीत निकायमा जानकारी, ध्यानाकर्षण तथा सुझावहरु पेश गर्ने समेत गरिएको छ । यसका अतिरिक्त आयोगमा दर्ता भएका उजुरीको अवस्थाबारेमा जानकारी लिन आएका पीडित र पीडित परिवारका सदस्यहरु, साथै अन्य निकायहरुबाट प्रारम्भिक कारवाहीको लागि हेरिनुपर्ने किसिमका घट्नाहरु लिएर आएका १३० जनालाई कानुनी परामर्श (

आवश्यकताअनुसार  निशुल्क कानुननी सहायता, राहत तथा पुर्नस्थापनाका) लागि सम्बन्धीत निकायसँग पहल समेत गरिंदै आएको छ । यस कार्यालयले चालु आ.व.मा ४९ उजुरीको प्रारम्भिक अनुसन्धान प्रक्रिया अगाडि वढाएको, १८ वटा फाइलको अनुसन्धान सम्पन्न भई थप कानूनी प्रक्रियाकालागि केन्द्रीय कार्यालयमा पठाईएको र बाकि पठाउने प्रक्रियामा रहेका छन ।

**२.६. आ.व. २०७९/०८० मा अनुसन्धान पश्चात केन्द्रीय कार्यालयमा पठाईएका उजुरीको विवरण :**

मितीः २०७९/१०/२० गते

| क्र.सं. | जिल्ला | पीडितको नाम, थर/ठेगाना | विषय | कैफियत |
|---|---|---|---|---|
| १. | सुनसरी | हाँसपोसा गा.वि.स. | यातना/लुटपाट | अनुसन्धान सम्पन्न |

मितीः २०७९/११/४ गते

| क्र.सं. | जिल्ला | पीडितको नाम, थर/ठेगाना | विषय | कैफियत |
|---|---|---|---|---|
| १. | संखुवासभा | चैनपुर १० संखुवासभा, हाल वि.म.न.पा. | नागरिकताबाट वन्चित | अनुसन्धान सम्पन्न |
| २. | सुनसरी | इटहरी उ.म.न.पा | अपांगता भएका व्यक्तिको अधिकार | अनुसन्धान सम्पन्न |
| ३. | सुनसरी | देवानगंज गा.पा. | निश्पक्ष छानवीन | अनुसन्धान सम्पन्न |
| ४. | सुनसरी | दुहवी न.पा. सोनापुर | धम्की, न्याय प्रशासन | अनुसन्धान सम्पन्न |
| ५. | सुनसरी | इटहरी उ.म.न.पा. | यातना | अनुसन्धान सम्पन्न |
| ६. | सुनसरी | देवानगंज गा.पा. | न्याय प्रशासन | अनुसन्धान सम्पन्न |
| ७. | सुनसरी | कप्तानगंज गा.वि.स. | यातना | अनुसन्धान सम्पन्न |
| ८. | सुनसरी | गौतमपुर गा.वि.स. | यातना | अनुसन्धान सम्पन्न |
| ९. | सुनसरी | सुनसरी | न्याय प्रशासन | अनुसन्धान सम्पन्न |
| १०. | सुनसरी | भा.सी. गा.वि.स. | स्थिती अज्ञात | अनुसन्धान सम्पन्न |
| ११. | मोरङ | सुशिला दाहाल, | कानुनको संरक्षण | अनुसन्धान सम्पन्न |
| १२. | मोरङ | साविक हाटखोला १० हाल वि.म.न.पा.वडा | माओवादीबाट लुटपाट धम्की | अनुसन्धान सम्पन्न |
| १३. | मोरङ | विराटनगर | यातना | अनुसन्धान सम्पन्न |
| १४. | मोरङ | विराटनगर १५ | न्याय प्रशासन | अनुसन्धान सम्पन्न |
| १५. | मोरङ | वि.उ.म.न.पा. | यातना | अनुसन्धान सम्पन्न |

| | | | | |
|---|---|---|---|---|
| १६. | झापा | झापा कमल गाउँ पालिका | बाल अधिकार | अनुसन्धान सम्पन्न |
| १७. | झापा | वुद्ध शान्ति गा.पा. | जीवनको अधिकार | अनुसन्धान सम्पन्न |
| १८. | झापा | दमक न.पा. | स्थिती अज्ञात | अनुसन्धान सम्पन्न |

## २.७. आ.व. २०७९/०८० मा अनुसन्धान गरिएको उजूरीको विवरण :

| **क. स.** | **जिल्ला** | **पीडितको ठेगाना** | **उजुरीको विषय** | **कैफियत** |
|---|---|---|---|---|
| १ | सुनसरी, | ईटहरी उ .न.पा. | स्वास्थ्यको अधिकार | अनुसन्धान सम्पन्न |
| २ | सुनसरी | कोशी गा.पा ८ भन्टावारी | महिला हिंसा | अनुसन्धान सम्पन्न |
| ३ | सुनसरी | गढी गा.पा. २ औरावनि | स्वास्थ्यको अधिकार | अनुसन्धान सम्पन्न |
| ४ | सुनसरी | हरीनगरा गा.पा. ३ गौतमपुर | न्याय प्रशासन | अनुसन्धान सम्पन्न |
| ५ | सुनसरी | दुहवि न.पा. वडा नं. ७ भलुवा | न्याय प्रशासन | अनुसन्धान सम्पन्न |
| ६ | सुनसरी | ईटरी उ. न.पा . | न्याय प्रशासन | अनुसन्धान सम्पन्न |
| ७ | झापा | बिर्तामोडका न.पा. का स्थानीय बासीन्दाहरु | वातावरणको अधिकार | अनुसन्धान |
| ८ | मोरङ, | सुन्दरहरैचा न.पा. | न्याय प्रशासन | अनुसन्धान सम्पन्न |
| ९ | मोरङ | जहदा गा.पा.पोखरिया | न्याय प्रशासन | अनुसन्धान सम्पन्न |
| १० | मोरङ | विरटनगर मा.न. पा. १५ रानी | यातना | अनुसन्धान सम्पन्न |
| ११ | मोरङ | विराटनगर मा.न. पा. १७ | यातना | अनुसन्धान सम्पन्न |
| १२ | मोरङ | पथरी शनिश्चरे | आवासको अधिकार | अनुसन्धान सम्पन्न |
| १३ | मोरङ | सर्बसाधारणको उपभोक्ताहरु | स्वास्थ्य/ खाद्य अधिकार | अनुसन्धान सम्पन्न |
| १४ | सुनसरी, सप्तरी | कंचनरुप न.पा १० बदगामा | यातना | अनुसन्धान सम्पन्न |
| १५ | सुनसरी | इटहरी ४ सुनसरी | यातना | अनुसन्धान सम्पन्न |
| १६ | झापा | अर्जुनधारा नगरपालिका वडा नं. | न्याय प्रशासन | अनुसन्धान सम्पन्न |

| | | | | |
|---|---|---|---|---|
| | | ६ | | |
| १७ | मोरङ | जहदा गाउँपालिका १ | न्याम प्रशासन | अनुसन्धान सम्पन्न |
| १८ | झापा | बिर्तामोड न. पा.२ लालमाटि | यातना | अनुसन्धान सम्पन्न |
| १९ | मोरङ | पोखरीया | न्याय प्रशासन | अनुसन्धान सम्पन्न |
| २० | मोरङ, नुवाकोट | वेलकोट गा.पा. १२ नुवाकोट | न्याय प्रशासन | अनुसन्धान सम्पन्न |
| २१ | मोरङ | खाद्य अधिकार बेलवारी न.पा. | स्वास्थ्यको अधिकार | अनुसन्धान सम्पन्न |
| २२ | मोरङ | कटहरी गाउँपालिक | सम्पतिको अधिकार | अनुसन्धान सम्पन्न |
| २३ | सुनसरी | सिमरीया १ डुम्रहा | न्याय प्रशासन | अनुसन्धान सम्पन्न |
| २४ | मोरङ | कोशी अस्पतलमा उपचार गर्न आएका विरामिहरु | न्याय प्रशासन | अनुसन्धान सम्पन्न |
| २५ | सुनसरी | इटहरी २ सुनसरी , | वाल अधिकार | अनुसन्धान सम्पन्न |
| २६ | मोरङ | उर्लावारी ३ मोरङ | वाल अधिकार | अनुसन्धान सम्पन्न |
| २७ | मोरङ | रानी विराटनगर १५ | अपांगताको अधिकार | अनुसन्धान सम्पन्न |
| २८ | मोरङ | मिक्लाजुङ गाउँपालिका ६ | न्याय प्रशासन | अनुसन्धान सम्पन्न |
| २९ | सुनसरी | इटहरी न. पा.४ | यातना | अनुसन्धान सम्पन्न |
| ३० | मोरङ | पथरी मोरङ | महिला हिंसा | सोधपुछ तथा पत्रचार गरेको |
| ३१ | मोरङ | निर्वाचनमा खटिएका महिला सुरक्षाकर्मी | दुर्व्यवहार | अनुसन्धान सम्पन्न |
| ३२ | मोरङ | सर्बसाधारणको खाद्य अधिकार | स्वास्थ्यको अधिकार | अनुसन्धान सम्पन्न |
| ३३ | मोरङ | कटहरी गाउँपालिका बासिन्दाहरु | सम्पतिको अधिकार | अनुसन्धान सम्पन्न |
| ३४ | सुनसरी | इटहरी उपमहा न.पा ९ | यातना | अनुसन्धान सम्पन्न |
| ३५ | सुनसरी | इटहरी उपमहा न.पा १३ | न्याय प्रशासन | अनुसन्धान सम्पन्न |
| ३६ | सुनसरी | हरीनगरा गा.पा. ३, गौतमपुर | यातना | अनुसन्धान सम्पन्न |
| ३७ | सुनसरी | देवानगंज गा.पा ३ कप्तानगज | न्याय प्रशासन | अनुसन्धान सम्पन्न |

| | | | | |
|---|---|---|---|---|
| ३८ | मोरङ | जहदा गा.पा. ३ | महिला अधिकार | अनुसन्धान सम्पन्न |
| ३९ | मोरङ | रंगेली नगरपालिका २ बबियाबिर्ता | न्याय पहुँच | अनुसन्धान सम्पन्न |
| ४० | मोरङ | कानेपोखरी गा.पा. ३ | यातना | अनुसन्धान सम्पन्न |
| ४१ | मोरङ | सुनवर्सी नगरपालिका , ५ | अपांगता भएका व्यक्तिको अधिकार | अनुसन्धान सम्पन्न |
| ४२ | मोरङ | ग्रामथान गा.पा. ३ सिद्रहा | स्वास्थ्यको अधिकार | अनुसन्धान |
| ४३ | सुनसरी | देवानगंज गा.पा ४ | यातना | अनुसन्धान सम्पन्न |
| ४४ | सुनसरी | इटहरी, न.पा. ५ | यातना | अनुसन्धान सम्पन्न |
| ४५ | संखुवास भा, हाल सुनसरी | धरान उ.मा.न.पा. ९ | न्याय प्रशासन | अनुसन्धान सम्पन्न |
| ४६ | सुनसरी | इटहरी न.पा. ५ | बाल अधिकार | अनुसन्धान सम्पन्न |
| ४७ | सुनसरी र मोरङ | धरान, इटहरी | न्याय प्रशासन | अनुसन्धान सम्पन्न |
| ४८ | मोरङ | हसन्द, पथरी शनिश्चरे न.पा. | न्यायमा पहुँच | अनुसन्धान सम्पन्न |
| ४९ | मोरङ | कटहरी न.पा. २ | यातना | अनुसन्धान सम्पन्न |
| ५० | सुनसरी | क्षति, नेकापा मओबादि, सुनसरी | न्याय प्रशासन | अनुसन्धान सम्पन्न |

**३. अनुगमन सम्बन्धी गतिविधीहरुः**

आयोगको स्वीकृत वार्षिक कार्ययोजनामा तोकिएका अनुगमन सम्बन्धी गतिविधीलाई मानव अधिकार सम्बन्धी विषयगत अनुगमन र आकस्मिक अनुगमन गरी दुई भागमा विभाजन गरी प्रस्तुत गरिएको छ । विषयगत अनुगमन अन्तरगत कारागार तथा हिरासत अनुगमन, आर्थिक, सामाजिक, साँस्कृतिक अधिकार अनुगमन, महिला हिंसा विरुद्ध अनुगमन, रहेका छन् भने विभिन्न समयमा भएका मानव अधिकार हनन् हुन सक्ने अवस्था, बन्द हड्ताल चक्काजाम लगायतका आकस्मिकरुपमा आइपर्ने अवस्थाहरुको अनुगमन पनि गरिएको थियो । यस कार्यालयको कार्यक्षेत्र अन्तरगतका जिल्लाहरुमा मानव अधिकार अवस्था एवं आकस्मिक अनुगमन, उजुरीउपर अनुसन्धान तथा सम्वर्द्धनात्मक कार्यक्रमहरु संचालन गर्ने गरी कुनै न कुनै तवरले आयोगले सरोकारवालाहरु माझ आफ्नो उपस्थिति देखाउँदै आएको छ ।

### ३.१. कारागार तथा हिरासत अनुगमन :

राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश कार्यालयले यस प्रदेशका केहि जिल्लामा कारागार कार्यालयको अवस्था, भौतिक संरचना, कैदीबन्दीको मानव अधिकारको अवस्थाको बारेमा अनुगमन कार्य सम्पन्न गरेको छ । कानुनले गर्नु भनेको कार्य नगर्नु र नगर्नु भनेको कार्य गर्नु अपराध हो । कानुनतः कैदीबन्दी पनि कसुर अनुसारको सजायका भागिदार हुन्छन । यस अवस्थामा उनीहरुलाई अधिकार प्राप्त गर्ने सेवा सुबिधाबाट बंन्चित गर्नु पाईदैन । कैदीबन्दी थुनुवा वा आरोपित भएकै आधारमा उनीहरु माथि स्वैच्छाचारी व्यवहार गरिनु मानव अधिकारको मूल्य र मान्यता विपरितको कार्य हो । संयुक्त राष्ट्रसंघको महासभाको थुनुवा प्रति गरिनु पर्ने व्यवहारका आधारभुत सिद्धान्तहरु १९९० मा यस सम्वन्धी व्यवस्था गरिएको छ । हरेक कारागारका कैदीबन्दीलाई मानव अधिकारको मूल्य र मान्यता अनुसार व्यवहार गरिनु पर्दछ । लिंग जात जाति भाषा धर्म राजनीतिक वा अन्य बिचार राष्ट्रिय वा समाजिक उत्पत्तिको आधारमा भेदभाव गरिनु हुदैन । उनीहरुको धार्मिक आस्था र सँस्कृतिको सम्मान गरिनु पर्दछ । मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८ ले यातना बिरुद्धको हक सुनिश्चित गरिएको छ । कुनैपनि व्यक्तिलाई शारीरिक यातना नदिईने अमानविय र अपमानजनक व्यवहार नगरिने समेत उल्लेख छ । नेपालको संविधानले मौलिक हकमानै स्वतन्त्रता समानता, न्याय सम्वन्धी र यातना बिरुद्धको हकको प्रत्याभुति गरिएको छ । आयोगले कैदीबन्दीको अवस्थाका सम्वन्धमा अनुगमन गर्दे आई रहेको छ । अनुगमनबाट भौतिक संरचना अलि पुराना र जिर्ण रहेको पाईएको छ । यस प्रदेशका कारागार कार्यालयहरुमा क्षमता भन्दा बढी कैदीबन्दी राखिएका छन । उदयपुर जिल्ला कारागार कार्यालयमा शौचालय जाँदा लाईन बस्नु पर्ने अवस्था रहेको कुरा कैदिबन्दीले बताएका छन । प्राय : कारागारमा सुत्ने ठाउ अतिनै साघुरा छन । कैदीबन्दी बिमारीहुदा उपचारको प्रबन्ध नहुने गरेको । सरसफाई तथा खानेपानीको अभाव रहेको, कैदीबन्दी, अपांगता भएका जेष्ठ नागरिक आदिलाई छुट्टाछुट्टै राख्ने कानुनी व्यवस्था भएपनि सो को कार्यान्वयन हुन सकेको छैन । केहि कारागार कार्यालय भित्र चौकिदार, नाईके सहनाईके लगायत आन्तरिक प्रशासनले अनावश्यक दुख दिने गरेको गुनासा पनि अनुगमनका क्रममा प्राप्त भएका छन । धेरै जसो कारागार कार्यालयका घरहरु पुराना र बस्न उपयुक्त नभएपनि नेपाल सरकारले त्यस्को बिकल्प खोज्न सकेको छैन । भोजपुर कारागार कार्यालयको अवस्था एकदमै कमजोर र कहालि लाग्दो छ ।

### ३.२. जिल्ला कारागार कार्यालय, उदयपुर

२०३९ सालमा निर्माण भएको उदयपुर कारागार कार्यालय १३ कठ्ठा क्षेत्रफलमा फैलिएको छ । सई को कमाण्डमा १८ जना सुरक्षाकर्मी र अधिकृत्वको नेतृत्वमा ९ जना कर्मचारीले कारागार प्रशासन चलाई रहेको अवस्था छ ।

**कारागार कार्यालयको क्षमता :**

| पूरुष तर्फ | हाल भएको | महिला तर्फ | हाल भएको | **अनुगमन मिति** |
|---|---|---|---|---|
| ८० जना | २४५ जना | २० जना | १३ जना (६ महिनाको आश्रित नावालक १ जना) | २९ चैत्र २०७९ |

**कैदी बन्दीको व्यवस्थापन :**

उदयपुर कारागारमा जेष्ठ नागरिक, अपांगता भएका लगायतका कैदीवन्दीहरुलाई सबैलाई एउटै समुहमा राखिएको पाईयो ।

**धार्मिक, पुजा पाठ :**

कारागारमा सबैले आ आफनो धर्म सस्कृतिको अवलम्वन गर्न पाएको भन्ने भनाई कैदी बन्दीको रहेको पाइयो ।

**स्वास्थ्य उपचार :**

कैदीबन्दीलाई स्वास्थ्य उपचारमा कुनै समस्या नरहेको, कारागार प्रशासनले उपचारका लागि बाहिर जानुपर्ने भएकालाई पठाइदिने गरेको भन्ने कैदीबन्दीको भनाई रहेको ।

**मनोरन्जन तथा खेल सामग्री :**

क्यारम्वोर्ड, चेस, लुडो लगायतका खेल सामग्रीको व्यवस्था रहेको अन्य खेलको लागि पर्याप्त मात्रामा खेल खेल्ने ठाउँको अभाव रहेको भन्ने कैदी बन्दीको भनाई ।

**सीपमुलक तालिम :**

यस बर्ष तालिम प्रदान गर्न नसकेपनि बिगतका बर्षमा मुडा बनाउने तथा सिलाई कटाईको तालिम दिएको भन्ने भनाई कैदीबन्दीको भनाई रहेको । अहिले पनि कतिपय कैदीबन्दीले मुडा कुर्चि बनाउने कार्य गरिरहेको र उत्पादित सामग्रीको बिक्रिबितरणमा कुनै समस्या नरहेको भनि बताएका थिए ।

**सरसफाई, खानेपानी तथा शौचालय :**

पूरुष कारागारको वाहिर शौचको लागि ५ वटा प्यान र ४ वटा शौचालय रहेको पाईयो । कैदीबन्दीको भनाई अनुसार बिहान बेलुकाको समयमा शौचालय जानको लागि करिब १ घण्टा लाईन कुर्नुपर्ने वाध्यता रहेको र शौचालयमा पानीको एकदमै अभाव रहेको भन्ने कैदीबन्दीको भनाई रहेको ।

**पसल संचालन सम्वन्धमा :**

पूरुष कारागार भित्र किराना पसल रहेको जसमा विस्कुट, चाउचाउ, फुटी, नुहाउने तथा लुगाधुने सावुन, सर्फ लगायतका दैनिक उपभोग्य सर सामानहरु मुल्यसुचि समेत राखेको पाईयो ।

**भेटघाटको समय :**

कैदीबन्दीका आफन्तलाई शनिवार देखि वाहेक हप्ताको ६ दिन कार्यालय समय अवधीभर भेटघाट गर्न दिने व्यवस्था कारागार प्रशासनले मिलाएको र टाढाबाट भेटन आउने कैदीबन्दीका आफन्तलाई अलि बढि समय दिने गरेको भन्ने कैदी बन्दीको भनाई रहेको पाईयो ।

**सूचना तथा संचार :**

दैनिक दुईवटा स्थानीय र राष्ट्रिय स्तरको कान्तिपुर गरी जम्मा तीनवटा पत्रिका आउने गरेको, कारागार कार्यालयमा ४ वटा टेलिफोन सेट मार्फत कैदीवन्दीलाई आफन्तसँग कुरा गर्न पाउने व्यवस्था मिलाएको पाईयो भने ४२" को १ वटा, ३२" १ वटा २४" को ५ वटा र १४" को १ वटा गरी जम्मा ८ वटा टेलिभिजन पूरुष कारागारमा छन भने महिला कारागारमा १ वटा २४" टेलीभिजन रहेको पाईयो ।

**कारागार कार्यालय उदयपुरमा रहेको समस्या :**

- कारागार कार्यालय उदयपुरमा पानी र शौचालयको समस्या रहको पाईयो ।
- कैदीबन्दीलाई मानव अधिकार तथा सीपमुलक तालिम दिएको पाइएन ।

### ३.३ जिल्ला कारागार कार्यालय झापा

**कारागार कार्यालयको स्थापना :**

२०२० सालमा निर्माण भएको झापा कारागार कार्यालय २ बिगा २ कठ्ठा १८ धुर क्षेत्रफलमा फैलिएको छ । कारागार कार्यालयमा अधिकृत सहित १२ जना र सुरक्षा तर्फ सईको कमाण्डमा ३० जना सुरक्षाकर्मी रहेको पाईयो।

**झापा कारागार कार्यालयको क्षमता :**

| पूरुष तर्फ | हाल भएको | महिला तर्फ | हाल भएको | अनुगमन मिति |
|---|---|---|---|---|
| ६५० जना | १४३२ जना | ५० जना | ८३ जना (१८ महिनाको आश्रित नावालक १ जना) | १३ असार २०८० |

**कैदी बन्दीको व्यवस्थापन :**

कानूनले अपांगता, जेष्ठता, स्वास्थ्यको अवस्था हेरी कैदीबन्दीलाई छुट्टा छुट्टैरुपमा राख्ने भनिए पनि झापा कारागारमा सबैलाई एउटै ठाउमा राखिएको पाईयो ।

**धार्मिक, पूजा पाठ :**

कारागारमा सबैले आ आफनो धर्म सस्कृति अवलम्बन गर्न पाएको । कारागार कार्यालयको परिसरमा बुद्धको मुर्ति, मन्दिर र चर्च समेत रहेको पाईयो भने महिला कारागार तर्फ पनि मन्दिर रहेको पाईयो ।

**स्वास्थ्य उपचार :**

कैदीबन्दीलाई स्वास्थ्य उपचारमा कुनै समस्या नरहेको, कारागार प्रशासनले उपचारका लागि बाहिर जानुपर्ने भएकालाई पठाइदिने गरेको । सरकारी मेची अस्पतालमा उपचार कारागारले गराईदिने र प्राईभेट अस्पतालमा उपचार गरेमा स्वयं कैदीबन्दीलेनै तिर्नु पर्ने व्यवस्था रहेको पाईयो ।

**मनोरन्जन तथा खेल सामग्री :**

क्यारमवोर्ड, चेस, लुडो, फुटवल, भलिबल, टेबुलटेनिस, ब्याटमेन्टिन, जिम लगायतका खेल सामग्रीको व्यवस्था रहेको पाइयो । कोशी प्रदेशका अन्य कारागार भन्दा यहा खेलकुद सामग्रीको राम्रो व्यवस्था गरेको पाईयो ।

**सीपमुलक तालिम :**

यस बर्ष तालिम प्रदान गर्न नसकेपनि बिगतका बर्षमा मुडा बनाउने, सिलाई कटाईको तालिम दिएको पाईयो । अहिले पनि कतिपय कैदीबन्दीले मुडा कुर्चि बनाउने काम गरेको र बिक्रिबितरणमा कुनै समस्या नरहेको भन्ने कैदीबन्दीको भनाई रहेको पाइयो ।

**सरसफाई, खानेपानी तथा शौचालय :**

कारागार कार्यालयमा शौचालय तथा पानीको व्यवस्था गरिएको । शौचालयबाट निस्केको ढलको उचित व्यवस्थापन नहुदा स्थानीयले बिरोध गरेपछि यसपटक सो को सामाधानको लागि पहल भईरहेको भन्ने प्रशासनको भनाई रहेको पाईयो ।

**पसल संचालन सम्वन्धमा :**

पूरुष कारागार भित्र किराना पसल संचालनमा रहेको जसमा विस्कुट, चाउचाउ, फुटी, नुहाउने तथा लुगाधुने सावुन, सर्फ लगायतका दैनिक उपभोग्य सर सामानहरु मुल्यसुचि समेत राखेको पाईयो । कारागार भित्र र बाह्य पसलको मूल्यमा खासै भिन्नता रहेको पाईएन ।

**भान्सा संचालन :**

पुरुष कारागारमा  ठाउ ठाउमा मेसको व्यवस्था गरेको, बेलुका ४ : ३० बजेनै खानाखानेहरुको लामो लाईन लागेको पाईयो भने महिला कारागारमा एकै ठाउँमा मेस संचालनमा रहेको र कसैले छुटै पकाएर खान चाहेमा सो

को पनि व्यवस्था गरेको पाईयो । महिला कारागार तर्फको मेसमा रु हजारमा महिना भरी खाना खाने व्यवस्था रहेको भन्ने कैदीबन्दीको भनाई रहेको पाइयो ।

**भेटघाटको समय :**

कैदीबन्दीका आफन्तलाई शनिवार देखि वाहेक हप्ताको ६ दिननै १० बजे देखि ४ बजे सम्म भेटघाट गर्न दिने व्यवस्था कारागार प्रशासनले मिलाएको र टाढाबाट भेटन आउने कैदीबन्दीका आफन्तलाई अलि बढि समय दिने गरेको भन्ने कैदीबन्दीको भनाई ।

**सूचना तथा संचार :**

स्थानीय र राष्ट्रिय स्तरको  दैनिक कान्तिपुर लगायतका पत्र पत्रिका आउने गरेको, पूरुष कारागार तर्फ प्राय कोठामा टेलिभिजन  रहेको, महिला तर्फ २ वटा टेलिफोन सेट रहेको र स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका आउने गरेको र महिला कारागारमा तीन वटा टेलीभिजन रहेको पाईयो ।

**कारागार कार्यालय झापामा रहेको समस्या :**

- कारागार कार्यालय झापामा भवन पुरानो रहेको ।
- कारागार कार्यालयको जग्गा प्रयाप्त रहेको वाल सारेर खेल्ने ठाउ ठुलो बनाईदिन कैदीबन्दीले माग गरेतापनि सरोकारवालाबाट सम्वोधन हुन नसकेको ।
- कैदीबन्दीको फैसल्ला अदालतबाट समयमै हुन नसक्दा एक बर्ष बस्नु पर्नेले चार चार बर्ष कारागारमा बस्नु परेको।
- कैदीबन्दीलाई मानव अधिकार तथा सीपमुलक तालिमको अभाव रहेको ।

## ३.४. जिल्ला कारागार कार्यालय इलाम

**कारागार कार्यालयको स्थापना :**

२०६९ सालमा निर्माण भएको इलाम कारागार कार्यालय को नाममा तीन रोपनी एक आना एक पैशा एक दाम, एक रोपनी नौ आना एक पैशा दुई दाम, चौध रोपनी चौध आना जिरो पैशा एक दाम  क्षेत्रफल को जग्गा रहेको छ । कारागार प्रशासकको नेतृत्वमा अहेव सहित ९ जना कर्मचारी कार्यरत रहेको र २ जना कर्मचारीको दरवन्दी खालि रहेको । सुरक्षातर्फ सईको कमाण्डमा दुई जना महिला समेत १८ जना सुरक्षाकर्मी रहेको ।

**कारागार कार्यालयको क्षमता :**

| पूरुष तर्फ | हाल भएको | महिला तर्फ | हाल भएको | अनुगमन मिति |
|---|---|---|---|---|
| १०० जना | २४६ जना | २० जना | १५ जना | १४ असार २०८० |

**कैदीबन्दीको व्यवस्थापन :**

इलाम कारागारमा कैदीवन्दीहरुलाई जेष्ठ नागरिक, अपांगता भएका लगायतका सबैलाई एउटै समुहमा राखिएको पाईयो ।

**धार्मिक, पूजा पाठ :**

कारागारमा सबैले आ आफनो धर्म सँस्कृति अनुसार पूजा पाठ गर्ने वातावरण रहेको भन्ने कैदीबन्दीको भनाई ।

**स्वास्थ्य उपचार :**

कैदीबन्दीलाई स्वास्थ्य उपचारमा कुनै समस्या नरहेको, कारागार प्रशासनले उपचारका लागि बाहिर जानुपर्ने भएकालाई पठाइदिने गरेको । सरकारी अस्पतालमा उपचार कारागारले गराईदिने र प्राईभेट अस्पतालमा उपचार गरेमा स्वयं कैदीबन्दीले खर्च तिर्नु पर्ने अवस्था रहेको भन्ने प्रशासनको भनाई ।

**मनोरन्जन तथा खेल सामग्री :**

क्यारम्वोर्ड, चेस, लुडो, फुटवल, भलिबल, ब्याटमेन्टिन, जिम, लगायतका खेल सामग्रीको व्यवस्था रहेको

**सीपमुलक तालिम :**

यस बर्ष तालिम प्रदान गर्न नसकेपनि बिगतका बर्षमा मुडा बनाउने, सिलाई कटाईको तालिम दिएको पाईयो । अहिले पनि कतिपय कैदीबन्दीले मुडा कुर्चि लगायतका समान बनाउने कार्य गरेको र बिक्रिबितरणमा कुनै समस्या नरहेको भन्ने भनाई ।

**सरसफाई खानेपानी तथा शौचालय :**

कारागार कार्यालयमा पानीको ठूलो समस्या रहेको पाईयो ।

**पसल संचालन सम्वन्धमा :**

पूरुष कारागार भित्र किराना पसल रहेको जसमा विस्कुट, चाउचाउ, फुटी, नुहाउने तथा लुगाधुने सावुन, सर्फ लगायतका दैनिक उपभोग्य सर सामानहरु मुल्यसुचि सहित राखेको पाईयो । कारागार भित्र र बाह्य पसलको मूल्यमा खासै भिन्नता रहेको पाईएन ।

**भान्सा संचालन :**

पुरुष कारागारमा  दुई वटा मेस रहेको पाईयो भने महिला कारागारमा एउटा मेसमा ७ जना र बाकि ८ जनाले आ आफ्नै तरिकाले खाना पकाएर खाने गरेको भन्ने कैदीबन्दीको भनाई ।

**भेटघाटको समय :**

कैदीबन्दीका आफन्तलाई शनिवार देखि वाहेक हप्ताको ६ दिननै १० बजे देखि ४ बजे सम्म भेटघाट गर्न दिने व्यवस्था कारागार प्रशासनले मिलाएको र टाढाबाट भेटन आउने कैदीबन्दीका आफन्तलाई अवस्था हेरेर समय दिने गरेको भन्ने भनाई रहेको ।

**सूचना तथा संचार :**

स्थानीय र राष्ट्रिय स्तरको दैनिक कान्तिपुर लगायतका पत्र पत्रिका आउने गरेको, पुरुषतर्फ प्राय कोठामा टेलिभिजन  रहेको, महिला तर्फ २ वटा टेलीभिजन मात्र रहेको पाईयो ।

**कारागार कार्यालय इलाममा रहेको समस्या :**

- कारागार कार्यालय इलाममा पानीको समस्या रहको पाईयो ।
- कैदीबन्दीको फैसल्ला अदालतबाट समयमै हुन नसकेको भन्ने कैदीबन्दीको गुनासो रहेको ।
- खेल सामग्री प्रयाप्त नभएको ।
- कैदीबन्दीलाई मानव अधिकार तथा सीपमुलक तालिमको अभाव ।

## ३.५. कारागार कार्यालय पाँचथर

**कारागार कार्यालयको स्थापना :**

२०३० सालमा पाँचथर कारागार कार्यालयको निर्माण भएको हो । यो कारागार कार्यालय १० रोपनि क्षेत्रफलमा फैलिएको छ । हाल नयाँ भवन निर्माण भैरहेको छ । कारागार प्रशासन तर्फ नायव सुब्बा सहित ८ जना र सुरक्षातर्फ प्रसनीको नेतृत्वमा १७ जना रहेको ।

**कारागार कार्यालयको क्षमता :**

| पूरुष तर्फ | हाल भएको | महिला तर्फ | हाल भएको | अनुगमन मिति |
|---|---|---|---|---|
| २५ जना | १३१ जना | ५ जना | १ जना (१६ महिनाको आश्रित नावालक १ जना) | १५ असार २०८० |

**कैदीबन्दीको व्यवस्थापन :**

पाँचथर कारागारमा कैदीवन्दीहरुलाई जेष्ठ नागरिक, अपांगता भएका लगायतका सबैलाई एउटै समुहमा राखिएको पाईयो ।

**स्वास्थ्य उपचार :**

कैदीबन्दीलाई स्वास्थ्य उपचारमा कुनै समस्या नरहेको, कारागार प्रशासनले उपचारका लागि बाहिर जानुपर्ने भएकालाई पठाइदिने गरेको भन्ने कैदीबन्दीको भनाई ।

**मनोरन्जन तथा खेल सामग्री :**

क्यारम्वोर्ड तीन थान, चेस, लुडो, भलिबल, ब्याटमेन्टिन लगायतका खेल सामग्रीको व्यवस्था रहेको

**सीपमुलक तालिम :**

यस बर्ष सीपमुलक तालिम प्रदान गर्न नसकेपनि बिगतका बर्षमा मुडा बनाउने, सिलाई कटाईको तालिम दिएको पाइयो । अहिले पनि कतिपय कैदीबन्दीले बासको मुडा कुर्चि, डाईनिङ टेबुल बनाउने गरेको, कारागार कार्यालयले सीपमुलक तालिम २०७४ मा दिएपनि प्रमाण पत्र नदिएको गुनासो कैदीबन्दीले गरेका थिए ।

**सरसफाई, खानेपानी तथा शौचालय :**

कारागार कार्यालयमा पानीको समस्या रहेको । पूरुष तर्फ तीन वटा र महिला तर्फ एउटा शौचालय मात्र रहेको । सरसफाईको अवस्था सन्तोषजनक नरहेको ।

**पसल संचालन सम्वन्धमा :**

पूरुष कारागार भित्र किराना पसल रहेको जसमा विस्कुट, चाउचाउ, फुटी, नुहाउने तथा लुगाधुने सावुन, सर्फ लगायतका दैनिक उपभोग्य सर सामानहरु राखेको पाईयो । कारागार भित्र र बाह्य पसलको मूल्यमा खासै भिन्नता रहेको पाईएन ।

**भान्सा संचालन :**

पुरुष कारागारमा ठूलो मेस एक ठाउमा र साना साना मेस तीन ठाउमा गरी चार ठाउमा मेस को व्यवस्था गरेको पाईयो । महिला कारागार तर्फको दुईवटा मेसमा १० जनाले खाना खाने व्यवस्था रहेको ।

**भेटघाटको समय :**

कैदी बन्दीका आफन्तलाई शनिवार देखि वाहेक हप्ताको ६ दिननै १० बजे देखि ४ बजे सम्म र शुक्रबार १० बजे देखि ३ बजे सम्म भेटघाट गर्न दिने व्यवस्था कारागार प्रशासनले मिलाएको र टाढाबाट भेटन आउने कैदीबन्दीका आफन्तलाई सोहि अनुसार समय दिने गरेको भन्ने कैदीबन्दीको भनाई रहेको पाईयो ।

**सूचना तथा संचार :**

राष्ट्रिय स्तरको दैनिक कान्तिपुर लगायतका पत्र पत्रिका आउने गरेको, पुरुषतर्फ प्राय कोठामा टेलिभिजन रहेको, महिला तर्फ २ वटा टेलिभिजन रहेको र फोन सेट २ वटा रहेको पाईयो ।

**कारागार कार्यालय पाँचथरमा रहेको समस्या :**

- कारागार कार्यालय पाँचथर एकदमै साघुरो र पानीपरेको बेला हिलाम्य हुने समस्या रहेको ।
- आयोगको कुनै पनि प्रकाशन हाल सम्म पनि कारागार कार्यालय पाँचथरमा नपुगेको कैदीबन्दीको गुनासो रहेको ।
- कैदी बन्दीको फैसल्ला अदालतबाट समयमै हुन नसक्दा एक बर्ष बस्नु पर्नेले पाँच पाँच बर्ष कारागारमा बस्नु परेको ।
- कैदीबन्दीलाई मानव अधिकार तथा सीपमुलक तालिमको अभाव ।

**३.६. कारागार कार्यालय संखुवासभा**

**कारागार कार्यालयको स्थापना :**

२०२१ सालमा निर्माण भएको शंखुवासभा कारागार कार्यालय ५ रोपनी क्षेत्रफलमा फैलिएको छ । कारागार प्रशासक नायव सुब्बाको नेतृत्वमा अहेव सहित ९ जना कर्मचारी कार्यरत रहेका छ भने सुरक्षा तर्फ असईको कमाण्डमा २० जना रहेको ।

**कारागार कार्यालयको क्षमता :**

| पूरुष तर्फ | हाल भएको | महिला तर्फ | हाल भएको | अनुगमन मिति |
|---|---|---|---|---|
| ५० जना | १३३ जना | ५ जना | ८ जना (आश्रित १ जना) | १७ असार २०८० |

**कैदीबन्दीको व्यवस्थापन :**

संखुवासभा कारागारमा कैदीवन्दी, जेष्ठ नागरिक, अपांगता भएका, मानसिक रोगी, अन्य विमारी भएका लगायत सबैलाई एउटै समुहमा राखिएको ।

**धार्मिक, पूजा पाठ :**

कारागारमा कैदीबन्दीले पूजा गर्नेहरुले आ-आफ्नो धर्म सस्कृति अनुसार पूजा पाठ गर्न पाईरहेको भन्ने कैदीबन्दीको भनाई ।

**स्वास्थ्य उपचार :**

कैदीबन्दीलाई सामान्य स्वास्थ्य उपचारमा कुनै समस्या नरहेको, कारागार प्रशासनले उपचारका लागि बाहिर जानुपर्ने भएकालाई पठाइदिने गरेको । तर प्यारालाईसिसका बिमारी डम्मरको अवस्था कमजोर र दयनिय रहेको र निजले जत्रतत्र दिसा पिसाव गर्दा वातावरण दुर्गन्धित भई अन्य कैदीबन्दीले समेत समस्या भोग्नु परेको ।

**मनोरन्जन तथा खेल सामग्री :**

क्यारम्वोर्ड, चेस, लुडो, भलिबल, ब्याटमेन्टिन, लगायतका खेल सामग्रीको व्यवस्था रहेको ।

**सीपमुलक तालिम :**

यस बर्ष तालिम प्रदान गर्न नसकेपनि बिगतका बर्षमा मुडा बनाउने, सिलाई कटाइ तथा टोपी बनाउने तालिम दिएको पाईयो । अहिले पनि कतिपय कैदीबन्दीले मुडा बनाउने गरेको तर बास ल्याउन समस्या रहेको, कैदीबन्दीले बनाएको टोपीले उचित्त बजार नपाएको भन्ने गुनासो कैदीबन्दीको रहेको ।

**सरसफाई, खानेपानी तथा शौचालय :**

कारागार कार्यालयमा खाने पानीको निक्कै समस्या रहेको भन्ने भनाई कैदीबन्दीको रहेको पाईयो ।

**पसल संचालन सम्वन्धमा :**

पूरुष कारागार भित्र किराना पसल रहेको जसमा विस्कुट, चाउचाउ, फुटी, नुहाउने तथा लुगाधुने सावुन, सर्फ लगायतका दैनिक उपभोग्य सर सामानहरु मूल्यसुचि समेत नराखेको पाईयो । कारागार भित्र र बाह्य पसलको मूल्यमा निक्कै भिन्नता रहेको पाइएकाले आयोगको टोलीले पसल संचालक तथा आन्तरिक प्रशासन तथा जेलप्रशासनलाई मूल्य हेरफेर गर्न र मूल्यसूचि राख्ने व्यवस्था यथाशीघ्र गर्न निर्देशन दिएको थियो ।

**भेटघाटको समय :**

कैदीबन्दीका आफन्तलाई आईतबार र मंगलबार बाहेक अरु दिन १० बजे देखि ३ बजे सम्म भेटघाट गर्न दिने व्यवस्था कारागार प्रशासनले मिलाएको र टाढाबाट भेटन आउने कैदीबन्दीका आफन्तलाई अलि बढि समय दिने गरेको भन्ने कैदीबन्दीको भनाई रहेको पाईयो ।

**सूचना तथा संचार :**

पत्रिकाको नाममा कान्तिपुर आएपनि निरन्तर नआउने गरेको तर महिला तर्फ गोरखा पत्र भने आउने गरेको पूरुष कारागार तर्फ कोठै पिच्छे गरि जम्मा ५ वटा र महिला तर्फ १ वटा टेलीभिजन रहेको पाईयो ।

**कारागार कार्यालय संखुवासभामा रहेको समस्या :**

- कारागार कार्यालय संखुवासभामा पानीको निक्कै समस्या रहको पाईयो ।
- कैदीबन्दीको फैसल्ला अदालतबाट समयमै हुन नसकेको भन्ने कैदीबन्दीको गुनासो रहेको ।
- खेल सामग्री प्रयाप्त नभएको ।
- कैदीबन्दीलाई मानव अधिकार तथा सीपमुलक तालिम को अभाव ।

**३.७. कारागार कार्यालय मोरङ**

**कारागार कार्यालयको स्थापना :**

२०४५ सालमा निर्माण भएको कारागार कार्यालय मोरङमा हाल १०४३ जना केदी बन्दी रहेको छ । कारागार प्रशासन संचालनका लागि उपसचिवको नेतृत्वमा १ जना अधिकृत सहित १७ जना कर्मचारीको दरबन्दी रहेको छ।

**मोरङ कारागार कार्यालयको क्षमता :**

| पूरुष तर्फ | हाल भएको | महिला तर्फ | हाल भएको | जम्मा कैदीबन्दी | अनुगमन मिति |
|---|---|---|---|---|---|
| २५० जना | ९३४ जना | ५० जना | १०९ (३ जना नावालक)) | १०४३ | २५ जेठ २०८० |

**कैदी बन्दीको व्यवस्थापन :**

मोरङ कारागारमा कैदीवन्दीहरु जेष्ठ नागरिक, अपांगता, अन्य विविध समस्या भएका लगायतका सबैलाई एउटै समूहमा राखिएको पाईयो ।

**स्वास्थ्य उपचार :**

कैदीबन्दीलाई स्वास्थ्य उपचार गराउन कारागार प्रशासनले ढिलाई गर्ने गरेको, सरकारी कोशी प्रदेश अस्पतालमा उपचार कारागारले गराईदिने र प्राईभेट अस्पतालमा उपचार गरेमा स्वयं कैदीबन्दीले खर्च तिर्नु पर्ने व्यवस्था रहेको भन्ने कैदीबन्दीको भनाई रहेको ।

**मनोरन्जन तथा खेल सामग्री :**

क्यारमवोर्ड, चेस, लुडो, फुटवल, भलिबल, टेबुलटेनिस, ब्याटमेन्टिन, लगायतका खेल सामग्रीको व्यवस्था रहेको पाइयो ।

**सीपमुलक तालिम :**

कोराना काल पछि कुनै पनि प्रकारको तालिम प्रदान गर्न नसकिएको । यस बर्ष पनि कुनै तालिम कैदीबन्दीलाई प्रदान गर्न नसकेपनि बिगतका बर्षमा मुडा बनाउने, सिलाई कटाईको तालिम लिएकाले सो काम भने हाल पनि निरन्तर गरिरहेको पाइयो ।

**सरसफाई, खानेपानी तथा शौचालय :**

कारागार कार्यालयमा शौचालय तथा पानीको व्यवस्था गरिएको भएपनि क्षमता भन्दा बढी कैदीबन्दी राखिएकाले बिहान बेलुका शौचालयमा अलि भीडभाड हुने गरेको भनाई कैदीबन्दीको रहेको ।

**पसल संचालन सम्वन्धमा :**

पुरुष तथा महिला कारागार भित्र किराना पसल राखिएको जसमा विस्कुट, चाउचाउ, फुटी, नुहाउने तथा लुगाधुने साबुन, सर्फ लगायतका दैनिक उपभोग्य सर सामानहरु मुल्यसुचि समेत राखेको पाईयो । भने महिला कारागार तर्फ मूल्य सूची रहेको पाईएन । सो सम्वन्धमा कुरा गर्दा यथा सम्भव छिटो मूल्यसूची राख्ने कुरा किराना संचालक तथा कारागार प्रशासनसंग आयोगको टोलीले गरेको र छिट्टै सो को सामाधान गरिने कारागार प्रशासकले आयोगको टोलीलाई भनेका थिए ।

**भान्सा संचालन :**

पूरुष कारागारमा  ठाउ ठाउमा मेसको व्यवस्था गरेको, बेलुका खानाखानेहरुको लामो लाईन लागेको पाईयो भने महिला कारागारमा एकै ठाउँमा मेस संचालनमा रहेको र कसैले छुटै पकाएर खान चाहेमा सो को पनि व्यवस्था गरेको पाईयो । महिला कारागार तर्फको मेसमा रु. एक हजारमा महिना भरी खाना खाने व्यवस्था रहेको पाइयो ।

**भेटघाटको समय :**

कैदी बन्दीका आफन्तलाई शनिवार देखि वाहेक हप्ताको ६ दिननै १० बजे देखि ५ बजे सम्म भेटघाट गर्न दिने व्यवस्था कारागार प्रशासनले मिलाएको र टाढाबाट भेटन आउने कैदीबन्दीका आफन्तलाई सोहि अनुसार समय दिने गरेको भन्ने कैदीबन्दीको भनाई रहेको पाईयो ।

**सूचना तथा संचार :**

स्थानीय र राष्ट्रिय स्तरको दैनिक कान्तिपुर लगायतका पत्र पत्रिका आउने गरेको, पुरुष तर्फ प्राय कोठामा टेलिभिजन रहेको, महिला तर्फ २ वटा टेलिफोन सेट रहेको र स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका आउने गरेको र महिला कारागारमा तीन वटा टेलीभिजन रहेको पाईयो ।

**कारागार कार्यालय मोरङमा रहेको समस्या :**

- कारागार कार्यालय मोरङमा ७८ बर्षका ज्येष्ठ नागरीक पनि रहेको पाईयो ।
- कैदीबन्दीलाई मानव अधिकार तथा सीपमुलक तालिमको अभाव रहेको ।
- कारागागरमा क्षमता भन्दा बढी कैदी राख्दा ठाउ एक्दमै सागुरो रहेको ।

**३.८. कारागार कार्यालय भोजपुर**

**कारागार कार्यालयको स्थापना :**

२०२० साल भन्दा पहिलेनै निर्माण भएको भन्ने भनाई रहेको तर लिखित दस्ताबेज नभएको, भवनको अवस्था हेर्दा एक्दमै पुरानो वडा हाकिमको पालामा बनेको भन्ने भनाई रहेको । भोजपुर कारागार कार्यालय २ रोपनी ५ आना क्षेत्रफलमा फैलिएको छ । कारागार नि. प्रशासक नायव सुब्बाको नेतृत्वमा अहेव सहित ६ जना कर्मचारी कार्यरत रहेको र ३ जना कर्मचारीको दरवन्दी खालि रहेको । कारागारको सुरक्षा व्यवस्था भने सईको कमाण्डमा दुई जना महिला समेत १७ जना सुरक्षाकर्मी रहेको पाइयो ।

**कारागार कार्यालयको क्षमता :**

| पूरुष तर्फ | हाल भएको | महिला तर्फ | हाल भएको | अनुगमन मिति |
|---|---|---|---|---|
| ३०जना | १०३ जना | १० जना | ३ जना | १८ असार २०८० |

**कैदीबन्दीको व्यवस्थापन :**

भोजपुर कारागारमा कैदीवन्दीहरुलाई जेष्ठ नागरिक, अपांगता भएका लगायतका सबैलाई एउटै समुहमा राखिएको पाईयो । (२ जना जेष्ठनागरिक १ जना अपांग) । मानसिक समस्या भएकालाई पनि अन्य कैदी बन्दीसँग राखेको पाइयो ।

**स्वास्थ्य उपचार :**

कैदीबन्दीलाई स्वास्थ्य उपचारमा कुनै समस्या नरहेको, कारागार प्रशासनले उपचारका लागि बाहिर जानुपर्ने भएकालाई पठाइदिने गरेको भन्ने कैदीबन्दीको भनाई ।

**मनोरन्जन तथा खेल सामग्री :**

क्यारम्वोर्ड, चेस, लुडो, भलिबल, ब्याटमेन्टिन, लगायतका खेल सामग्रीको व्यवस्था रहेको । भलिवल तारजालिमा ठोकिएर फुटने समस्या अत्यधिक रहेको भन्ने गुनासो कैदीबन्दीको रहेको ।

**सीपमुलक तालिम :**

हाल तालिम प्रदान गर्न नसकेपनि बिगतका बर्षमा मुडा, टोपी बनाउने, मफलर, स्वेटर, सिलाई कटाईको तालिम दिएको पाइयो । अहिले पनि कतिपय कैदी बन्दीले मुडा, टोपी, सल, मखलर, बासका अन्य सामानहरु बनाउने गरेको र बिक्रिबितरणमा कुनै समस्या नरहेको भन्ने कैदीबन्दीको भनाई रहेको पाइयो ।

**सरसफाई, खानेपानी तथा शौचालय :**

सरसफाईका लागि चाहिने पानीको नै कारागार कार्यालयमा समस्या रहेको भन्ने कैदीबनदी तथा कारागार प्रशासकको भनाई रहेको । सरसफाइको अवस्था सामान्य रहेको ।

**पसल संचालन सम्वन्धमा :**

पुरुष कारागार भित्र किराना पसल रहेको जसमा विस्कुट, चाउचाउ, फुटी, नुहाउने तथा लुगाधुने सावुन, सर्फ लगायतका दैनिक उपभोग्य सर सामानहरु मुल्यसुचि समेत राखेको पाईयो । कारागार भित्र र बाह्य पसलको मूल्यमा खासै भिन्नता नरहेको भन्ने चौकिदार तथा जेलप्रशासनको भनाई ।

**भेटघाटको समय :**

कैदी बन्दीका आफन्तलाई शनिवार देखि वाहेक हप्ताको ६ दिननै १० बजे देखि ४ बजे सम्म भेटघाट गर्न दिने व्यवस्था कारागार प्रशासनले मिलाएको र टाढाबाट भेटन आउने कैदीबन्दीका आफन्तलाई सोहि अनुसारको समय दिने गरेको भन्ने कैदी बन्दीको भनाई रहेको पाईयो ।

**सूचना तथा संचार :**

स्थानीय र राष्ट्रिय स्तरको दैनिक कान्तिपुर, गोरखा पत्र लगायतका पत्र पत्रिका आउने गरेको, पूरुष तर्फ तीनबटा टेलिभिजन रहेको, महिला तर्फ १ वटा टेलीभिजन रहेको भन्ने कैदीबनदीको भनाई ।

**कारागार कार्यालय भोजपुरमा रहेको समस्या :**

- कारागार कार्यालय भोजपुर सारै पुरानो, कोठामा झ्याल समेत नभएको अवस्था ।
- पानीको समस्या रहको ।
- खेल सामग्री प्रयाप्त नभएको ।
- मानसिक रोगि समेतलाई सँगै राखिएको
- कैदीबन्दीलाई मानव अधिकार तथा सीपमुलक तालिमको अभाव ।

**कारागार व्यवस्थापन विभाग तथा नेपाल सरकारलाई सिफारिस :**

- क्षमता अनुसारका कैदीबन्दी कारागार कार्यालयमा राख्न, पानी र शौचालयको उपयुक्त व्यवस्था गर्न ।
- प्रचलित कारागार ऐन तथा नियमावलीमा अनुसन्धानमा रहेका, अभियोग प्रमाणित भएका व्यक्तिहरूलाई कारागारमा यथाशक्य छुट्टाछुट्टै स्थानमा राख्नु पर्ने व्यवस्था गरेपनि कारागारको बनौट सो बमोजिम नभएको हुँदा सो अनुसार गर्न नेपाल सरकारलाई लेखी पठाउनु पर्ने ।
- कैदीवन्दीहरुलाई हाल उपलव्ध गराईएको दैनिक ८० रुपैया भत्ताले हालको महंगाईको कारण विहान बेलुका खानाको लागि समस्या रहेकोभन्ने गुनासो कोशी प्रदेशका प्रायजसो कारागारका कैदीवन्दीहरुले गरेकोले हाल दिदै गरेको दैनिक भत्तामा महंगाई को अनुपातमा वृद्धी गर्नु पर्ने ।

- कैदीवन्दीहरुको लागि समय सापेक्ष  आय आर्जनका लागि सीपमुलक तालिमको व्यवस्था गर्न ।
- स्वास्वस्थ र शिक्षाको विषयमा सरकार गम्भीर भई कैदीबन्दीको चेक जाच तथा कारागार कार्यालयमा रहेको पुस्तकालयहरुमा समय सापेक्ष सुधार गर्न तत्काल लेखि पठाउनु पर्ने ।

## ४ निर्वाचन अनुगमन

### ४.१. निर्वाचन मतदान पूर्वको अवस्थाको अनुगमन :

मिति २०७९/०८/४ गते हुने प्रतिनिधी सभा र प्रदेश सभा सदस्य प्रत्यक्ष तथा समानुपातिक निर्वाचनमा मतदान पूर्बको मानव अधिकारको अवस्थाको सम्बन्धमा यस कार्यालयबाट ताप्लेजुङ, पाँचथर र इलाम जिल्लामा अनुगमन गरिएको थियो । उक्त अनुगमन कार्तिक २१ गते देखि ऐ २५ गते सम्म  गरिएको थियो । आयोगको दुई सदस्सीय टोलीले उक्त तीनवटै जिल्लामा मुख्य निर्वाचन अधिकृत, प्रमुख जिल्ला अधिकारी, जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरु, संघसस्थाका प्रमुख, पत्रकार तथा नागरिक समाजसँग निर्वाचनमा मानव अधिकारको अवस्थाका सम्वन्धमा व्यक्तिगत, सामुहिक तथा अर्न्तक्रिया मार्फत जानकारी लिनेकार्य गरेको थियो । अनुगमनबाट प्राप्त तथ्यका आधारमा आयोगबाट अनुगमन प्रतिवेदन प्रकाशन गरिएको थियो ।

### ४.२. अनुगमनबाट प्राप्त तथ्यहरु :

- ताप्लेजुङ, पाँचथर र इलाम जिल्लामा निर्वाचन आचार संहिताको पूर्ण  पालना नभए पनि माइकिङ, पर्चा, तुल ब्यानर तथा भित्तेलेखनहरु न्युनमात्रामा भएको पाईयो ।
- दलहरूले कुनै दवाब तथा प्रभावमा नपरी स्वतन्त्र रुपमा चुनाव प्रचार-प्रसार गर्ने गरेको  पाईयो । उम्मेदवार तथा प्रतिनिधी र सर्ब सधारण आमनागरीकले निर्वाचन क्षेत्रमा निर्वाद रुपमा भयरहित वातावरण्मा आवतजावत गरिरहेको, कसैले कसैलाई अवरोध नगरेको भन्ने नागरिक समाजका प्रतिनिधी तथा राजनीति दलको भनाई ।
- आचार संहिताको उल्लंघन भएको भनि मुख्य निर्वाचन अधिकृतको कार्यालयमा जिल्लामा बढीमा चारवटा सम्म उजुरी परेको र मुख्य निर्वाचन अधिकृतको कार्यालयले आचार संहिता उल्लंघनगर्ने व्यक्ति र दललाई स्पस्टीकरण सोधी समस्याको समाधान गरेको भन्ने  सम्बन्धीत जिल्लाका मुख्य निर्वाचन अधिकृतको भनाईरहेको ।
- तीनवटै जिल्लाका मुख्य निर्वाचन अधिकृतको कार्यालय, जिल्ला प्रशासन कार्यालय र जिल्ला निर्वाचन अधिकारीको कार्यालयले जानकारीगराए अनुरुप मंसिर ४ गते निर्वाचनको पूर्ण तयारी भएको भन्ने भनाई ।
- निर्वाचनमा भाग लिएका उम्मेदवार/दलहरूले आफ्नो चुनाव प्रचार-प्रसारको क्रममा कसैको निजी घर, पसल, कम्पाउण्ड, पर्खालमा जवर्जस्ती प्रयोग नगरेको भन्ने बुझिएको साथै नर्वाचन प्रचार प्रसारको क्रममा कसैलाई आघात पुर्‍याउने, व्यक्तिको सम्मान माथी आँच आउने जस्ताकार्य नभएको  पाईयो ।
- तीनवटै जिल्लामा निर्वाचनलाई भव्य र सभ्यरुपमा सम्पन्न गर्न सम्बन्धीत जिल्लाका प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुख र दलले प्रचार प्रसारको क्रममा कसैले कसैलाई आरोप प्रत्यारोप नगर्ने, सिष्ट, सभ्य र मर्यादित भाषाको प्रयोग गर्ने, आचार संहिता मानव अधिकार तथा कानूनको पूर्ण पालना गर्ने भन्ने सर्बदलीय बैठक मार्फत सहमति गरेको भन्ने प्रमुख जिल्ला अधिकारीको भनाई रहेको ।

- तीनवटै जिल्लामा मतदाता शिक्षाको लागी कार्तिक १८ गते देखि मंसिर १ गते सम्म स्थानीय तह मार्फत प्रतेक वडाहरुमा स्वास्थ्य स्वयमसेविकालाई परिचालन गरिएको भएपनी अनुगमन टोलीले सर्बसाधारणसंग बुझ्दा मतदाता शिक्षाकोलागि  कोहि नआएको बताए ।
- तीनवटै जिल्लाका मतदातामा एउटै व्यक्तिले चारवटा मतदान गर्नु पर्ने भएकाले र मतपत्रको रंग पनि फरक फरक मतपेटीका पनि अलग अलग भनेको कारण मत बदर हुनेहोकि भन्ने डर कायमै रहेको पाईयो ।
- ताप्लेजुङ जिल्लामा ७५ वटा मतदानस्थलमा जम्मा १२५ वटा मतदान केन्द्र रहेको, यस जिल्लामा २३ वटा मतदान स्थल अतिसंवेदनसिल, २३ संवेदनसिल र २९ सामान्य गरी जम्मा ७५ वटा मतदान स्थल रहेको । १७०२ जना सुरक्षाकर्मी परिचालन गरिएको, (७३६ जना म्यादी समेत रहेको र म्यादीमा पनि १८४ जना महिला)
- ताप्लेजुङ जिल्लामा निर्वाचन सम्पन्न गराउन ९८५ जना कर्मचारी खटाइएको । ४७०८० पूरुष तथा ४१२०५ महिला गरी ८८२८५ मतदाता रहेको भन्ने मुख्य निर्वाचन अधिकृतको भनाई रहेको ।
- पाँचथर जिल्लामा १०४ वटा मतदानस्थलमा जम्मा १७७ वटा मतदान केन्द्र रहेको, ३००० जना सुरक्षाकर्मी परिचालन गरिएको ।
- पाँचथर जिल्लामा निर्वाचन सम्पन्न गराउन १४२४ जना कर्मचारी खटाइएको । ७३३६६ पूरुष तथा ६५५६६ महिला गरी १३८९३२ मतदाता रहेको भन्ने प्रमुख जिल्ला अधिकारीको भनाई रहेको ।
- इलाम जिल्लामा १५० वटा मतदानस्थलमा जम्मा २८५ वटा मतदान केन्द्र रहेको, यस जिल्लामा ३६ वटा मतदान स्थल अतिसंवेदनसिल, ५५ संवेदनसिल र ५९ सामान्य जम्मा १५० वटा मतदान स्थल रहेको ।
- इलाम जिल्लामा निर्वाचन सम्पन्न गराउन १४२४ जना कर्मचारी खटाइएको । ५७१६८ पूरुष तथा ५८३६६ महिला  र तेस्रोलिंगि २ गरी  जम्मा ११५३४० मतदाता रहेको भन्ने मुख्य निर्वाचन अधिकृतको भनाई रहेको ।
- इलाम जिल्लामा निर्वाचन सम्पन्न गराउन करिब ३३२३ सुरक्षा निकाय खटिएको जसमध्ये नेपाल प्रहरी ७७४ जना, म्यादी प्रहरी १४४८ जना तथा अन्य बाँकी सशस्त्र प्रहरी र नेपाली सेना खटिइको भन्ने सुरक्षा निकायका प्रमुखको भनाई रहेको ।

- इलाम जिल्लामा निर्वाचन विरोधि गतिबिधि वालपेन्टीङ गर्दा विद्यार्थीका जिल्ला इन्चार्जलाई पक्राउ गरी शोधपूछ गरिरहेको र चार जनालाई पक्राउ गरी शोधपूछ पश्चात छोडिएको भन्ने प्रमुख जिल्ला अधिकारीको भनाई रहेको ।
- इलाम तथा पाँचथरका सबै स्थानीय तहमा सडकले जोडेको कच्चीबाटो भएतापनि ४ गतेको रात भरी सबै मतपेटीका मतगणना स्थलमा ल्याइने योजना रहेको मुख्य निर्वाचन अधिकृतको भनाई रहेको ।
- ताप्लेजुङ जिल्लामा भौगोलिक बिकटाको कारण हेलिकेप्टरबाट मतपेटिका ल्याउन नसकिएमा तीन चार दिन सम्म पनि लाग्न सक्छ भन्ने भनाई मुख्य निर्वाचन अधिकृतको रहेको ।
- तीनवटै जिल्लामा अनुगमनका क्रममा निर्वाचनमा बालबालिकाको प्रयोग भएको पाईएन ।
- अधिकास मतदान स्थलहरु विद्यालयमा राखिएको पाईयो ।

**बिश्लेषण तथा निष्कर्ष :**

मंसिर ४ गते हुने प्रतिनिधी सभा र प्रदेश सभा सदस्य प्रत्यक्ष तथा समानुपातिक निर्वाचनमा मतदान पूर्वको मानव अधिकारको अवस्थाको सम्बन्धमा प्रदेश नं १ कार्यालयबाट ताप्लेजुङ, पाँचथर र इलाम जिल्लामा कार्तिक २१ गते देखि ऐ २५ गते सम्म अनुगमन गर्दा तीनवटै जिल्लाको मानव अधिकारको अवस्था सामान्य रहेको पाईयो । आयोगको दुई सदस्सीय टोलीले उक्त तीनवटै जिल्लामा सरोकारवालासँग प्रत्यक्ष तथा फोन मार्फत पनि बुझ्दा दलहरुले स्वतन्त्र भयरहित वातावरणमा प्रचार प्रशार गर्न कसैले अवरोध सृजना नगरेको, मतदातालाई कसैले मत दिन बाध्य नपारेको, डराउने धमक्याउने वातावरण नरहेको, सबै दलहरुले प्रचार प्रशार गरी रहेको पाईयो । अचारसंहिताको धेरै हदसम्म पालना भएपनि छिटफुट रुपमा माईकिङ हुनेगरेको, भित्तेलेखन नभएको, तुल व्यानर न्यून मात्रामा भएको, व्यक्तिको घर सार्बजनिक स्थलमा पम्प्लेटिङ नभएको पाईयो । तीनवटै जिल्लामा मतदाता शिक्षाको लागि निर्वाचन आयोगले स्थानीय तह मार्फत स्वयंसेविका परिचालन गरेपनि प्रभावकारी हुन सकेको पाईएन । इलाममा निर्वाचन बिरोधि बालपेन्टिङ गर्दा बिद्यार्थीका जिल्ला इन्चार्जलाई सुरक्षाकर्मीले नियन्त्रणमा लिई बुझ्ने कार्य भईरहेको र पाँचथर तथा तापलेजुङ जिल्लामा निर्वाचन बिरोधि गतिबिधि नभएको । यसरी आयोगको टोलीले अनुगमनबाट प्राप्त गरेका तथ्यबाट समेत इलाम, पाँचथर तथा ताप्लेजुङ जिल्लामा निर्वाचनमा मतदान पूर्वको मानव अधिकारको अवस्था सामान्य रहेको पाईयो ।

## ४.३. मोरङ जिल्लाको प्रतिनिधी सभा र प्रदेश सभा निर्वाचनमा मानव अधिकार अवस्थाको अनुगमनः

### ४.३.१. पृष्ठभूमि

नेपालको संविधान, २०७२ को धारा २४९ तथा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ४ (१) (क) अनुसार मानव अधिकारका विविध विषयमा अनुगमन तथा अनुसन्धान गरी सुधारको लागि सुझाव वा निर्देशन दिने लगायत ऐन बमोजिमको कार्यदेश पालना गर्ने सिलसिलामा राष्ट्रिय मानव अधिकार आयोगले निर्वाचनको समयमा र निर्वाचन पछि हुन सक्ने मानव अधिकारको उल्लंघनलाई दृष्टिगत गरी निर्वाचनको अनुगमन गर्दै आएको छ । आयोगले उक्त कार्यलाई निरन्तरता दिंदै मिति २०७९ मङ्सिर ४ गते सम्पन्न भएको प्रतिनिधी सभा र प्रदेश सभा सदस्य प्रत्यक्ष तथा समानुपातिक निर्वाचनमा राष्ट्रिय मानव अधिकार आयोगले मतदानको अवधीको समग्र मानव अधिकारको दृष्टीकोणबाट मोरङ तथा सुनसरी जिल्लामा अनुगमन कार्य गरेको थियो ।

निर्वाचनको अवधिको अनुगमनमा निर्वाचनस्थलको उपयुक्तता एवं असक्त, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुको लागि पहुँच तथा विशेष व्यवस्था, मतदाताहरुको निर्वाध आवागमन भए नभएको स्वतन्त्र र भयरहित वातावरणमा मतदानमा भाग लिन पाए नपाएको, कोही मतदाता मतदान गर्नबाट वञ्चित भए नभएको, पर्यवेक्षकमाथि धम्की एवं अवरोध सिर्जना भए नभएको, मतदानस्थलको सुरक्षा, बालबालिकाको प्रयोग गरे नगरेको, निर्वाचन प्रयोजनका लागि सार्बजनिक स्थलको प्रयोग गरे नगरेको, आचार सहिताको पालना गरे नगरेको र जिल्लाको समग्र मानव अधिकार र शान्ति सुरक्षाको अवस्थाका सम्वन्धमा प्रत्यक्ष अवलोकन तथा अनुगम गरेर मानव अधिकारको अवस्थाका बारेमा जानकारी लिने काम गरेको थियो ।

### ४.३.२. अनुगमनबाट प्राप्त तथ्यहरु :

- मोरङ जिल्लाका अधिकांस मतदान केन्द्रहरु उपयुक्त स्थानमानै थिए । यदपी विराटनगर म.न.पा. वडा नं ५ को आधारभुत विद्यालय कोचाखाल मतदान स्थलमा ७ वटा केन्द्र रहेको, ऐ को वडा नं ३ को आधारभुत मावि मतदान स्थलमा मा ११ वटा तथा ऐ को शिक्षा सधन मावि मतदानस्थलमा ११

वटा मतदानकेन्द्र राखिएको हुदा सो केन्दहरु मतदाताको संख्याको अनुपातमा सागुरो रहेको र मतदान पश्चात बाहिर निस्कने बाटो अपठ्यारो रहेको पाईयो ।

- मोरङ जिल्लामा मतदातालाई मतदानका दिन मतदान गर्न आउन जान कुनै किसिमको अवरोध भएको पाईएन ।
- मोरङ जिल्लामा मतदाताले स्वतन्त्र र निर्भिक रुपमा मतदान गर्न पाएका थिए ।
- मोरङ जिल्लामा रहेका अधिकास मतदान केन्द्र गर्भवती, अपांगता, अशक्त तथा जेष्ठनागरिकलाई प्रथमिकाता दिएको, मतदान केन्द्रमा जेष्ठ नागरिक अशक्त तथा अन्य भनि समाबेशी भनेर लाईनको व्यवस्था मिलाएको र  बस्ने व्यवस्था समेत गरेको थियो ।
- मतदानका दिन महिला मतदातालाई निरुत्साहित हुने कुनै पनि गतिबिधि भएको पाईएन ।
- मतदाता प्रति राजनीतिक दलको व्यवहार सम्मानजनक तथा राम्रो रहेको पाईयो।
- मोरङ जिल्लामा निर्वाचनमा खटिएका कर्मचारीहरुले स्वतन्त्र रुपमा काम गर्न पाएका थिए । सुरक्षाकर्मी तथा कर्मचारीको व्यवहार सम्मानजनक थियो ।
- मतदानको समयमा सबै राजनीतिक दलका प्रतिनिधिहरुको सहभागिता रहेको तथा मतदान केन्द्रमा नियमनुसारनै प्रतिनिधि राखेको पाईयो ।
- मतदाताको लागि मोरङ जिल्लामा आवश्यकता अनुरुप स्वयंसेवक, सहयोगीको व्यवस्था गरिएको पाईयो ।
- मोरङ जिल्लामा मतदाताले गोप्यरुपमा मतदान गर्न पाएका थिए । कसैले कसैको मर्यादामा आच आउने तथा अवरोध सृजना गर्ने काम गरेको पाइएन । मतदानको क्रममा बलको प्रयोग डर, धाक, त्रास वा मतदान सामग्री र मतपेटीका कब्जामा लिएको पाइएन।
- धेरै मतदानकेन्द्रमा जेष्ठनागरिक, अशक्त, अपांगता भएका व्यक्ति, गर्भवती, सुत्केरीर अन्यको लागि अलगै लाइनको व्यवस्था गरिएको थियो भने केहि मतदान केन्द्रमा अलगै लाइनको व्यवस्था नगरिएपनि उनीहरुलाई आउने बितिकै मतदानमा सहभागी गराइएको पाइयो ।
- मोरङ जिल्लामा मतदान कार्यमा खटिएका कर्मचारी तथा सुरक्षाकर्मीलाई कर्तव्य पालना गरेको पाईयो । बुढीगंगा वडा नं १ करैयादेवीस्थानमा रहेको मतदानस्थलमा बमबिस्फोट गरी मतदान मा केहि समय अवरोध सृजना गरेतापनि सुरक्षा निकायको सयमताका कारण अप्रीय घटना भएन र एकछिन मतदान स्थगित भएपनि पुनः सुचारु भएको पाईयो ।
- एक मतदाताको नामबाट अर्को व्यक्तिले मतदान गरेको पाइएन भने मतदाता नामावलीमा नाम उल्लेख भएको मतदान गर्नबाट बंचित भएको पनि पाइएन ।
- मोरङ जिल्लामा मतदान केन्द्रमा मतदान केन्द्र आसपास र तोकिएको स्थानमा सुरक्षाकर्मी बाहेक अन्य व्यक्ति वा समूह हाहतियार लिएर हिडेको पाइएन ।
- मतदानको दिन यस जिल्लामा कुनै दल वा उम्मेदवारबाट बालबालिकाको प्रयोग भएको पाइएन ।
- स्वस्तिक चिन्हको छापको अवस्थाका बारेमा समय समयमा चेक गरि रहेको भन्ने मतदान अधिकृतहरुको भनाई रहेको र आयोगको अनुगमन टोलीले चेक जाँच गर्दा समेत स्वतिक चिन्हको छापको अवस्था राम्रो रहेको ।

- मोरङ जिल्लामा मतदान समयमानै सुरु भएको थियो, केहि मतदान स्थलमा दलका प्रतिनिधिले बिहान आउन ढिलोगरेको कारणले गर्दा तोकिएको समय भन्दा केहि सयम ढिलो मतदान सुरुवात भएपनि बेलुका समयमै सम्पन्न भएको पाइयो ।
- मोरङ जिल्लामा पर्यवेक्षक तथा अनुगमनकर्तालाई निर्वाचनमा खटिएका कर्मचारी, सुरक्षाकर्मी, दल वा उम्मेदवार वा अन्य कसैवाट दवाव वा धम्की दिने कार्य भएको पाइएन ।
- मोरङ जिल्लाका अधिकांस मतदान केन्द्र विद्यालय भवनमा राखिएकाले खानेपानी तथा शौचालयको व्यस्था रहेको पाइयो ।
- मोरङमा जिल्लामा आयोगको अनुगमन टोलीले नियोक, जियोक, ईन्सेक, नेपालबार र अमेरिकन दुतावास मार्फतआएका अन्तराष्ट्रिय पयवेक्षकसँग अनुगमनका क्रममा भेट भएको थियो । उनीहरुको व्यवहार तथा भूमिका राम्रो थियो । निर्वाचनमा पर्यवेक्षकहरुले आचार सहिताको पालना गरी निर्वाधरुपमा पर्यवेक्षण गरेको देखियो ।
- मोरङ जिल्लामा निर्वाचन सम्पन्न गर्नको लागि नेपाल प्रहरी २०२८ जना, म्यादी प्रहरी ३६१६ जना, सशस्त्र प्रहरी ४१४ जना, नेपाली सेना ६५० जना तथा राष्ट्रिय अनुसन्धान समेतको सहभागितामा सुरक्षा प्रवन्ध मिलाइएको पाईयो ।
- मोरङ जिल्लामा अधिकांस मतदानस्थलामा नेपाल प्रहरी बरिष्ट नायव निरिक्षक, नायव निरिक्षक र सहायक निरिक्षकको नेतृत्वमा म्यादी प्रहरी सहित आवश्यकता अनुसार कम्तीमा ९ जना देखि मतदानस्थल हेरि बढीमा २८ जना सम्म नेपाल प्रहरी तथा म्यादी परिचालन गरेको पाईयो । थप सुरक्षाको रुपमा दोस्रो घेरामा सशस्त्र प्रहरी र तेस्रो घेरामा मोवाईल टोलीको रुपमा नेपाली सेना परिचालन भएको पाईयो ।
- मोरङ जिल्लाका ३०६ मातदान स्थलका ८३९ मतदान केन्द्रको व्यवस्थापन गर्नको लागि ६७२० जना संघ, प्रदेश, स्थानीय तह, निजामती कर्मचारी तथा शिक्षक कार्मचारी खटाइएको थियो ।
- मोरङ जिल्लामा कुलमतदाता ७ लाख ३५ हजार ५२५ रहहेको, जसमध्ये पुरुष ३ लाख ७४ हजार ३२६ जना र महिला ३ लाख ६१ हजार १९३ जना रहेको ।
- कारागार कार्यालय मोरङमा एउटा अस्थाई मतदान केन्द्रको व्यबस्था गरीएको । जसमा २१० जना कैदी बन्दी मतदाता रहेको ।
- कर्मचारीहरुको लागि भने आदर्श पुस्तकालय विराटनगरमा एउटा अस्थाई मतदान केन्द्रको व्यबस्था गरीएको थियो । उक्त केन्द्रमा २ हजार ५९५ जना कर्मचारीहरु मतदाता रहेका थिए ।
- मोरङ जिल्लामा सबै निर्वाचन क्षेत्रमा मतदान समयमै सम्पन्न भएको पाईयो । मतदान पश्चात र भोलीपल्ट मंसिर ५ गतेको दिन पनि यस जिल्लाको वातावण सामान्य रहेको थियो । ६ वटा निर्वाचन क्षेत्र रहेकोमा केहिमा सोहि दिन राति र केहि मा भोलिपल्टबाट मात्रै मतगणना कार्य प्रारम्भ भएको थियो । सबै क्षेत्रमा मतगणना गर्नका लागि तार जालि तथा सिसि क्यामराको व्यवस्था गरिएको थियो ।

## अन्य थप विवरण

- मोरङ जिल्लामा प्रचार प्रशारको क्रममा भित्ते लेखन पर्चा तथा पम्पलेटको प्रयोग गरेको पाईएन ।

- मोरङ जिलामा मतदानको दिन मतदान स्थलहरुमा सामान्य  घटनाहरु बाहेक अप्रिय घटना भएको पाइएन ।
- मोरङ जिलामा  प्रचार प्रशारको क्रममा राजनीतिक दलले बालबालिकाको प्रयोग नगरेको भन्ने जनकारी पाईयो ।
- मोरङ जिल्ला निर्वाचन कार्यालयको अभिलेख अनुसार कुल मतदाता संख्या ७३५५२५ रहेको मा मतदानको दिन ६५.९८ प्रतिशत मत खसेको भन्ने मोरङ जिल्लाका जिल्ला निर्वाचन अधिकारीको भनाई रहेको पाईयो ।

### ४.३.३. बिश्लेषण तथा निष्कर्ष :

मोरङ जिलामा छ वटा  निर्वाचन क्षेत्र रहेका छन ।  छ वटा निर्वाचन क्षेत्रमा ३०६ मातदान स्थलका ८३९ मतदान केन्द्रको व्यवस्थापन गर्नको लागि ६७२० जना संघ, प्रदेश, स्थानीय तह, निजामती कर्मचारी तथा शिक्षक कार्मचारी खटाइएको थियो । यस जिल्लामा कुलमतदाता ७ लाख ३५ हजार ५२५ रहेको जसमध्ये पुरुष ३ लाख ७४ हजार ३२६ जना र महिला ३ लाख ६१ हजार १९३ जना रहेको । मतदानको दिन ६५.९८ प्रतिशत मत खसेको भन्ने मोरङ जिल्लाका जिल्ला निर्वाचन अधिकारीको भनाई रहेको पाईयो ।

मोरङ जिल्लामा निर्वाचन सम्पन्न गर्नको लागि नेपाल प्रहरी २०२८ जना, म्यादी प्रहरी ३६१६ जना, सशस्त्र प्रहरी ४१४ जना, नेपाली सेना ६५० जना तथा राष्ट्रिय अनुसान्धन समेतको सहभागितामा सुरक्षा प्रवन्ध मिलाइएको थियो  । आयोगको टोलीले अनुगमन गर्दा जिल्लामा शान्ति सुरक्षाको अवस्था सामान्य रहेको, राजनैतिक दलहरुले गाउँ गाउँमा निर्वाधरुपमा भयरहित वातावरणमा चुनावी प्रचार प्रसार कार्यक्रम गर्न पाएको भन्ने नागरिक समाज तथा दलकाप्रतिनिधिहरुको भनाई रहेको पाईयो । यस जिल्लामा निर्वाचन प्रचार प्रशारका क्रममा सामान्य छिटफुट घटना बाहेक गम्भिर प्रकृतिका झडप तथा अप्रिय घटना नभएको भन्ने नागरिकको भनाई रहेको । जिल्ला सदरमुकाम तथा मुख्य मुख्य बजारमा मतदाता शिक्षा पुगेता पनि गाउँ गाउँमा मतदाता शिक्षा नपुगेको पाईयो ।

यस जिल्लामा आयोगको टोलीले अनुगमन गरेका सम्पूर्ण मतदान स्थलहरु विद्यालय भवनहरुमानै राखिएका थिए भने एक दुईवटा मतदान केन्द्र स्थानीय तहको वडा कार्यालय तथा स्वास्थ्य चौकीमा पनि राखिएका थियो । प्राय जसो मतदान केन्द्रमा महिला पूरुष जेष्ठ नागरिक तथा समाबेशी भनेर अलग अलग लाईनको व्यवस्था गरेको पाईयो । मतदातालाई मतदानस्थलमा मोवाईल लैजान पूर्णरुपमा रोक लगाइएको थियो । केहि मतदानस्थल मात्र अपांगमैत्री थिए । जेष्ठ नागरिक अशक्त तथा अपांगता भएकाहरुलाई बोकेर, डोरयाएर र टेकेर ल्याएर पनि मतदानमा सहभागी गराइएको थियो । यस जिल्लामा मतदानको दिन बुढीगंगा वडा नं १ करैयादेवीस्थानमा रहेको मतदानस्थलमा बमबिस्फोट हुदा केहि समय मतदानमा अवरोध सृजना गरेतापनि सुरक्षा निकायको सयमताका कारण अप्रीय घटना भएन र एकछिन पछि पुनः मतदान सुचारु भएको थियो । समग्रमा मोरङ जिल्लामा छिटफुट घटना बाहेक शान्तिपूर्ण वातावरणमा निर्वाचन सम्पन्न भएको थियो ।

### ४.३.४. सुझाव तथा सिफारिसः

- बदर मतको संख्या घटाउन प्रत्येक जनताको घरदैलो सम्म मतदाता शिक्षा प्रभावकारी रुपमा सञ्चालनगर्नु पर्ने देखिन्छ ।
- जिल्लाका अधिकांस विद्यालयमा मतदान स्थलको व्यवस्था गरिएकोहुँदा यसले बालबालिकाको शिक्षाको अधिकारमा बाधा पूऱ्याउने भएकाले यसको वैकल्पिक व्यवस्था गर्नुपर्ने देखिन्छ ।
- सबै मतदानस्थल अपांगमैत्री नभए पनि जिल्लामा केहि मतदान स्थल अपांगमैत्री बनाउन प्रयत्न गर्नु पर्ने ।

- विराटनगरमा शिक्षा शधन र आधारभुत माविमा एउटा मतदान स्थलमा ११ वटा मतदानकेन्द्र राख्दा ठाउको अभाव तथा कुन केन्द्रमा आफनो नामावली छ भनी खोज्नमै मतदाता हैरान भएकाले ६/७ वटा सम्म मतदान केन्द्र राख्न उपयुक्त हुने देखिन्छ ।

## ४.४. सुनसरी र उदयपुर जिल्लामा कोशी नदिको भँगालोले पारेको प्रभावको अनुगमन प्रतिवेदन

### ४.४.१. पृष्ठभूमि

मिति २०७९/०४/१८ गते विहानै सप्तकोसी नदीको भँगालो सुनसरी जिल्लाको वराह क्षेत्रवाट पश्चिम तर्फ कटान गरी उदयपुर जिल्लाको बेलका नगरपालिकाका बिभिन्न वडाहरु डुबानमा परेको समाचार संप्रेशण भएको हुदा मिति २०७९/०४/१९  गते उक्त क्षेत्रको जोखिम र वाढी पीडित व्यक्तिहरुको अवस्थाको सम्वन्धमा कोशी प्रदेश कार्यालयले अनुगमन गरेको थियो ।

### ४.४.२. प्रभावित क्षेत्रको स्थलगत अनुगमनबाट प्राप्त तथ्यहरु

मिति २०७९/०४/१८ गते विहानै सप्तकोसी नदीको भँगालो बस्तीमा पसी उदयपुर जिल्लाको बेलका नगरपालिकाका बिभिन्न वडाहरु डुबानमा परेको । टोलीले उदयपुर जिल्लाको बेलका नगरपालिका वडा नं. ८ डुम्री बोटे लाहुरेखोचबाट  सप्तकोसी नदीले कटान गरी  पश्चिमतर्फ एउटा भंगालो वगीरहेको स्थलगत अनुगम गरेको, सप्तकोशी नदीले उदयपुर जिल्लाको बेलका नगरपालिका वडा नम्बर ८, डुम्रीबोटेबाट धार परिवर्तन गर्दा नगरपालिकाका वडा ८, ९, ३ र २ का घरपरिवार प्रभावित भएको, सुनसरीको बराह क्षेत्रको वडा नं ६ र ९ को केहि घरधुरी पनि नदी पश्चिम सर्दा विस्थापन हुने अवस्थामा रहेको पाईयो ।

बेलका नगरपलिकाका वडा नं ३ को जनता टोल, ए.बि.सी. टोल, सृजना टोल, एकता टोल, दुर्गा मन्दीर टोल, जल्पादेवी टोल, वडा नं ८ को सिसोली टोल बस्तीका ऐ वडा नं ९ को रंगमहल टोल, स्वास्थी टोल, सिनलाहार टोलका बासिन्दा प्रभावित भएको र प्रभावित व्यक्तिहरु बेलका नगरपलिका वडा नं ८ चक्रपुर मा.बि. सेतीखोला, वडा नं ३ कोशी जनता मा.बि., आधरभुत प्रा.बि.सातपत्रे, र वडा नं ९ कमलबारी स्थित नमुना गाईफारममा गई बसेको र केहि व्यक्तिहरु आफन्तकोमा समेत गई बसिरहेको पाईयो ।

उद्धार गरिएका व्यक्तीहरु पालिकाले व्यवस्थापन गरेको शिविरमा नबसेका कारण नदी प्रभावितहरु कहाँ र कुन अवस्थामा छन भन्ने तथ्यांक निकाल्न कठिन भएको भन्ने नगर प्रमुखको भनाई । उदयपुरको बेलका नगरपालिकाका वडा नं १, २, ८ र ९ मा सप्तकोशी नदीमा पानीको बहाव बढेर कटान सुरु गरेपछि त्यहाँका नागरिकलाई स्थानान्तरण, राहत र उद्धारको तत्काल व्यवस्थापन गर्न गृहमन्त्री बालकृष्ण खाँणले सम्बन्धित सबै निकायलाई निर्देशन दिएको पाइयो । अनुगमनका क्रममा उद्धार गरिएका अधिकांस व्यक्तिहरु महिला, वालवालिका, वृद्धा रहेको पाइएको हुँदा उनीहरुको लागि विशेष उपभोग्य सामाग्रीहरु जस्तो स्यानिटयरी प्याड, मंजन, ब्रस, सावुन, दिर्घरोगीहरुका लागि नियमित दवाई उपलब्ध हुन नसकेको कुरा नगरप्रमुखलाई जानकारी गराउदा प्रमुखले तत्काल उक्त सामाग्री उपलब्ध गराउन निर्देशन दिएको थियो ।

कोशी नदीको भँगालो पसेको  स्थनामा गत डेढ महिनादेखि तटबन्धनको निर्माण  कार्य भईरहेको थियो । उक्त ठाउमा तटबन्धन गरिएता पनि अलिक ओरालो ठाउँवाट कोशी नदीले माटो कटान गरी बस्तीमा नदीको भंगालो पसेर धेरै क्षति गरीरहेको, कोशी नदीको भँगालो बस्तीमा पसेपछि बेलका नगरपालिकाका केही वडाहरु डुबानमा परेको  साथै बाँध फुटेर डुबानमा परेका वडाहरु १, २, ३, ८ र ९ रहेको तथा सुनसरीको बराहक्षेत्र नगरपालिकाको वडाहरु ६ र ९ पनि प्रभावित भएको, डुबान क्षेत्रमा फसेका ब्यक्तिहरुको उद्धार गरी सुरक्षित स्थानमा लैजानको लागि नेपाली सेना, नेपाल प्रहरी र शसस्त्र  प्रहरीको टोली परिचालन भएको, कोशी नदीको  कटानका कारण उदयपुर र सुनसरीको सिमानामा पर्ने  चिलिया टापु र सिसौली टापु लगागत बिभिन्न स्थान तथा बस्तीका

बासिन्दाहरु जोखिममा परेको, कोशीको बाढिबाट प्रभाति व्यक्तिहरुको लागि उद्धारको व्यवस्था तथा प्रभावित व्यक्तिहरुको जोखिमको आधारमा तथ्यांक बर्गीकरण गर्ने कार्य नगरपालिकाले गरीरहेको, कोशीको बाढिबाट प्रभावित व्यक्तिहरुकोलगि उद्धार गरी बिभिन्न स्थानमा राख्ने व्यबस्था मिलाएको, उद्धार गरी बिभिन्न स्थानमा राखेका व्यक्तिहरुकोलगि राहतको व्यबस्था मिलाएको, बेलका नगरपालिकाले कोशीको बाढिबाट प्रभावित व्यक्तिहरुलाई उक्त क्षेत्रमा नबस्नको लागि जनचेतना कार्यक्रम गरिरहेको पाईयो भने बिभिन्न संघ सस्था तथा सरकारी कार्यालयहरुबाट रहात सहयोग वितरण भईरहेको पाईयो ।

### ४.४.३. निष्कर्ष

सुनसरी र उदयपुरको सिमाना छुटटयाउने सप्तकोसी नदीले उदयपुर जिल्लाको बेलका नगरपालिका वडा नम्बर ८, डुम्रीबोटेबाट धार परिवर्तन गर्दा नगरपालिकाको वडा २, ३, ८, ९ मा डुवान पेरेको थियो । त्यसैगरी सुनसरी जिल्लाको बराह क्षेत्रको ६ र ९ नम्बर पनि विस्थापन हुने अवस्थामा रहेको भन्ने भनाई स्थानीयको रहेको पाईयो । सप्तकोसी नदिवाट प्रभावित व्यक्तिहरुलाई राहत दिन राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरुले पनि सहयोग गरेको थियो । डुवानमा परेका परिवारहरुलाई नेपाल प्रहरी, नेपाली सेना, ससस्त्र प्रहरीहरुले डुंगाद्वारा उद्धार गरेको थियो । स्थानीय सरकारले पनि उद्धार गरिएका व्यक्तिहरुलाई तत्काल विद्यालय, रेडक्रस भवन, फार्महरुमा राखि रासन पानिको व्यवस्थापन गरेको पाईयो ।

अनुगमनका क्रममा उद्धार गरिएका अधिकांस व्यक्तिहरु महिला, वालवालिका, वृद्धा रहेको पाइएको हुँदा उनीहरुको लागि विशेष उपभोग्य सामाग्रीहरु जस्तो स्यानिटयरी प्याड, मंजन, व्रस, सावुन, दिर्घरोगीहरुका लागि नियमित दवाई उपलव्ध गराउन नगरप्रमुखले निर्देशन दिएको पाईयो । उदयपुर जिल्लाको वेलका नगरपालिका वस्तीहरु डुवानमा पर्न गएको र सुनसरी जिल्लाका वराह क्षेत्र न.पा.का श्रीलंका टप्पु पनि डुवानको जोखिममा पर्न जाने सक्ने भएकोले सप्तकोशी नदीलाई थप कटान गर्न रोक्नको लागि स्थानीय, प्रदेश तथा संघीय सरकारसंग पहल गर्नु पर्ने देखियो ।

उक्त भंगालोबाट डुवानमा कति घर र व्यक्तिहरु प्रभावित भए भन्ने तथ्यांक नभएकोले तत्काल तथ्यांक लिई प्रभावित व्यक्तिहरुको क्षति वर्गीकरण गरी सोही अनुरुप राहत उपलब्ध गराउनुका साथै डुवान क्षेत्रमा के कति क्षेत्र थप डुवान हुन सक्ने सो को विज्ञहरु मार्फत अनुसन्धान गरी डुवान हुन सक्ने टोल गाउँका परिवारहरुलाई अन्यत्र सार्न पहल गर्नुपर्ने ।

## ४.५. कोशी प्रदेश नामाकरणको विरोधमा विराटनगरमा भएको आन्दोलनको अनुगमन

### ४.५.१.पृष्ठभूमि

कोशी प्रदेश नामाकरणको विवादका कारण फागुन १७ गते देखि कोशी प्रदेशको राजधानी विराटनगरमा दिनै पिच्छै प्रर्दशनका घटनाहरु भई रहेका छन । नामाकरणको विषयलाई लिएर संघीय लिम्वुवान राष्ट्रिय मंच लगायतका असहमत पक्षले आन्दोलन गर्दै आएका थिए । आन्दोलनरत पक्षले कोशी प्रदेशका बिभिन्न स्थानमा कहिले चक्काजाम कहिले बिरोध प्रर्दशन, नाराबाजी, कहिले कोशी प्रदेश बन्द, कहिले जिल्ला बन्द जस्ता कार्यक्रम आयोजना गर्दै आएका थिए । उक्त कार्यक्रमको राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश कार्यालयले प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा अनुगमन कार्य गरेको थियो ।

### ४.५.२. अनुगमनबाट प्राप्त तथ्यहरु

मिति २०७९ साल फागुन १७ गतेका दिन प्रदेश नम्बर १ को प्रदेश शभाको दुई तिहाई सदस्यले प्रदेश नम्बर १ लाई कोशी प्रदेश नामाकरण गरेको थियो । पहिचानवादी दल र संस्थाहरुले गठन गरेको प्रदेश नं. १ पुन: नामाकरण संघर्ष समितिले मिति २०७९।१२।५ गते कोशी प्रदेशको नाम खारेज हुनु पर्छ भनि विराटनगरमा मुख्य मन्त्री कार्यालय अगाडी भएको प्रदर्शनमा प्रदर्शनकारीमाथी प्रहरीको लाठी चार्जवाट घाइते भएका भनिएका वेलवारी वडा न. २ मोरङ घर भएका लाजेहाङ लिम्वु (पदम लिम्वु) लाई विपि कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचारार्थ राखिएको थियो । आयोगको टोली विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान पुग्दा निज पदम लिम्वूलाई भेन्टीलेटरमा राखि उपचार भईरहेको, उपचारमा संलग्न चिकित्सक डा. अशोक गौतमका अनुसार निज पदम लिम्वूको टाउकोमा रगत जमेको, भेन्टीलेटरमा राखिएको, निज पदम लिम्वुको होस भेन्टीलेटरमा राख्दा मुटुको चाल १० हुनु पर्नेमा २/३ मात्र रहेकोले निजको अवस्था चिन्ताजनक रहेको भन्ने डाक्टरको भनाई रहेको । अस्पतालको आईसियु कक्षमा विरामीको स्वास्थ्यलाई ध्यानमा राखि फोटो लिन निषेध गरिएको जानकारी पाइएकोले निज पदम लिम्वुको फोटो आयोगको टोलीले लिएन । निज पदम लिम्वूलाई मिति २०७९।१२।५ गते आन्दोलनका क्रममा घाइते भई घरमानै सामान्य उपचार गरिरहेको अवस्थामा मिति २०७९।१२।८ गते एक्कासी वान्ता आई वेहोस भए पछि तत्काल विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा दिउसो ४ वजे भर्ना गरीएको । निजको अवस्था संवेदनशिल देखिएकोले तुरुन्त भेन्टीलेटरमा राखेको भन्ने परिवार र उक्त संघर्ष समितिका अमर इजम लिम्वुको भनाई रहेको पाईयो । उपचारको क्रममा निज पदम लिम्वुको शुक्रवार राति नै मृत्यु भए पश्चात पहिचानवादी दल र संस्थाहरु झन आक्रोसित भई थप आन्दोलनका कार्यक्रमहरु अगाडि बडाएको पाईयो ।

मिति २०७९ साल चैत्र १४ गतेका दिन आन्दोलनकारी र सुरक्षाकर्मीका विचमा विराटनगरस्थित बिग होटलको अगाडि पान्चालि मोडमा झडप भएको थियो । उक्त दिन ठुलो संख्यामा आएका आन्दोलनकारीहरुलाई नियन्त्रणमा लिन प्रहरीले लाठी चार्ज, हवाई फायर र अश्रुग्यास तथा पानीको फोहराको पनि प्रयोग गरेको पाइयो । उक्त दिन अन्दोलनका क्रममा आन्दोलनकारी, नेपाल प्रहरी, शसस्त्र प्रहरी तर्फ सामन्यरुपमा केहि व्यक्तिहरु घाइते भएका र घाईतेहरुको कोशी, विराट नर्सिङ लगायतका अस्पतालमा उपचार भएको र उपचार पश्चात सबै जना घरफर्कि सकेको र अवस्था सामान्य रहेको भन्ने भनाई जिल्ला प्रहरी कार्यालयको रहेको पाईयो ।

वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचारका क्रममा मृत्यु भएका पदम लिम्वुको शव परिक्षण हुन ढिलाई भएको, निजको शब धरान अस्पतालमा रहेको र आफन्तले शब बुझन नमानिरहेको अवस्थामा कोशी प्रदेश सरकारले तीन लाख रुपया क्षतिपूर्ति दिने निर्णय गरेको थियो । कोशी प्रदेश नामाकरणको विषयलाई लिएर भएका घटनाको सम्वन्धमा नेपालसरकारले छानबिन सममिति गठनगरी कामगरी रहेको र उक्त समितिले कोशी प्रदेशमा आई सरोकारवालासँग समेत छलफल गरेको बुझियो । जिल्ला प्रहरी कार्यालय मोरङका प्रमुख प्रदिप पोखेलले नेपाल प्रहरीले समयमता अपनाएको कारण ठूलो क्षती नभएको, नेपाल प्रहरी मानव अधिकारको संरक्षणका लागि सदैव लागि परेको, प्रहरी माथी ढुगां ईटा प्रहार हुदा पनि चुप लागेर बसेको भन्ने भनाई रहेको । जिल्ला प्रशासन कार्यालयका प्रमुख तीर्थ राज भट्टराईका अनुसार आन्दोलनकारीहरुले बाह्य जिल्लाबाट सर्बशाधारणलाई आन्दोलनमा सरिक गराउने, विराटनगर ल्याउने कार्य गरिरहेका छन । प्रशासनले आफनो कार्य गरी रहेको छ । पदम लिम्वुको शब बुझि दाह संस्कारगरेपछि निजको क्षतिपूर्ति लगायतका अन्य प्रक्रियालाई अगाडि बढाउन सकिन्छ भन्ने भनाई ।

चैत्र १७ गतेका दिन पनि प्रदेश नामाकरणको बिरोधमा नगर तथा वडा कार्यालयमा ताला लगाउने कार्यक्रम रहेकोमा सुनसरी जिल्ला ईटहरी उपमहानगरपालिका को वडा नं २० मा ताला लगाउने क्रममा प्रहरीसंग झडप भएको थियो । झडपका क्रममा प्रहरीको गाडी तोडफोड, थियो । उक्त तोडफोडको विषयलाई लिएर प्रहरीले किरात राई यायोक्खा इटहरी नगरका दिपराज खिम्दुंग लगायत केहि व्यक्तिलाई पक्राउ गरी ऐ चैत्र २३ गते रिहा गरेको थियो । (हाम्रो मत राष्ट्रिय दैनिक, २३ चैत्र २०७९ मा प्रकासित)

**मिति २०८० जेष्ठ १३ गते :**

राई जातीको सकेला नाचको अवसरमा पहिचानवादि संघ सस्थाहरुले मोरङ जिल्लाको बेलाबारी नगरपालिकाको बेलवारी बजारमा राजमार्ग छेउमा नाचगान कार्यक्रम आयोजना गरेको थियो भने राजमार्ग भएर चल्ने गाडिहरु छेउबाट चलिरहेका थिए । ऐ मितिमा बेलुकातिर विराटनगरको महेन्द्रचोकमा आन्दोलनकारीहरुले कोणसभा गरेका थिए । उक्त दिन छिटफुट वाहेक ठूलो घटना केहि भएन ।

## ४.५.३. मिति २०८० जेष्ठ १४ गते

जेष्ठ १४ गतेका दिन विराटनगरमा कोशी प्रदेशका बिभिन्न जिल्लाहरुबाट मान्छेहरु आउने र निर्णायक आन्दोलन हुने भन्ने हल्ला पहिले देखिनै चलिरहेको थियो । जेष्ठ १४ गतेकादिन बिहानै देखि सुरक्षाकर्मी र आन्दोलनकारीका बिचमा धरपकड भईरहेको थियो भने केहि व्यक्तिलाई नियन्त्रणमा लिई दिनभर प्रहरी हिरासतमा राखिएको थियो । उक्त दिन बिहानै देखि चोक चोकमा सुरक्षाकर्मी परिचालन गरिएको थियो । आन्दोलनकारीहरु सुनसरी झापा लगायतका जिल्लाहरुबाट बसहरुमा आएका थिए । दिउसो २ बजेबाट कोशी प्रदेश सरकारको निति तथा कार्यक्रममा छलफल चल्ने भनेपछि सोहि समयमा ठूलोसंख्यामा आएका आन्दोलनकारी र सुरक्षाकर्मी बिच देवकोटा चोकमा झडप भएको थियो । उक्त झडपमा दुबैतर्फ केहिब्यक्ति घाईते भएका थिए । घाईतेहरुमध्ये १२ जनाको विराटनगरस्थित न्यूरो अस्पतालमा, २४ जनाको कोशी अस्पतालमा र एक जनाको विराटनर्सिङ होममा गरी जम्मा ३७ जना घाईते उपचारार्थ अस्पतालमा भर्ना भएको पाईयो । घाईतेहरुको टाउकोमा आठवटा सम्म टाँका लागेको, आन्दोलनकारीहरुले ईटा तथा ढुगां प्रहार गरेको केहिलाई सुरक्षाकर्मीबाट लाठी चार्ज भई घाईते बनाएको भन्ने भनाई आन्दोलनकारीको रहेको । आन्दोलनकारीहरुले कोशी प्रदेशको स्वास्थ्य मन्त्रालयमा ढुंगा ईटाप्रहार गर्दा मन्त्रालय झ्यालका शिशा फुटेर क्षति भएको थियो । उक्त दिन स्वास्थ्य मन्त्रालयमा राखिएको एउटा गाडिको शिशापनि फुटाईएको थियो । स्वास्थ्य मन्त्रालयको ग्राउण्ड पुरै ईटा ढुंगामय भएको देखिन्थ्यो । आन्दोलनकारीले ढुगां ईटा प्रहार गर्दा कर्मचारीहरु सबै भित्रनै रहेको र सबैजना कोठा छोडेर ढुगा नआउने दिशातर्फको कोठामा गएर बसेको भन्ने कर्मचारी भनाई रहेको । जिल्ला प्रहरी कार्यालयका प्रमुखको भनाई अनुसार १६ जना सशस्त्र र ३७ जना नेपाल प्रहरी घाईते भएको, प्रहरीले स्थिति नियन्त्रणमा लिन माईकिङ, पानिफोहरा तथा ७४ राउण्ड अश्रुग्यास नेपाल प्रहरीले र १७ राउण्ड सशस्त्र प्रहरीले हानेको भन्ने भनाई रहेको । उक्त दिन दिनभरनै विराटनगर तनावग्रस्तनै रहेको थियो । आन्दोलनकारीहरुले सुरक्षाकर्मीले प्रयोग गरेको अश्रुग्यास एकदमै आखा पोल्ने, घातक अरुबेलाको जस्तो नभएकाले यस्को परिक्षण गरिनु पर्छ भनि आयोगको टोली समक्ष भनेकोमा सो कुरा जिल्लामा सुरक्षासमितिमा राख्दा त्यस्तो नभएको र हावाको बेगको आधारमा उक्त अश्रुग्यासले काम गर्ने बताए । उक्त दिन केहि आन्दोलनकारीलाई सुरक्षाकर्मीले नियन्त्रणमा लिई सोहि दिन साझ र केहिलाई चारदिन पछि छोडिएको थियो ।

## ४.५.४.निष्कर्ष /बिश्लेषण

प्रदेश नं १ लाई कोशी प्रदेश नामाकरण गरिएपछि विराटनगरमा दिनहुजसो आन्दोलन भईरहने र सर्बसाधारण नागरिकले समेत हैरानी खेप्नुपरिरहेको, पेशा व्यवसाय गर्न नपाएको, आम नागरिकले ऐन कानुनले प्रदान गरेको अधिकारको उपभोग गर्न नपाएको तथा भय र त्रासको वातावरणमा बस्न नागरिक बाध्य भएकाले बार्ताको माध्यमबाट प्रदेश नामाकरणको विषय टुंग्याउनु उपयुक्त हुने देखिन्छ । सर्घषरत समिति, कोशी प्रदेश सरकार तथा नेपाल सरकारलाई आयोगले आफनो अधिकारको प्रयोग गर्दा मानव अधिकार तथा कानूनको मूल्य र मान्यताको बारेमा समेत सजग हुन र आमनागरिकलाई समेत सरकार भएको अनुभुति दिने वातावरण बनाउन आग्रह गर्नु पर्ने देखिन्छ । कोशी प्रदेश नामाकरणको बिरुद्धमा थालिएको आन्दोलनबाट पदम लिम्बु शहिदनै भई सकेको, केहि व्यक्ति गम्भीर घाईते भएको र यस्ले कोशी प्रदेशभरीनै एक प्रकारको कहाँ कतिबेला के पो हुने हो भने डर र त्रासको वातावरण आम नागरिकमा परिरहेकोले तत्काल यस्को सामाधान निकाल्न प्रदेश तथा संघीय सरकारसँग पहल गर्नु पर्ने देखिन्छ ।

संघर्ष समितिले मिति २०७९ चैत्र ५ गते कोशी प्रदेशको नाम खारेज हुनु पर्छ भनि विराटनगरमा गरेको प्रदर्शनमा प्रहरीको लाठी चार्जवाट घाइते भएका भनिएका पदम लिम्बुको विपि कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचार गर्दैगर्दा मृत्यु भएकोले आन्दोलनका क्रममा बिगतमा मृत्यु भएका व्यक्ति सरहको राहत सहयोग क्षतिपूर्ति निजको परिवारलाई नेपाल सरकारवाट दिइनु पर्ने । कोशी प्रदेश सरकारले निजलाई तीन लाख रुपया दिने निर्णय गरेको । कुनै कुराको पनि सामाधान बार्ताको माध्यमबाट मात्र सम्भव भएकाले प्रदेश नामाकरणको विषय पनि बार्ताका माध्यमबाट टुंग्याउनु उपयुक्त हुने देखिन्छ । सर्घषरत समिति, कोशी प्रदेश सरकार तथा नेपाल सरकारलाई आयोग आफनो अधिकारको प्रयोग गर्दा मानव अधिकार तथा कानूनको मूल्य र मान्यताको बारेमा समेत सजग हुन आग्रह गर्दछ ।

### ४.६. मोरङ व्यापार संघले विराटनगर राष्ट्रबैक कार्यालयमा गरेको आन्दोलनको अनुगमन प्रतिवेदन ।

बैकहरुले लिई रहेको चर्को ब्याजदर तथा बैकिङ नीतिका विरुद्ध व्यवसायीहरुले पटक पटक सरोकारवालाहरुको ध्यानाकर्षण गराउँदा समेत सुनवाई नभएको र निजी क्षेत्रका उद्योगी, व्यवसायीहरु सहितका संघ सस्था तथा बस्तुगत संघहरु मिति २०७९ पौस ७ गते विहिबारका दिनबाट नेपाल राष्ट्र बैकको प्रदेश कार्यालय विराटनगरको गेटमा धरना बसी आन्दोलन गरिरहेको घटनाका सम्वन्धमा राष्ट्रिय मानव अधिकार आयोग प्रदेश कार्यालय विराटनगरबाट अनुगमन गरिएको थियो । उक्त अनुगमबाट प्राप्त तथ्य निम्न प्रकार रहेको व्यहोरा अनुरोध छ ।

नेपाल राष्ट्र बैकको प्रदेश कार्यालय विराटनगरेको गेटमा मिति २०७९ पौष ७ गते विहिबारका दिनबाट व्यवसायीलगायतका संघ संगठनले धर्ना कार्यक्रम गरेको पाईयो । उक्त धर्ना कार्यक्रम बिहान ९ बजे देखि बेलुका ४ बजे सम्म कार्यालय समयमा मात्र गर्ने गरेको । नेपाल राष्ट्र बैकको प्रदेश कार्यालय विराटनगका कार्यालय प्रमुख बाहेक अन्य कर्मचारीहरुलाई कार्यालयमा प्रबेश गर्न नदिएको भन्ने ऐ कार्यालय प्रमुख मीनाको पाण्डेको रहेको पाईयो । आयोगको टोलीले अनुगमनका क्रममा उक्त कार्यालयमा पुग्दा करिव दुई सयजना जतीको सहभागितामा नारावाजी, नाटक तथा भाषण कार्यक्र चलिरहेको थियो ।

धर्ना कार्यक्रमका सहभागी मोरङ व्यापारसंघका सदस्य अमित राठीको अनुसार कार्यक्रम माग सम्वोधन नहुन्जेल सम्म निरन्तर रहने र यस्मा उद्योग संगठन मोरङ विराटनगर, मोरङ व्यपार संघ विराटनगर, नेपाल उद्योग परिसंघ, प्रदेश नं. १ विराटनगर तथा विराट व्यपार संघ विराटनगर लगायत ५० वटा बढी संघ सस्थाको सहभागिता रहेको भन्ने भनाई रहेको थियो । बैक तथा बित्तीय सस्थाले चर्कोव्याजदर लिएको कारण आन्दोलन गर्नु परेको, बैक तथा बित्तीय सस्थाले साडे चार अरव भन्दा बढी व्याज लिएको सो व्याज फिर्ता गर्न राष्ट्रबैकले दिएको निर्देशन पालना नगरेको भन्ने निज राठीको भनाई रहेको । आन्दोलन शान्तिपुर्ण रहने र भोलिबाट चितवन, पोखरा, बिरगंज तथा भैरहवामा पनि आन्दोलन गरिने तयारी भई रहेको भन्ने निज राठीको भनाई रहेको । धर्नामा करिव २०० जनाको सहभागिता रहेतापनि व्यवसायी ५०० जना मध्ये आलोपालो गरी बस्ने गरेको भन्ने सदस्य राठीको भनाई रहेको । बैंक तथा वित्तीय सस्थाहरुले ८ प्रतिशत देखि १८ प्रतिशत सम्म चर्को व्याजलिने गरेको कारण व्यवसायी देखि आम नागरिक सर्बसाधारण समेत त्यसबाट पीडित भएकाले र चालु पूजि कर्जा कार्यविधि २०७९ कार्यान्वयन नभएको, केहि प्रवधानहरु समय सापेक्ष नभएकोले शान्तिपुर्ण आन्दोलन गर्नु परेको भन्ने भनाई रहेको । धरना कार्यक्रमलाई तत्काल सम्वोधन नगरेमा शान्तिपूर्ण आन्दोलन देस भरीनै गर्ने भन्ने व्यापार संघ मोरङका अध्यक्ष नविन रिजालको भनाई रहेको थयो ।

### ४.७. दुहवी नगरपालिकाका वासिन्दाको वातावरवणको अधिकारको हन्न भएको भनिएको घटनाको अनुगमन

### ४.७.१. पृष्ठभूमि

सुनसरी जिल्ला दुहवी नगरपालिका वार्ड नं. २ मा संचालित प्रिमियर स्टिल प्रा.लि. उद्योग संचालनका कारण ध्वनी, धूलो लगायतका कारणले ऐ वडा नं. २, ७, ८, ९, १० लगायतका वडाहरुमा जनस्वास्थ्य र जनजीविकामा असर परी मानव अधिकार हनन् भएको भन्ने विषयका सम्वन्धमा आयोगको अनुगमन टोलीले मिति २०७९/६/२ गते देखि ऐ ५ गते सम्म स्थलगत अनुगमन गरी प्राप्त तथ्यको आधारमा पेश गरिएको अनुगमन प्रतिवेदन तयार गरिएको थियो ।

### ४.७.२. अनुगमनका क्रममा प्राप्त तथ्यहरु

दुहवी नगरपालिका वडा नं.२ मा प्रीमीयर स्टिल उद्योग संचालनमा रहेको । यस उद्योगको उत्तरपूर्व पट्टी मुस्लिम समुदायका करिव ३०० घर रहेको भन्ने जानकारी पाइयो । त्यसै गरी उद्योगको वरी परि थारु, झागर, उराउ, मलाहा, तेली समुदायको वसोवास रहेको पाइयो । उद्योगको उत्तर पट्टी श्री नविन आधारभूत विद्यालय तथा उत्तरपूर्व पट्टी सिमाना जोडीएको मुस्लिम समुदायको पाठशाला मदरसा ज्याउल इस्लाम रहेको, मदरसामा ५ कक्षा सम्म पढाई हुने गरेको पाइयो । आयोगको अनुगमन टोली उक्त विद्यालयमा पुग्दा समेत उद्योगवाट निस्किएको ध्वनी प्रत्यक्ष रुपमा सुनिएको थियो । स्थानीय गाउलेलाई जुस फयाक्ट्री संचालन गर्ने भनेर भनेको तर पछि गएर जुस उत्पादन नगरी फलामको रड उत्पादन गर्न उद्योग संचालन गरिरहेको दैख्यौ भन्ने स्थानीयको भनाई । मुस्लिम टोल र प्रिमीयर स्टील उद्योग सिमाना जोडीएको छ । उद्योग प्राय जसो सुत्नेवेलामा राति ७/८ वजे तिर संचालन हुन्छ । कहिले काँही २४ घण्टा संचालनमा रहन्छ । उद्योग संचालन हुँदा ज्यादै ध्वनी प्रदूषण हुने गर्छ । उद्योगसँग मदरसा ज्याउल इस्लाम विद्यालय सिमाना जोडीएकोले पठन पाठनमा असर परेको । उक्त मदरसामा पढाई भईरहेको समयमा उद्योग संचालन हुँदा ठूलो ठूलो आवाज आउदा विद्यार्थीहरु पढ्ननै विर्सने गरेको, शिक्षकले वोलेको अवाज नसुनिने गरेको भन्ने अभिभावकको भनाई रहेको । उद्योगको पानी टयांकी र मदरसा सिमानामा रहेकोले हावा लागेको समयमा टयांकीवाट पानी उडाएर फोहरा जस्तो भएर विद्यार्थीहरुलाई निर्थुक भिजाउनाले केहि विद्यार्थी विरामी हुने गरेको भन्ने अभिभावक तथा शिक्षकको भनाई रहेको पाईयो । उद्योगमा राखिएका ठूला ठूला पावरका पानि तान्ने मेसिनका कारण त्यस क्षेत्र वरपर स्थानीयका पानिका कलमा पानीनै नआउने समस्या रहेको भन्ने जानकारी पाईयो ।

### ४.७.३. निष्कर्ष /विश्लेषण

वातावरणको अधिकार हन्न भएको भनि आयोगमा दर्ता रहेको सुनसरी जिल्ला दुहवी नगरपालिका वार्ड नं. २ स्थित प्रिमियर स्टिल प्रा.लि. उद्योग संचालन गर्दा ध्वनी, धूलो लगायतका कारणले ऐ वडा नं. २, ७, ८, ९, १० लगायतका वडाहरुमा स्थलगत अनुगमनको क्रममा स्थानीय बासिन्दा, वडा कार्यालय, नगरपालिकाको कार्यालय, नागरिक समाज, उद्योग प्रशासनसँगको छलफल, आयोगको टोलीको प्रत्यक्ष अवलोकन तथ अनुगमन, सरोकारवालासँग अन्तरक्रिया, सोधपुछ गरी जानकारी लिने कार्य गरिएको थियो । उक्त प्रिमीयर उद्योग वाहिरको वस्तुगत वातावरणको अवलोकन गर्दा उत्तरपूर्व पट्टी मुस्लिम समुदायका करिव ३०० घर रहेको भन्ने जानकारी पाईयो । त्यसै गरी उद्योगको वरी परि थारु, झागर, उराउ, मलाहा, तेली समुदायको वसोवास रहेको पाईयो । उद्योगको उत्तर पट्टी श्री नविन आधारभूत विद्यालय रहेको छ । उद्योगको उत्तरपूर्व पट्टी सिमाना जोडीएको मुस्लिम समुदायको पाठशाला मदरसा ज्याउल इस्लाम रहेको पाईयो । आयोगको अनुगमन टोली उक्त मुस्लिम विद्यालयमा पुग्दा उद्योगवाट निस्किएको ध्वनी प्रत्यक्ष सुनिएको थियो । दुहवी नगरपालिकाका नगर प्रमुखका अनुसार यस प्रिमियर उद्योग सुरुमा संचालन हुदा जग्गाको भाउ प्रति कठ्ठा रु ४/५ लाख थियो भने अहिले वढेर रु ३० लाख भएको छ । उद्योगमा दुईतिन सय स्थानीय व्यक्तिहरुले रोजगार पाएका छन् । स्थानीय तहलाई उस्को क्षेत्रमा संचालन भएको उद्योगहरुको अनुगमन गर्ने जिम्मेवारी हाल वर्तमान कानूनले नदिएको हुदा उक्त उद्योग

संचालनवाट निस्किएको प्रदुषणको वारेमा छानविन गर्न नसकीएको वताए । वातावरणलाई मध्य नजर गर्दै हाल उद्योगले प्रदुषण, ध्वनी नियन्त्रण तथा पानि प्रशोधन गर्न नयाँ उपकरण समेत जडान गरिरहेको भन्ने जानकारी दिएको र अनुगमन टोलीले उक्त निर्माणाधिन उपकरणहरुको स्थलगत अवलोकन गरेता पनि ती जडान हुदै गरेका उपकरणहरुको मापदण्ड के हो ? यस्ले वातावरणलाई कस्तो प्रभाव पार्दछ भन्ने विषय सम्वन्धीत विषयका विज्ञहरुवाट मात्रै परिक्षण गरी भन्न सकिने बुझियो । स्थानीय व्यक्तिहरुको घर करेसावारी, विद्यालय, मस्जीद उद्योगकै सिमानामा समेत रहेको पाइएकोले उक्त उद्योग संचालन गर्दा निस्कने प्रदुषण, धुवा, ध्वनी लगायतले मानव स्वास्थ्यमा कती हानी र प्रभाव पुर्याउछ भन्ने कुरा वातावरण विज्ञहरुको अनुसन्धान तथा अनुगमनको प्रतिवेदनवाट मात्रै प्रष्ट हुने हुदा सम्वन्धीत वातावरण विज्ञहरुको टोली गठन गरी थप अनुसन्धान गर्नु पर्ने देखिन्छ ।

### ४.८. कोशी प्रदेशको तेह्रथुम, पाँचथर, संखुवासभा र भोजपुर जिल्लामा अबिरल बर्षाले पारेको प्रभावको सम्बन्धमा तयार पारिएको अनुगमन प्रतिवेदन

#### ४.८.१. पृष्ठभूमि

मानव अधिकारको सम्मान, संरक्षण तथा सम्वर्द्धन र यसको प्रभावकारी कार्यान्वयन गर्नु आयोगको मुख्य कर्तव्य रहेको छ । राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश कार्यालयले यस प्रदेश अर्न्तगतका इलाम, पाँचथर, तेह्रथुम, भोजपुर, शखुवासभा लगायतका केहि जिल्लाहरुमा असार २ र ३ गतेको परेको अविरल बर्षाले गरेको मानवीय तथा धन जनको क्षतिका सम्वन्धमा मिति २०८० असार १३ देखि ऐ १९ गते सम्म स्थलगत अनुगमन गरेको थियो । स्थलगत अनुगमनका क्रममा आयोगको टोलीले पीडित, पीडितका आफन्त, नागरिक समाज, संघ सस्थाका प्रतिनिधी, विपद व्यवस्थापन समिति लगायत सरोकारवालाहरुसँग भेटघाट, अर्न्तक्रिया तथा छलफल गरेको थियो । कोशी प्रदेशका पहाडी जिल्ला इलाम, तेह्रथुम, धनकुटा जिल्लामा बाढीले अलि अलि क्षति गरेतापनि ताप्लेजुङ पाँचथर, संखुवासभा र भोजपुर जिल्लामा मानविय तथा धन जन पशु पंक्षी अन्नबाली, घर खेत, यातायातका साधन, झोलुंगे पुल, राजमार्गका पक्की पुलमा क्षति पुगेको छ भने पाँचथरको हेवा खोलामा भएको पक्की पुल बगाउदा ताप्लेजुङ सदरमुकामसँगको शिधा सम्पर्क हुन सकेको छैन । होम पाईप खोलामा राखि अस्थाई रुपमा गाडि पठाउने प्रयास गरिएतापनि बर्षातका कारण सफल हुन सकेको छैन । अबिरल बर्षाले राजमार्गमा निक्कै ठाउमा पहिरो गएको छ भने पुल वरपर पनि क्षतिपुगेको छ । पाँचथरमा तीन जनाको मृत्यु भएको छ भने तीन जना बेपत्ता छन भने एक जना घाइते छन । संखुवासभामा तीन जनाको मृत्यु भएको छ १९ जना बेपत्ता छन । भोजपुरमा एक जना ईन्जीनियरको मृत्यु भएको छ । पशु पंक्षी चौपाया पनि बाढी पहिरोमा परी क्षति पुगको छ भने कैयौ विघा नदि छेउको जमिनमा लगाएको मकै तथा धानबालि बगरमा परिणत भएको छ ।

#### ४.८.२. ताप्लेजुङ जिल्ला :

ताप्लेजुङ जिल्लामा अबिरल बर्षाले निक्कै ठुलो क्षति पुऱ्याएको छ । तीन जनाको मृत्यु भएको, तीन जना बेपत्ता भएको र तीन जना घाइते समेत भएका छन । ३६ घरहरुमा पूर्ण क्षति भएको छ । आंसिक रुपमा १५२ घरमा, सामान्यरुपमा १७५ घरमा क्षति भएको छ भने ३६ घरधुरिका १४१ जना विस्थापित भएका छन । नदी आसपास लगाएको अन्नबालि बालुवामा परिणत भएको छ । चारवटा पक्की तथा दशवटा झोलुङ्गे गरी जम्मा १४ वटा पुलहरुमा क्षति पुगेको छ । चौपाया २६ र पशुपंक्षि ८ वटाको क्षति भएको छ । पाँचथरको हेवा खोलामा पक्कि पुल बगेपछि मालवाहक सवारी शाधनहरु ताप्लेजुङ सदरमुकाम जान नसकेपछि पाँचथरको हेवा खोला बजारमा थन्किएका छन । पुलको कारण यातायातका शाधन ताप्लेजुङ जान नपाएपछि जिल्लामा दैनिक उपभोग्य बस्तुको मूल्य बृद्धि भएको छ ।

### ४.८.३ पाँचथर जिल्ला

मिति २०८० असार २ र ३ गतेका दिन पाँचथर जिल्लामा परेको अविरल बर्षाको कारण उक्त जिल्लामा तीन जनाको मृत्यु भएको छ भने तीन जना बेपत्ता भएका छन भने १ जना घाईते भएका छन । वाढीका कारण १७ बटा पुलमा क्षति पुगको छ । ९ वटा हाईड्रोमा क्षतिपुगेको छ । २ वटा जेसिबि, ३ वटा टयाक्टर, २१४ वटा पशुको मृत्य भएको छ भने १२ वटा घाईते छन । मेचीराजमार्गमा रहेको पाँचथर ताप्लेजुङ जाने हेवा खोलाको पक्की पुल लगायत ६ वटा पक्की पुल, झोलुङ्गे ९ तथा बेलिब्रिज १ बाढीले बगाउदा पाँचथर र ताप्लेजुङको जनजीवन प्रभावित भएको छ । १८ घर पूर्ण रुपमा क्षति भएको छ । १२६ घरको ६०८ जना बिस्थापीत भएका छन । ८९ घरका ४३९ जना उच्च जोखिममा छन ।

### ४.८.४.संखुवासभा

संखुवासभा जिल्लामा तीन जनाको मृत्यु भएको छ १९ जना बेपत्ता भएका छन । बेपत्ता भएका मान्छे हाईड्रो पावरमा काम गर्ने कैलाली र वर्दियाका श्रमिक हुन । सुपर हेवा हाईड्रोपावर क्रेन, टयाक्टर, मोटरसाईकल लगायतका १५ वटा शाधनमा क्षतिपुगेको छ । अरुण तेस्रो जलबिधुत आयोजनाको टीपर जेसिबि लगायतका शाधनमा क्षति पगेको छ । मकालु, चैनपुर, पाँचखपन लगायतका स्थानीय तहहरुमा ठाउ ठाउमा सडक पहिरोको कारण अवरुद्ध भएको छ । पाचखपन जोडने हेवा खोलाको पक्कि पुल, चैनपुर १ पिलुवामा रहेको पक्कि पुल लगायतका ४ वटा पुल बगाएको छ । अपरपिलुवा हाईड्रोपावर मादि नपा ७, ८, ९ र चैनपुर नपा २ पिलुवा खोलामा निर्माणाधिन अवस्थामा रहेकोमा उक्त हाईड्रोपावरको केहि समान तथा सवारी शाधन बगाएका, संखुवासभा जिल्लामा मात्रै ९ वटा हाईड्रोमा क्षति पुगेको छ । उक्त दिन बाढीमा परि ३१ बाख्रा, १६ सुगुर, २ भैसी, ५ गौरु, २ गाई तथा १०४ कुखुरा बगाएको छ ।

### ४.८.५. भोजपुर

भोजपुर जिल्लामा असार २ र ३ गतेका दिन परेको अबिरल बर्षाले जनजीवन प्रभावित भएको छ । बाढीमा परी १ जना ईन्जिनियरको मृत्यु भएको छ । बाढीमा परी एक जना बेपत्ता भएका छन । ३ वटा चौपायाको मृत्यु भएको छ भने १ घाईते भएको छ । बाढीमा परी ४४ घर, ५ गोठ, १ विद्यालय, ९ खेत, १ सडक प्रभावित भएका छन । सदरमुकाम देखि ग्रामिण भेगसम्म जाने बाटो पहिरोका कारण बन्द भएका छन । राजमार्ग सडकमा पनि धेरै ठाउमा पहिरो गएको छ । पहिरो गएको लामो समय बितिसक्दा समेत पहिरो सफा गर्ने काम भएको छैन । विपदको सम्वन्धमा सरोकारवालाहरुको बिचमा पटक पटक जिल्ला प्रशासन कार्यालयमा बैठकहरु पनि भई रहेका छन । अबिरल बर्षाको कारण यस जिल्लामा केहि मात्रामा क्षति भएको पाईयो ।

### ४.८.६. बिश्लेषण तथा निष्कर्ष :

राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश कार्यालयले यस प्रदेश अर्न्तगतका इलाम, पाँचथर, तेह्रथुम, भोजपुर, शखुवासभा लगायतका केहि जिल्लाहरुमा यहि असार २ र ३ गते परेको अबिरल बर्षाले गरेको मानवीय तथा धन जनको क्षतिका सम्वन्धमा स्थलगत अनुगमन गरेको थियो । स्थलगत अनुगमनका क्रममा आयोगको टोलीले पीडित, पीडितका आफन्त, नागरिक समाज, संघ सस्थाका प्रतिनिधी, विपद व्यवस्थापन समिति लगायत सरोकारवालाहरुसँग भेटघाट, जिल्लागत रुपमा अर्न्तक्रिया तथा छलफल गरेको थियो । कोशी प्रदेशका पहाडी जिल्ला इलाम, तेह्रथुम, धनकुटा जिल्लामा बाढीले अलि अलि क्षति गरेतापनि ताप्लेजुङ पाँचथर, संखुवासभा र भोजपुर जिल्लामा मानविय तथा धन जन पशु पंक्षी अन्नबालि, घर खेत, यातायातका सवारी साधन, झोलुंगे पुल, राजमार्गका पक्की पुलमा समेत क्षति पुगेको छ । अबिरल बर्षाले राजमार्गमा निक्कै ठाउमा पहिरो गएको छ भने

पुल वरपर पनि क्षतिपुगेको छ । जिल्ला सदरमुकामबाट स्थानीय तहसम्म जाने सडक ठाउँ ठाउँमा अवरुद्ध भएका छन ।

**ताप्लेजुङ :**

जिल्लामा अबिरल बर्षाले निक्कै ठुलो क्षति पुऱ्याएको छ । तीन जनाको मृत्यु भएको, तीन जना बेपत्ता भएको र तीन जना घाइते समेत भएका छन । ३६ घरहरुमा पूर्ण क्षति भएको छ । आंसिक रुपमा १५२ घरमा, सामान्यरुपमा १७५ घरमा क्षति भएको छ भने ३६ घरधुरिका १४१ जना विस्थापित भएका छन । नदी आसपास लगाएको अन्नबाली बालुवामा परिणत भएको छ । चारवटा पक्की तथा दशवटा झोलुङ्गे गरी जम्मा १४ वटा पुलहरुमा क्षति पुगेको छ । चौपाया २६ र पशुपंक्षि ८ वटाको क्षतिभएको छ । पाँचथरको हेवा खोलामा पक्कि पुल बगेपछि मालवाहक सवारी शाधनहरु ताप्लेजुङ सदरमुकाम जान नसकेपछि पाँचथरको हेवा खोला बजारमा थन्किएका छन । पुलको कारण यातायातका शाधन ताप्लेजुङ जान नपाएपछि जिल्लामा दैनिक उपभोग्य बस्तुको मूल्य बृद्धि भएको छ ।

**पाँचथर :**

जिल्लामा तीन जनाको मृत्यु भएको छ, तीन जना बेपत्ता भएका छन भने १ जना घाईते भएका छन । बाढीका कारण १७ वटा पुल तथा ९ वटा हाईड्रोमा क्षतिपुगेको छ । २ वटा जेसिबि, ३ वटा टयाक्टरमा क्षति पुगेको छ । २१४ वटा पशुको मृत्य भएको छ भने १२ वटा घाईते भएका छन । मेचीराजमार्गमा रहेको पाँचथर ताप्लेजुङ जाने हेवा खोलाको पक्की पुल लगायत ६ वटा पक्की पुल, झोलुङ्गे ९ तथा बेलिब्रिज १ बाढीले बगाएर लैजादा पाँचथर र ताप्लेजुङको जनजीवन प्रभावित भएको छ । १८ घर पूर्ण रुपमा क्षति भएको छ । बाढीको कारण पाँचथरमा जम्मा १२६ घरको ६०८ जना बिस्थापीत भएका छन । बाढीको कारण ८९ घरका ४३९ जना उच्च जोखिममा रहेकाछन ।

**संखुवासभा :**

जिल्लामा तीन जनाको मृत्यु भएको छ १९ जना बेपत्ता भएका छन । बेपत्ता भएका मान्छे हाईड्रो पावरमा काम गर्ने कैलाली र वर्दियाका श्रमिक हुन । सुपर हेवा हाईड्रोपावरका क्रेन, टयाक्टर, मोटरसाईकल लगायतका १५ वटा शाधनमा क्षतिपुगेको छ । अरुण तेस्रो जलबिधुत आयोजनाको टीपर जेसिबि लगायतका शाधनमा क्षति पगेको छ । मकालु, चैनपुर, पाँचखपन लगायतका स्थानीय तहहरुमा ठाउँ ठाउँमा सडक पहिरोको कारण अवरुद्ध भएको छ । पाचखपन जोडने हेवा खोलाको पक्कि पुल, चैनपुर १ पिलुवामा रहेको पक्कि पुल लगायतका ४ वटा पुल बगाएको छ । अपरपिलुवा हाईड्रोपावर मादि नपा ७,८,९ र चैनपुर नपा २ पिलुवा खोलामा निर्माणधिन अवस्थामा रहकोमा उक्त हाईड्रोपावरको केहि समान तथा सवारी शाधन बगाएको, संखुवासभा जिल्लामा मात्रै ९ वटा हाईड्रोमा क्षति पुगेको छ । उक्त दिन बाढीले ३१ बाखा, १६ सुगुर, २ भैसी, ५ गौरु, २ गाई तथा १०४ कुखुरा बगाएको छ ।

**भोजपुर :**

जिल्लामा पनि असार २ र ३ गतेका दिन परेको अबिरल बर्षाले जनजीवन प्रभावित भएको छ । १ जना ईन्जिनियरको मृत्यु भएको छ भने एक जना बेपत्ता भएका छन । ३ वटा चौपायाको मृत्यु भएको छ भने १ घाईते भएको छ । बाढीमा परी ४४ घर, ५ गोठ, १ विद्यालय, ९ खेत, १ सडक प्रभावित भएका छन । सदरमुकाम देखि ग्रामिण भेगसम्म जाने बाटो पहिरोका कारण बन्द भएका छन । राजमार्ग सडकमा पनि धेरै ठाउमा पहिरो गएको छ । पहिरो गएको लामो समय बितिसक्दा समेत पहिरो सफा गर्ने काम भएको छैन । अबिरल बर्षाको कारण यस जिल्लामा अन्य जिल्लाको तुलनामा केहि कम मात्रामा क्षति भएको पाईयो ।

आयोगले बाढी पीडितका सम्वन्धमा तत्काल सरकारसँग समन्वय गर्नु पर्ने बिषयहरु :

- पाँचथर जिल्लामा हेवा खोलामा पुल निर्माण कार्य हुदै गर्दा बैकल्पीक मार्ग खुलाउन ठुलो खालको होमपाईप खोलामा राख्न पहल गर्नु पर्ने देखिन्छ ।
- आयोगले नेपाल सरकारसँग हेवा खोलामा बेलिब्रिज बनाउने भनेर ल्याएको सामान सडकमा थुपारीएको अवस्थामा रहेकोले तत्काल बनाउनका लागि सरोकारवालालाई निर्देशन दिनु पर्ने देखिन्छ ।
- मृतकका परिवारलाई स्थानीय सरकारले २५ हजारका दरले रकम दिएपनि प्रदेश तथा संघीय सरकारबाट रकम प्राप्त नभएकोले सो को लागि पहल गर्नुपर्ने ।

**४.९ सुनसरी जिल्लामा उद्योग तथा कलकारखानामा काम गर्ने श्रमिकको मानव अधिकार अवस्थाको अनुगमन :**

सुनसरी जिल्लामा कार्यरत श्रमिक तथा ट्रेड युनियनका सदस्यहरुको मानव अधिकारको अवस्था विषयमा छलफल गर्दा नेपाल सरकारले तोके बमोजिमको पारिश्रमीक नपाउदा रोजगारदातासँग कुरा राख्दा पाईरहेको रोजगार गुम्ने अवस्था छ । कतिपय औधोगिक क्षेत्रमा काम गर्ने श्रमिकहरुले कम पारिश्रमिकमा पनि आफु लगायत परिवार पाल्नको लागि वाध्यतावश काम गर्नुपर्ने परेको छ । दुई पक्षीय सम्झौता विना काम गर्नुपर्दा कम्पनीलाई आवश्यक परेको अवस्थामा मात्र काममा लगाउने आवश्यक नपरेको अवस्थामा कामबाट निकालीदिने गरेको छ । आयोगले सरोकारवालासँग आयोजना गरेको छलफल कार्यक्रमका सहभागीहरुले सामाजिक सुरक्षा कोषमा आवद्ध हुने प्रकृया तथा आफु पीडित हुँदा कहाँ कसरी उजुरी गर्ने भन्ने विषयमा अनभिज्ञ रहेको र उजूर वाजुर गर्नुपरेमा पैसा चाहिन्छ हामी जस्ता श्रमिकसँग सधैं पैसाको अभाव हुन्छ कम्पनीको विरुद्धमा उजुरी गर्दा गरिरहेको कामबाट पनि निकाली दिएपछि विहान वेलुकाको हातमुख जोर्न धौ धौ पर्छ भन्ने कुरा अर्न्तक्रिया कार्यक्रममा राखेका थिए । दुहवी नगरपालिका वडा नं. ९ का वडा अध्यक्ष तारिक चन्द्र सरदारको भनाई अनुसार यस औधोगिक क्षेत्रका उद्योगहरु नेपाल सरकारले तोकिए वमोजिमका मापदण्ड अनुसार संचालन हुन नसकेको अवस्था छ । प्रत्येक उद्योगको सामुहिक रुपमा हातेमालो गरेर वृहत रुपमा अनुगमन गरी सम्बन्धीत निकायमा सुधारको लागि सिफारिस गर्न जरुरी छ जसका लागि वडा कार्यालय सदैव तत्पर छ । यस औधोगिक क्षेत्र भित्र कामगर्ने प्रत्येक श्रमिकहरुको हक अधिकारको संरक्षणको लागि नगरपालिका सदैव आयोगसँग हातेमाले गर्न तत्पर छ ।

सुनसरी जिल्लमा बिभिन्न कलकारखानमा काम गरिरहेका श्रमिकको अवस्थाको बारेमा आयोगबाट प्रत्यक्ष रुपमा स्थलगत अनुगमन तथा रुजु सुचि भर्दा सगरमाथा गारमेन्ट प्रा.लि., विगत ६ वर्षदेखि संचालनमा रहेको, जहाँ श्रमिकहरुको संख्या प्रत्येक दिन घटबढ भईरहने, अनुगमन टोली गारमेन्टमा पुग्दा श्रमिकको संख्या १०० जना मात्र रहेको पाईयो भने यीनीहरु मध्ये विगत ६ वर्ष देखि कार्यरत २ जनाले मात्र सामाजिक सुरक्षा कोषमा आवद्ध रहेको, श्रमिकहरुलाई ८ घण्टाको कार्यसमय तोकिएको, यस गारमेन्टमा ट्रेड युनियनको स्थापना नभएको पाईयो । श्रमिकहरुलेकाम गरे वापत प्रति गोटा रु. ४५ को हिसावले टिसर्ट, ट्र्याक सुट, व्याग, पाइन्ट लगायतका रेडिमेड कपडा सिलाई गरेवापत पारिश्रमिक दिने गरेको, गारमेन्टमा धेरै कामको माग आएमा श्रमीकले थोरै पारिश्रमीकमा काम गर्ने गरेको भन्ने श्रमिकको भनाई रहेको र आकस्मिक दुघर्टना भएमा गारमेन्ट संचालकले उपचार गर्ने गरेको भनि श्रमिकहरुले जानकारी गराएका थिए ।

**४.९.१. प्रगती टेक्सटाइल उद्योग प्रा.लि.** इटहरी उक्त उद्योग तीन सिफ्ट अर्थात २४ घण्टा चालु रहने गरेको साथै श्रमिकको संख्या ५०० सम्म रहेको पाईयो । यस उद्योगमा धागो मार्फत तयारी कपडा उत्पादन हुने गरेको, दक्ष, अर्धदक्ष दुवै प्रकारका कामदार कार्यरत रहेको, श्रमिकले दैनिक ८ घण्टा काम गर्ने गरेको तथा उद्योगलाई थप श्रमिकको आवश्यकता परेको अवस्थामा थप पारिश्रमिक दिएर काममा लगाउने गरेको, नेपालको कानून वमोजिम

न्यूनतम पारिश्रमिक भन्दा तल कसैलाई काममा नलगाएको जानकारी श्रमिकबाट पाईयो । यस उद्योगमा विभिन्न पार्टीको ट्रेड यूनियनको स्थापना भएको पाईयो भने यहा कार्यरत सम्पूर्ण श्रमिकहरु सामाजिक सुरक्षा कोषमा आवद्ध रहेको तथा श्रमिकहरुलाई श्रम गर्नको निमित्त वातावरण अनुकुल बनाउन हरदम प्रयास गरी सरसफाईमा समेत बिशेष ध्यान दिने गरेको भन्ने व्यवस्थापकको भनाई रहेको पाईयो ।

**४.९.२.अरिहन्त मल्टी फाइवर्स लीमिटेड,** अरिहन्त मल्टी फाइवर्स लीमिटेड सन 1993 मा स्थापना भई हाल यस लिमीटेडबाट सनपाटबाट बोरा तथा झोला उत्पादन हुने गरेको, यसमा श्रमिकलाई कार्यस्थल सम्म आउन जान का लागि यातायातको ब्यवस्था गरेका श्रमिक तथा कर्मचारीहरुको लागि एम्बुलेन्स, स्वास्थ्यकर्मीको ब्यवस्था गरेको यस लीमिटेडले करिव ३५०० को संख्यामा श्रमीकहरुलाई रोजगारी दिएको, कानून बमोजिम नेपाल सरकारले तोकेको न्युनतम तलब सबै कर्मचारी तथा श्रमीकहरुलाई वैक खाता माफर्त उपलब्ध गराउने गरेको, रोजगार दाता र श्रमिक दुईपक्ष विच श्रम संम्झौता भएको, प्रत्येक श्रकिकले सामजिक सुरक्षाकोष मार्फत दुर्घटना तथा चोटपटक लाग्दा औषधी उपचार गर्ने गरेको यस लिमीटेडले समय समयमा गर्ने गरेको निर्णयमा श्रमीक तथा ट्रेड युनियनका प्रतिनिधिहरुलाई सहभागी गराउने गरेको भन्ने भनाई सरोकारवालाको रहेको पाईयो ।

**४.९.३.रिलायन्स स्पेनिङ मिल्स लिमीटेड** सन १९९४ मा स्थापना भई यस लिमीटेडबाट लत्ता कपडाको लागि आवश्यक पर्ने धागो उत्पादन हुने गरेको, बिगत ३२ बर्ष देखि संचालनमा रहेको, करिब चार हजार कामदार रहेको र धाँगो उत्पादनको कामगर्ने गरेको, कानून बमोजिम श्रमिकले पाउने न्युनतम तलब १५००० भन्दा तल कसैलाई पनि काममा नलगाएको । श्रमिकको तलब खातामा जम्मा गर्ने गरेको, कार्यस्थलमा श्रमिकप्रति कुनैपनि प्रकारको भेदभाव नरहेको, नियुक्ति पत्र, परिचय पत्र लगायतका कागजात श्रमिकलाई प्रदान गर्ने गरेको, श्रमिकहरु ट्रेड युनियनमा आवद्ध भई श्रमिकको हक अधिकारको लागि काम गर्ने गरेको पाइयो । कम्पनिलेनै महिला र पुरुषलाई बास बस्नको लागि छुट्टाछुट्टै आवास क्षेत्रको व्यवस्था गरेको, गर्भवती महिलालाई बिदा दिने र पुरुष श्रमिकलाई सुत्केरी स्याहार विदा दिने गरेको भन्ने प्रशासन प्रमुखको भनाई रहेको श्रमिकहरुको मनोरन्जनको लागि भलिवल, फुटवल, बेडमेन्टन, क्यारमबोर्ड लगायतका खेल सामग्रीको व्यवस्था गरेको, श्रमिकहरुको स्वास्थ्य सुविधाको लागि सामान्य प्रकारको चेक जाच तथा उपचारको लागि एक जना एच ए, औषधी/फार्मेसी र एम्बुलेन्सको समेत व्यवस्था गरेको भन्ने भनाई व्यवस्थापकको रहेको पाइयो ।

**४.९.४.पशुपती विस्कुट उद्योग :** यस उद्योगको स्थापना २०३० सालमा भई हाल आई. एस. ओ. मान्यता प्राप्त गरी करिव २०० जना श्रमिक तथा कर्मचारीहरु यसमा कार्यरत रहेको पाईयो । यस उद्योगमा विभिन्न किसिमका विस्कुटहरु उत्पादन हुनेगरेको । प्रत्येक श्रमिकलाई रोजगार दाता र श्रमिक विच रोजगारीको सम्झौता पत्र लिने दिने तथा सम्झौता पत्र अनुसारनै श्रमीक तथा कर्मचारीहरुलाई सेवा तथा सुविधा उपलब्ध गराउने गरेको, यस उद्योगमा अस्थायी, स्थायी तथा दैनिक ज्यालादारीमा पनि काम गर्ने तीन प्रकारका श्रमिकहरु रहेको र सामाजिक सुरक्षा कोषमा स्थायी कर्मचारी आवद्ध रहेको तथा अन्य श्रमिक तथा कर्मचारीहरुको हकमा क्रमवद्ध रुपमा सहभागी हुने प्रकृयामा रहेको पाईयो । यस उद्योगमा कार्यरत श्रमिकहरुलाई सुरक्षा सम्बन्धी (पोशाक, टोपी तथा पंजा आदि) सावधानी पूर्ण रुपमा व्यवस्था मिलाएको पाईयो ।

**४.९.५.पशुपती सिल प्याक उद्योग प्रा.लि** यस पशुपती सिल प्याक उद्योग प्रा.लि. मा कर्मचारी र श्रमिकहरु गरी २०० जना कामदारहरु रहेको, यस उद्योगमा प्लाष्टीकका तयारी वोराहरु उत्पादन हुने गरेको, यस उद्योगमा कार्यरत श्रमिक तथा कर्मचारीहरुलाई श्रम गर्ने क्रममा कुनै किसिमको चोटपटक लागेमा उद्योगलेनै उपचार गर्ने गरेको, यस उद्योगमा कार्यरत श्रमीक तथा कर्मचारीहरु न्युन मात्रामा सामाजिक सुरक्षा कोषमा आवद्ध रहेको र

कोभिड पश्चात बैंकको चर्को व्याज, बजारमा तयारी सामान निर्यात नहुने जस्ता समस्याले गर्दा उद्योगहरु धरासयमा पर्ने गरेको भन्ने संचालकको भनाई रहेको पाईयो ।

**पशुपती खाद्य तेल उद्योग प्रा.लि. :** उक्त उद्योग २०४३ सालमा स्थापना भई हाल करिव २०० जना श्रमिक कार्यरत रहेको, श्रमीक तथा कर्मचारीहरु सामाजिक सुरक्षा कोषमा केहि मात्रामा आवद्ध रहे पनि बाँकी रहेका अन्य कर्मचारी तथा श्रमीकहरुलाई कोषमा आवद्ध हुन अभिप्रेरित गर्ने गरेको तथा यस उद्योगमा स्वदेसी साबुन उद्योग प्रा.लि., पशुपती खाद्य तेल उद्योग प्रा. लि. र बिनायक अक्सिजन उद्योग प्रा.लि. गरी तीन किसिमका उद्योगहरु एकै परिसर भित्र संचालनमा रहेको । तीन वटै उद्योगबाट उत्पादित साबुन, तेल तथा अक्सिजन नेपालभरी निर्यात हुने गरेको, यस उद्योगमा नेपाल सरकारले तोके बमोजिमको न्युनतम तलव तथा केही छनौटमा परेका पुराना श्रमिक तथा कर्मचारीहरुलाई आवासको लागि कोठा भाडाको व्यवस्था गरिएको, उद्योग भित्र कार्यरत कर्मचारीहरुको गुनासोहरुलाई प्रत्येक दुई वर्षमा दुवै पक्ष वार्तामा वसि एक आपसमा छलफल गरी निचोडमा पुऱ्याउने गर्ने गरेको भन्ने दुबै पक्षको भनाई रहेको पाइयो । यस उद्योगमा कार्यरत प्रत्येक कर्मचारी तथा श्रमिकहरुको व्यक्तिगत फाइल अलग अलग बनाई राख्ने गरेको तथा कर्मचारी र श्रमिकहरुलाई काममा लगाउनु पूर्व दुईपक्ष सम्झौता गराई सम्झौतामा उल्लेख भए अनुसारको सेवा सुविधा उपलब्ध गराउने गरेको भन्ने व्यवस्थापकको भनाई रहेको पाईयो ।

**४.९.६.परफेक्ट फुड्स प्रा.लि.** : परफेक्ट फुड प्रा.लि. २०७१ सालमा स्थापना भई हाल करिव ५० जना श्रमिक तथा कर्मचारीहरु कार्यरत रहेको, उक्त फुड प्रा.लि. ले बजारबाट माग भए अनुसारका बिभिन्न प्रकारका चकलेटहरु उत्पादन गर्ने गरेको, परफेक्ट फुड प्रा.लि.मा नेपाल सरकारले तोकेको न्यूनतम दैनिक ज्यालादारीमा ८ घण्टा काम गर्ने गरेको तथा श्रमिकको पारिश्रमिक बैंक मार्फत भुक्तान गर्ने गरेको, यस प्रा.लि. बाट सेन्टर फ्रेस नामक चुइगम नेपालमा पहिलो पल्ट उत्पादन गरि निर्यात गरिरहेको तथा यसै चुइगमबाटै परफेक्ट फुड प्रा.लि. संचालनमा रहेको भन्ने भनाई व्यवस्थापकको रहेको पाईयो ।

**४.९.७. बाबा फ्लौर मिल्स प्रा.लि.,** खनार, **२०५०** सालमा स्थापना भई हाल करिव १०० जना श्रमिक कार्यरत रहेको, श्रमिक तथा कर्मचारीहरुलाई नेपाल सरकारले तोके बमोजिमको पारिश्रमिक बैंक मार्फत भुक्तान गर्ने गरेको, यसबाबा फ्लौर मिल्स प्रा.लि. बाट गहुँ मकै लगायतका अन्नवालि प्रशोधन भई मैदा, आँटा, सुजि तथा चोकर उत्पादन हुने गरेको पाईयो । यसबाबा फ्लौर मिल्स प्रा.लि. मा नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक भन्दा कममा कसैलाई काममा नलगाइएको । दैनिक ८ घण्टा काम गर्ने गरेको तथा श्रमीकको पारिश्रमिक बैंक मार्फत भुक्तान गर्ने गरेको र सामाजिक सुरक्षा कोषमा केहि मात्रामा आवद्ध रहे पनि बाँकिरहेका अन्य कर्मचारी तथा श्रमिकहरुलाई कोषमा आवद्ध रहन अभिप्रेरित गर्ने गरेको तर सुरुमा काममा लगाउदा श्रमिक र रोजगारदाता विच कुनै पनि किसिमको सम्झौता नभएको भन्ने भनाई व्यवस्थापकको रहेको पाईयो ।

**४.९.८. भवानी टि चेष्ट प्रा.लि.:** इटहरी, भवानी टि चेष्ट प्रा.लि.२०४० सालमा स्थापना भई हाल करिव ७० जना कार्यरत रहेको, यस प्रा.लि. बाट प्लाईउड उत्पादन हुनेगरेको र उक्त प्लाईउड भारतमा ७० प्रतिशत तथा नेपालमा ३० प्रतिशत खपत हुनेगरेको, सामाजिक सुरक्षा कोषमा लामो समय देखि कार्यरत रहेका कर्मचारी तथा श्रमीकहरु आवद्ध रहे पनि बाँकी रहेका अन्य कर्मचारी तथा श्रमीकहरुलाई कोषमा आवद्ध रहन अभिप्रेरित गर्ने गरेको तर सुरुमा काममा लगाउदा श्रमिक र रोजगारदाता विच कुनै पनि किसिमको सम्झौता नभएको, यस प्रा.लि. मा नेपाल सरकारले तोकेको न्यूनतम दैनिक ज्यालादारीमा ८ घण्टा काम गर्ने गरेको तथा बैंक मार्फत

भुक्तान गर्ने गरेको र यहाँ कार्यरत कर्मचारी तथा श्रमिकको तलव ग्रेड वृद्धी हुने, चार्डपर्व खर्च उपलब्ध गराउने र वोनसको व्यवस्था गरेको भन्ने व्यवस्थापकको भनाई रहेको पाईयो ।

**४.९.९. अन्नपूर्ण जुत्ता चप्पल उद्योग प्रा.लि.**: दुहवी, उक्त जुत्ता चप्पल प्रा.लि. २०४१ सालमा स्थापना भई हाल करिव २६० जना श्रमिक तथा कर्मचारी कार्यरत रहेको, यस उद्योगबाट १०० किसिमका डल्फीन नामका जुत्ता चप्पल उत्पादन हुने गरेको पाईयो । उक्त उद्योग एक सिफ्ट मात्र चालु हुने जहाँ जम्मा श्रमिक तथा कर्मचारी मध्ये ७० जना महिला श्रमिक रहेको पाईयो । नेपाल सरकारको नीति नियम तथा कानुनको पालना भइरहेको भन्ने भनाई श्रमिक तथा व्यवस्थापकको रहेको पाईयो ।

**कानुनी विश्लेषण :**

श्रमिकको अधिकारको सम्वन्धमा नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय महासन्धि तथा राष्ट्रिय कानुनहरुमा उल्लेख गरिएको छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २२ ले प्रत्येक व्यक्तिलाई सामाजिक सुरक्षाको अधिकार, धारा २३ ले काम गर्ने, स्वेच्छाले रोजगारी रोज्नेर काम गर्नको निमित्त उचित र अनुकुल परिस्थिति प्राप्त गर्ने, उचित र अनुकुल पारिश्रमिक पाउने, विना भेदभाव समान कार्यको लागि समान पारिश्रमिक पाउने, आफ्नो हित रक्षाको लागि ट्रेड युनियन स्थापना गर्ने र त्यसमा सम्मिलित हुने अधिकार, धारा २४ ले कार्य समयको मुनासिक सिमा, आवधिक विदासहित आराम र विश्रामको अधिकार प्रदान गरेको छ । आर्थिक, सामाजिक तथा साँस्कृति अधिकार सम्बन्धी अभिसन्धी १९६६ को धारा ६ ले प्रत्येक व्यक्तिलाई स्वेच्छाले रोजगारी रोज्न सक्ने र काम गर्नको लागि उचित र अनुकुल परिस्थिति प्राप्त गर्ने अधिकार, धारा ७ ले प्रत्येक व्यक्तिलाई विना भेदभाव समान कामको लागि समान पारिश्रमिक पाउने अधिकार, धारा ८ ले ट्रेड युनियन स्थापना गर्ने र त्यसमा सम्मिलित हुने तथा हड्ताल गर्न पाउने अधिकार, धारा ९ ले सामाजिक सुरक्षा र सामाजिक विमाको अधिकार, धारा १० ले सुत्केरी महिलाहरुलाई सुत्केरी हुनुअघि र पछि तलब सुविधा सहितको उचित विदा पाउने अधिकार प्रदान गरेको छ । त्यसैगरी नेपाल पक्षराष्ट्र भएका अन्तर्राष्ट्रिय श्रम सम्बन्धी विभिन्न ११ महासन्धीहरुमा श्रमिकका अधिकारको व्यवस्था गरिएको पाईन्छ ।

राष्ट्रिय कानूनतर्फ नेपालको संविधान, २०७२ को धारा ३४ ले प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक, उचित पारिश्रमिक, सुविधा र योगदानमा आधारित सामाजिक सुरक्षाको हक, ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदावाजी गर्न पाउने हक प्रदान गरेको छ भने धारा ५१ (झ) ले सबै श्रमिकको आधारभूत अधिकारको सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने, बालश्रम लगायत श्रम शोषणका सबै रुपको अन्त्य गर्ने, श्रमिक र उद्यमी व्यवसायीविच सुसम्बन्ध कायम गर्दै व्यवस्थापनमा श्रमिक सहभागिता प्रोत्साहन गर्ने लगायतका व्यवस्थाहरु रहेको छ । त्यसैगरी श्रम सम्बन्धी विशेष कानूनको रुपमा रहेको श्रम ऐन २०७४ र श्रम नियमावली २०७५ मा श्रमिकका हक अधिकार सम्बन्धी विभिन्न व्यवस्थाहरु गरिएको छ ।

कोशी प्रदेश कर्यालय विराटनगरले श्रमिकको अधिकार सम्बन्धि राष्ट्रिय एवं अन्तर्राष्ट्रिय व्यवस्थाको कार्यान्वयन अवस्थालाई मध्यनजर गरी नेपालकै औद्योगिक नगर मध्येको एक सुनसरी जिल्लामा रहेका केहि कल कारखानाका श्रमिकको मानव अधिकारको अवस्थाको बारेमा गरिएको अध्ययन/अनुगमनबाट प्राप्त माथि उल्लिखित तथ्यहरुको आधारमा विश्लेषण गर्दा उद्योग, प्रतिष्ठान, संस्था तथा कम्पनीमा श्रम ऐन २०७४ को पूर्ण कार्यान्वयन भएको पाइएन । सामाजिक सुरक्षा कोषमा केही उद्योग प्रतिष्ठान तथा कम्पनी समावेश भएपनि अन्य बाँकीलाई समेटेको पाइएन । नियमित रोजगारीमा रहेका श्रमिक सामाजिक सुरक्षा कोषमा आवद्ध भई सेवा सुविधा प्राप्त गरेको भएपनि समयगत श्रमिकलाई त्यसले सम्बोधन गरेको पाइएन । महिला श्रमिकमाथिको हिंसा र विभेद छिटफुट रुपमा भैरहेको भए पनि उजुरी दर्ता नभएको, श्रमिकहरु ट्रेड युनियनमा आवद्ध भएको, नेपालको प्रचलित कानुन अनुसार न्यूनतम तलब सुविधा प्राप्त गरेको, विभिन्न किसिमका विदा उपलब्ध भएको, श्रमिकको आधारभूत

अधिकारका बारेमा सचेत रहेको, रोजगार सम्झौता, नियुक्तिपत्र, परिचय पत्र उपलब्ध केहिले मात्र गराइएको, चाडवाड खर्च, बोनस, ग्रेड बृद्धि, विमा, व्यवसायजन्य सुरक्षा जस्ता सुविधा प्राप्त गरेको भएपनि नियमित रोजगारी बाहेक समयगत रोजगारीका श्रमिकहरुले उक्त सुविधा पाउन नसकेको पाइयो ।

**निष्कर्ष**

श्रमिकको मानव अधिकार अवस्था अध्ययन अनुगमनबाट प्राप्त तथ्य तथा विश्लेषणका आधारमा श्रमिकको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानुन तथा राष्ट्रिय कानुनमा भएका व्यवस्थाहरुको पूर्ण रुपमा कार्यान्वयन भएको पाइएन । नियमित श्रमिकहरुलाई केही हदसम्म सम्बोधन गरेको भएपनि समयगत श्रमिकका सवालमा ध्यान दिईएको पाइएन । उद्योग प्रतिष्ठन तथा कम्पनीमा कार्यरत श्रमिकहरुवीच अझैपनि कुनै न कुनै रुपमा हिंसा तथा भेदभाव भएपनि कामबाट निकालि दिने डरले कसैले गुनासो गर्न नसकेको । सामाजिक सुरक्षा कोषमा सवै उद्योग प्रतिष्ठान, संस्था तथा कम्पनी आवद्ध नभएको तथा कार्यरत सबै श्रमिकलाई आवश्यक सचेतनामुलक र कार्यक्षेत्रगत तालिम कार्यक्रम उपलब्ध गराउन नसकेको पाइयो । श्रमिकलाई दिईने सेवा सुविधामा एकरुपता ल्याउन आवश्यक नीतिगत तथा कानुनी व्यवस्था गर्नुपर्ने देखिन्छ । श्रम ऐन २०७४ र नियमावली २०७५ बमोजिम श्रमिकलाई सामाजिक सुरक्षा कोषमा अनिवार्य आवद्ध गराई श्रमिकहरुको अधिकार सुनिश्चित गर्नका लागि नेपाल सरकारलाई सिफारिस गर्नुपर्ने देखिन्छ । नेपाल पक्ष राष्ट्र भएको श्रम सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धीका प्रावधानहरु पूर्ण रुपमा कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्नुपर्ने दखिन्छ ।

### ४.९.१०. झापा र इलाम जिल्लाका चिया बगानमा कार्यरत श्रमिकको मानव अधिकारको अवस्थाको अनुगमन प्रतिवेदन

#### ४.९.१०. १. पृष्ठभूमि

नेपालको संविधानले राष्ट्रिय मानव अधिकार आयोगलाई मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताको नेपाल पक्ष बनिसकेका सन्धि वा सम्झौताको कार्यान्वयन भए वा नभएको अनुगमन गरी कार्यान्वयन नभएको पाइएमा त्यसको कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने क्षेत्राधिकार तोकिएको छ । साथै, राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ ले मानव अधिकार सम्बन्धित प्रचलित कानूनको कार्यान्वयन स्थितिको अनुगमन गर्ने तथा सो को प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने व्यवस्था रहेको छ ।

आयोगको छैठौं रणनीति योजना (२०२१-२०२६) को बुंदा नं. २.१.१० मा श्रम तथा रोजगारको अवस्था अनुगमन गर्ने कार्यक्रम प्रस्तावित छ । साथै बुंदा नं. २.१.१३ मा व्यवसाय र मानव अधिकार सम्बन्धी अनुगमन गर्ने कार्यक्रम पनि समावेश छ । आयोगको स्वीकृत कार्यक्रम अनुसार इलाम र झापा जिल्लाका चिया बगानमा कार्यरत श्रमिकको मानव अधिकार अवस्थाको मिति २०८० जेठ ३० देखि असार ४ गतेसम्म श्रमिकको अवस्थाको स्थलगत अवलोकन, प्रश्नावली सर्भेक्षण, लक्षित समुह छलफल र अन्तरक्रिया कार्यक्रम गरी यो प्रतिवेदन तयार गरिएको छ ।

#### ४.९.१०. २. अनुगमनबाट प्राप्त तथ्यहरु

#### २.१. स्थलगत अवलोकनबाट प्राप्त जानकारी

- चिया बगानका श्रमिकहरुले तोकिए अनुसार दैनिक हरियो चियाका मुना संकलन गरेपश्चात दैनिक रु ४३५/- (चार सय पैतिस रुपियाँ) प्राप्त गर्ने गरेको जानकारी ।

- २४० दिन कार्य गरेपश्चात स्थायी रोजगारको रुपमा परिणत गर्ने गरेको भन्ने भनाई, सो को आधारमा नियुक्ती पत्र दिने गरेको, अस्थायी र मौसमी कामदारसँग कुनै नियुक्त पत्र वा करार सम्झौता नहुने गरेको र स्थायी श्रमिकको सञ्चयकोष र बिमा हुने गरेको पनि जानकारी पाइएको छ ।

- श्रमिकहरु विहान ७ बजेदेखि दिनको ११ बजेसम्म र दिनको १ बजेदेखि घाम नअस्ताउने वेलासम्म काम खटिने गरेको जानकारी ।

- चिया बगानमा अधिकांश महिला श्रमिक प्रयोग हुने गरेको भन्ने भनाई रहको र अनुगमनका क्रममा पनि अधिकांश महिला श्रमिकले श्रम गरिरहेको, आफन्तमार्फत बालबालिकाहरु पनि श्रममा सहभागी हुने गरेको जानकारी पाइयो ।

- चिया बगानमा कार्यरत श्रमिकले छाता ओडेर प्लाष्टिकको झोलामा हरियो चियाका मुना संकलन गर्ने गरेको, चिया उद्योगमा छिटपुट सुरक्षा उपकरणसहित श्रमिकले श्रम गरिरहेको तथा चिया बगान र उद्योग दुबैमा श्रमिकले परिचयपत्र प्रयोग गरेको देखिएन ।

- अन्तरवार्ताको क्रममा केहि श्रमिक आफ्ना अधिकारका बारेमा जानकार रहेको तर अधिकांशलाई अधिकारको विषयमा जानकारी नभएको ।

- चिया बगानमा श्रमिकलाई शौचालय र खानेपानीको अभाव रहेको अवलोकनमा देखिएको छ । श्रमिक बस्ने घर "धुरा" पानी चुहिने, हावाहुरी आएको अवस्थामा बस्न नसकिने अवस्थामा रहेको भन्ने श्रमिकहरुको भनाई रहेको ।

- झापाका चिया वगानमा श्रमिकको अभाव हुने गरेको, श्रमिक वैदेशिक रोजगारीमा पलायन हुने गरेको कारण व्यवसायमा नै असर परेको व्यवसायीबाट जानकारी पाइएको छ । झापाको चिया बगानमा राजवंशी, उराँव, कुसुण्डा, मुण्डा जस्ता सीमान्तकृत आदिवासी जनजातिले स्थानीय स्तरमा रोजगारी प्राप्त गरेको जानकारी पाईयो ।

## २.२. स्रोत व्यक्तिको प्रस्तुतिबाट प्राप्त जानकारी

- इलाम जिल्लामा आयोजित अन्तरक्रिया कार्यक्रम प्रस्तुति गर्नु भएका सदिक्षा खनालले मुलुकभरी करिब ८० हजार स्थायी, अस्थायी र मौसमी कामदार चिया बगानमा कार्यरत रहको, बोर्ड अर्न्तगत चिया विस्तार, योजना फिक्कलमा ५ जना स्थायी र ४ जना अस्थायी श्रमिक कार्यरत रहेको जानकारी प्राप्त । चिया विस्तार योजना, मंगलबारेमा ८ जना स्थायी र २० जना अस्थायी श्रमिक कार्यरत रहेको, त्यस्तै, चिया विस्तार योजना जस्बिरेमा २ जना स्थायी र १० जना अस्थायी श्रमिक कार्यरत रहेको जानकारी पाइएको छ ।

- झापामा आयोजित अन्तरक्रिया कार्यक्रममा बोर्डका झापास्थित कार्यालय प्रमुख इन्द्र अधिकारी र पत्रकार अर्जुन राजवंशीले चिया बगानको श्रमिको विषयमा प्रस्तुति राख्नु भएको थियो । चिया क्षेत्रमा करिव ८०% महिला मजदुर संलग्न रहेको, रोजगारदाताले भत्ता सुविधा समयमा तलव उपलब्ध नगराएको, बिषादिका कारणबाट मजदुर दिर्घ रोगी बन्नु परेको, रोजगारदातासँग सम्झौता तथा विमा नभएका श्रमिक पनि कार्यरत रहेको जानकारी पाइएको छ । न्यूनतम् वेतन २/२ वर्षमा पुनरावलोकन भई वृद्धि हुनुपर्नेमा नभएको, सेवा निवृत्त श्रमिकले पाउनुपर्ने सेवा सुविधा बर्षौसम्म नपाएको साथै राजीनामा वा मृत्यु भई सेवाबाट हट्दा उपदान बापत पाउनुपर्ने रकम लिन बर्षौ कुर्नुपर्ने अवस्था रहेको भन्ने श्रमिकको भनाई रहेको ।

- चिया क्षेत्रमा श्रम ऐन २०७४, श्रम नियमावली २०७५, योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन २०७४ प्राय : कार्यान्वयन नभएको जानकारी पाइएको छ ।
- हरियो चियापत्ति उत्पादनदेखि बजारीकरणसम्ममा धेरै समस्याहरु रहेका कारण चिया खेती विस्थापित हुदै गरेको, साना चिया किसानहरुलाई सहुलियत दरमा सरकारले रासायनिक मल उपलब्ध नगराएको, राज्यले सहकारिताका माध्यमबाट चिया खेती गर्न, उद्योग संचालन गर्न कानुनी व्यवस्था गरे तापनि हालसम्म किसानहरुले ऐनले प्रदान गरेका कर, भन्सार, राजश्व जस्ता कुनै छुट र सुविधा प्राप्त गर्न नसकेको भन्ने भनाई रहेको ।

## २.३. अन्तरक्रिया कार्यक्रममा उठेका सवाल

स्थलगत अनुगमनका क्रममा इलाम र झापा जिल्लामा अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो । दुबै जिल्लाको कार्यक्रम आयोगको माननीय सदस्य डा. सुर्य ढुंगेलज्यूको अध्यक्षतामा भएको थियो । कार्यक्रममा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको सम्बन्धित कार्यालयका प्रमुख तथा प्रतिनिधिको सहभागिता रहेको थियो । साथै, चिया क्षेत्रका क्रियासिल संघ संस्था, व्यवसायी, श्रमिक, पत्रकार, कानून व्यवसायी, मानव अधिकार रक्षकको सहभागिता रहेको थियो ।

क) इलाम

इलाम जिल्लामा आयोजित अन्तरक्रिया कार्यक्रममा आयोगको माननीय सदस्य डा. सुर्य ढुंगेलज्यू, इलाम नगरपालिका, इलामका प्रमुख केदार थापा, सुर्योदय नगरपालिका इलामका प्रमुख इन्द्रबहादुर राई, इलामका प्रमुख जिल्ला अधिकारी श्रवण पोखरेल, आयोगका सहसचिव नवराज सापकोटा, प्रहरी उपरीक्षक, आयोगको कोशी प्रदेश कार्यालय प्रमुख पवनकुमार भट्ट, राष्ट्रिय चिया तथा कफि विकास बोर्ड, इलामका चिया विस्तार योजना, फिक्कल, जलविरे, मंगलबारेका प्रमुख, नेपाल बार एसोसियसन, नेपाल पत्रकार महासंघ, नेपाल उद्योग वाणिज्य महासंघ, गैरसरकारी संस्था महासंघ, चिया क्षेत्रसँग सम्बन्धित संघसंस्था, ट्रेड युनियन संगठन, मानव अधिकार रक्षक, नागरिक समाज लगायत संघ सस्थाको प्रमुख तथा प्रतिनिधिको सहभागिता रहेको थियो ।

**इलाममा आयोजित अन्तरक्रिया कार्यक्रममा उठेको सवाल :**

- चिया बगानलाई व्यवस्थित गर्न सुर्योदय नगरपालिका, इलामले एक कार्यविधि नै जारी गरि लागु गरेको जानकारी पाइयो ।
- चिया बगानमा कार्यरत श्रमिकको यथार्थ तथ्याङ्क कुनै निकायसँग नरहेको जानकारी प्राप्त भयो, केहि चिया बगानमा व्यवसायीहरुले पत्रकार, ट्रेड युनियनहरुलाई प्रवेश दिने नगरेको, कुनै श्रमिकले चिया बगानका विषयमा नकरात्मक टिप्पणी वा सुचना सार्वजनिक गरे विभिन्न वहानामा रोजगारीबाट निकाल्ने गरेको साथै, श्रमिकहरु कुनै कार्यक्रममा सहभागी हुन जाँदा सो दिनको पारिश्रमिक कट्टा गर्ने गरेको भन्ने भनाई ।
- चिया श्रमिक, चिया व्यवसाय र किसानलाई विकास, प्रवर्द्धन गर्ने कार्य सरकारी स्तरबाट पहल हुन नसकेको, संघीय, प्रदेश र स्थानीय तह सरकारविच एकिकृत प्रयास हुन नसकेको अन्तरक्रियामा सहभागीहरुले जानकारी दिएका छन् । साथै राजनीतिक दल, ट्रेड युनियन र अन्य सरोकारवाला विच पनि नतिजाउन्मुख प्रयास हुन नसकेको भन्ने भनाई ।

ख) झापा

झापा जिल्लामा आयोजित अन्तरक्रिया कार्यक्रममा आयोगको माननीय सदस्य डा. सुर्य ढुंगेलज्यू, माननीय सदस्य मिहिर ठाकुरज्यू, कन्काई नगरपालिका, झापाका प्रमुख राजेन्द्र पोखरेल, हल्दिबारी गाउपालिका झापाका अध्यक्ष रविन्द्र लिङ्देन, विर्तामोड नगरपालिकाको उपप्रमुख नगेन्द्र संग्रौला, झापाका प्रमुख जिल्ला अधिकारी शिवराम पोखरेल, आयोगका सहसचिव नवराज सापकोटा, प्रहरी नायव उपरीक्षक सरोज कार्की, आयोगको कोशी प्रदेश कार्यालय प्रमुख पवनकुमार भट्ट, कृषि ज्ञान केन्द्र, झापा, श्रम कार्यालय, झापा, राष्ट्रिय चिया तथा कफि विकास बोर्ड, झापाका प्रमुख इन्द्र अधिकारी, नेपाल बार एसोसियसन, नेपाल पत्रकार महासंघ, नेपाल उद्योग वाणिज्य महासंघ, गैरसरकारी संस्था महासंघ, चिया क्षेत्रसँग सम्बन्धित संघसंस्था, ट्रेड युनियन संगठन, नागरिक समाज, संघ सस्थाका प्रमुख तथा प्रतिनिधि, मानव अधिकार रक्षक लगायतको सभ्य र भव्य सहभागिता रहेको थियो ।

झापा जिल्लामा आयोजित अन्तरक्रिया कार्यक्रममा उठेको सवालहरु :

- चिया वगानमा कार्यरत श्रमिकको मानव अधिकारको अवस्था मानव अधिकारमैत्री नरहेको ।
- छलफलमा श्रमिकको अधिकार संरक्षण गर्न सरकारी निकाय, चिया उत्पादक, व्यवसायी, श्रमिकलगायत विच अन्तरक्रिया गर्नु उपयुक्त हुने ।
- श्रम ऐन, २०७४ चिया बगानका श्रमिकको अधिकार संरक्षणका लागि कार्यान्वयनमा रहेको छैन ।
- चिया श्रमिकहरुले उजुरी, गुनासो, बगान भित्रको नकरात्कप पक्ष सार्वजनिक गर्ने तथा कार्यक्रमहरुमा सहभागी भयो भने विभिन्न बहाना देखाएर रोजगारीबाट निकालिदिने गरेको भन्ने भनाई ।
- चिया बगानमा कार्यरत श्रमिकका ट्रेड युनियन संघसंगठनले २०७९ असार ६ गते न्यूनतम पारिश्रमिक वृद्धि, पत्ति डबलीको दरमा बृद्धि, सबैखाले श्रमिकलाई काममा लगाउदा अनिवार्य रोजगार सम्झौताको गरिनुपर्ने र सबै किसिमको रोजगारी रहेका चिया श्रमिकहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सुचिकृत गर्नुपर्ने ४ बुँदे माग राखी दवावमुलक गतिविधि सञ्चालन गरेको भन्ने भनाई ।
- चिया उत्पादक र व्यवसायीले व्यहोरिरहेको समस्याका विषयमा पनि सामुहिक छलफल गर्न उपयुक्त हुने ।
- राष्ट्रिय मानव अधिकार कार्ययोजना स्थानीय तहमा कार्यान्वयन हुन सकेको छैन । यसको कार्यान्वयनका लागि आयोगले सहजिकरण गर्नु पर्ने ।
- चिया विषयमा उठेका विवाद समाधान गर्न झापामा संवाद समुह क्रियाशिल रहेको छ । झापा जिल्लामा मानव अधिकार अवस्था अझै संवेदनशील रहेको छ ।
- कोशी प्रदेश सरकारले चिया श्रमिकको अधिकारको लागि ४ करोड १० लाख रुपिया पहिलो पटक विनियोजन गरेको छ ।
- चिया क्षेत्र व्यवस्थापनका लागि विभिन्न समयमा अध्ययन, आयोग गठन भई प्रतिवेदन तयार भए पनि कार्यान्वयन भएको छैन । सोको खोजविन आयोगले गर्नुपर्दछ ।

**मा. सदस्य मिहिर ठाकुरज्यू**

अन्तरक्रिया कार्यक्रममा प्राप्त सुझावले आयोगलाई थप कार्य गर्न उत्प्रेरणा मिलेको छ । कोशी प्रदेश सरकार चिया क्षेत्रका श्रमिकका लागि बजेट विनियोजना गर्नु सकारात्मक पक्ष हो । संयुक्त राष्ट्रसंघीय व्यवसाय र मानव अधिकारका मार्गनिर्देशक सिद्धान्तले व्यवसाय र मानव अधिकारमा जिम्मेवार व्यवसायलाई प्राथमिकता दिएको छ ।

श्रमिकको अवस्था अहिले पनि पुर्ण अधिकार प्राप्त गरेको पाइएको छैन । राष्ट्रिय मानव अधिकार कार्ययोजना कार्यान्वनमा आयोगको अनुगमनको भूमिका हो । त्यसको कार्यान्वयन हुन नसकेको विषय आयोगको थप सक्रियता हुनेछ । चिया वगानमा कार्यक्रम श्रमिक, व्यवसायी र किसानको हितमा हामी सबै सरोकारवाला थप क्रियाशिल हुन आग्रह गर्नु भएको थियो ।

**मा. सदस्य डा. सुर्य ढुंगेलज्यू**

आयोगले चिया बगानमा कार्यरत श्रमिकहरुको मानव अधिकारको लागि आयोग थप क्रियाशिल हुनेछ । यस क्षेत्रमा क्रियासिल सरकारी निकाय, व्यवसायी, किसान र श्रमिकको सामुहिक छलफल आयोगले गर्नेछ । श्रमिकहरु गुनासो नै राख्न नसक्ने अवस्था पनि पाइएको छ । चिया बगानमा बाल श्रमिकको अवस्था रहेको विषय नकार्न सकिन्न । यो मानव अधिकारको संवेदनशिल अवस्था हो । चिया व्यवसायीको कुरा पनि आयोगले सुन्नेछ । समस्या आएपछि समाधान पनि हुन्छ । भारत, चीन, केन्या लगायत चिया उत्पादकको ठुलो मुलुक हुन् । विश्वव्यापी रुपमा बाल श्रमिक र महिला हिंसा विषय पनि चिया बगानमा उठ्ने गरेको छ । श्रमिकको उत्थानका लागि सहयोग गरेर उत्पादन थप विस्तारमा सबै सरोकारवालाले सँगसँगै कार्य गर्नु जरुरी छ । समाधन दिने मुख्य जिम्मेवारी सरकारी निकाय नै हो ।

### ४.९.१०. ३. श्रमिकको अधिकारसम्बन्धी कानूनी व्यवस्था

**नेपालको संविधान**

नेपालको संविधानले प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुने उल्लेख छ । प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हकको व्यवस्था गरेको छ । प्रत्येक श्रमिकलाई कानून बमोजिम ट्रेडयूनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामुहिक सौदाबाजी गर्न पाउने मौलिक हक रहेको छ ।

**श्रम ऐन २०७४**

श्रम ऐन, २०७४ ले श्रमिकसँग सम्बन्धित विषयमा न्यूनतम मापदण्ड स्थापित गरेको छ । दफा ४ मा बाँधा श्रम र दफा ५ बाल श्रम पुर्ण निषेध गरेको छ । दफा ८ ले ट्रेड युनियनसम्बन्धी अधिकार प्रत्याभूत गरेको छ । दफा ११ ले रोजगार सम्झौता नगरी काममा लगाउन नहुने व्यवस्था गरेको छ । दफा २१ ले सामाजिक सुरक्षाको व्यवस्था पनि गरेको छ ।

परिच्छेद ९ ले श्रमिकलाई साप्ताहिक बिदा, सार्वजनिक विदा, सट्टा विदा, घर विदा, विरामी विदा, प्रसुति विदा, क्रिया विदा लगायतको विदाको व्यवस्था गरेको छ । दफा ५२ ले सञ्चय कोष, उपदान औषधी उपचार बीमा, दुर्घटना बीमा साथै दफा ७८ ले सामाजिक सुरक्षा योजना, व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सम्बन्धी विशेष व्यवस्था पनि गरेको छ ।

ऐनको दफा ८४ ले चिया वगानका श्रमिक सम्बन्धी विशेष व्यवस्था गरेको छ । जसले श्रमिक र निजसँग आश्रित परिवारलाई आवासको प्रबन्ध, निशुल्क प्राथमिक उपचार, स्वास्थ्य सामाग्रीको प्रबन्ध, खेलकुद तथा मनोरञ्जनको व्यवस्था गरेको छ ।

श्रम ऐन २०७४ को दफा १०६ मा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले प्रत्येक दुई वर्षमा न्यूनतम पारिश्रमिक निर्धारण समितिको सिफारिसमा श्रमिकको न्यूनतम पारिश्रमिक निर्धारण गर्ने प्रावधान रहेको छ ।

श्रम ऐनको दफा ५४ मा श्रमिकको कम्तिमा वार्षिक एक लाख रुपैयाँ बराबरको औषधी उपचार बीमा गर्नुपर्ने प्रावधान छ । दफा ५५ मा श्रमिकको जुनसुकै प्रकारको दुर्घटनालाई समेट्ने गरी कम्तिमा ७ लाख रुपैयाँ बराबरको दुर्घटना बीमा गराउनुपर्ने व्यवस्था छ ।

### ४.९.१०.४. विश्लेषण, निष्कर्ष र सिफारिस

चिया उद्योगले झापा र इलामका ग्रामिण क्षेत्रमा रोजगारी मात्र सृजना गरेको छैन हरियालि पनि प्रवर्द्धन गरेको छ । चिया बगानमा कार्यरत श्रमिकहरु बिभिन्न जातजाती, भाषा भाषी र धर्म समुदायका रहेका छन । बगानमा कार्यरत केहि श्रमिक लोपोन्मुख तथा सिमान्तकृत समुदायका पनि छन । चिया वगानमा कार्यरत श्रमिकले नेपालको संविधानको धारा ३४ तथा श्रम ऐन, २०७४ ले प्रत्याभूत गरेको न्यूनतम पारिश्रमिक र सामाजिक सुरक्षाका व्यवस्थाहरुको उपभोग गर्न नपाएको गुनासो श्रमिक तथा ट्रेडयुनियनहरुले बेला बेलामा गरी रहेका छन । आयोगले आयोजना गरेको कार्यक्रममा उपस्थित ट्रेड युनियनका प्रमुख तथा प्रतिनिधिहरुले चिया बगानका श्रमिकहरुले मानव अधिकारको अनुभूति गर्न नपाएको, चिया बगानका श्रमिकको मानव अधिकार हन्न भई रहेको, बगानमा थुप्रै समस्या रहेको, सरकार र उद्योगीहरुले सो प्रति चासोनै नदेखाएको गुनासो गरेका थिए । हामीलाई आन्दोलनमा जान स्वयं उद्योगीहरुले बाध्य पारिरहेका छन । श्रम ऐन, श्रम नियमावली तथा योगदानमा आधारित सामाजिक सुरक्षा लागु गरि दिएको भए हामी किन आन्दोलन गर्थ्यो भनि आयोगसंग प्रश्न गरेका थिए ।

चिया वगानमा कार्यरत श्रमिकको सेवा सुविधा सम्बन्धी राष्ट्रिय चिया तथा कफि विकास वोर्डको कानुनी अभ्यास नै मानव अधिकारमुखी देखिदैन । श्रम ऐन, २०७४ का व्यवस्थाहरु वोर्ड मातहतको बगानमा समेत पुर्ण कार्यान्वन हुन सकेको छैन । चिया क्षेत्रमा करिव ८०% महिला मजदुर संलग्न रहेको, सुत्केरी बिदा पाउने नगरेको, गाँस बास कपास, खानेपानी, शौचालय, शिक्षा, स्वास्थ्यको उपयुक्त प्रवन्ध नरहेको, रोजगारदाताले भत्ता सेवा सुविधा तलव लगायत समयमा उपलब्ध नगराएको, बिषादिका कारणबाट मजदुर दिर्घरोगी बन्नु परेको, न्यूनतम् वेतन २/२ वर्षमा पुनरावलोकन भई वृद्धि हुनुपर्नेमा नभएको, सेवा निवृत्त श्रमिकले पाउनुपर्ने सेवा सुविधा नपाएको, राजीनामा वा मृत्यु भई सेवाबाट हट्दा उपदान वापत पाउनुपर्ने रकम लिन बर्षौ कुर्नुपर्ने बाध्यता चिया बगानमा कार्यरत श्रमिकले झेल्दै आएका छन । श्रम ऐन २०७४, श्रम नियमावली २०७५ तथा योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन २०७४ कार्यान्वयन चिया बगानमा हाल सम्म पनि कार्यान्वयनमा आउन सकेको छैन ।

चिया क्षेत्रमा क्रियाशिल ट्रेड युनियन, संघहरु नेपाल कृषि तथा बगान क्षेत्र श्रमिक संघ, नेपाल चिया बगान श्रमिक संघ र अखिल नेपाल चिया मजदुर संघले चिया क्षेत्रका रोजगारदाता संघ सस्थाहरुलाई चिया बगानमा कार्यरत श्रमिकहरुको न्युनतम पारिश्रमिक, श्रम कानुन र योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन २०७४ अनुसार पाउनु पर्ने सेवा सुबिधा सम्वन्धी कुरालाई सरकार समक्ष पुरयाउन आयोगले सहयोग गर्नुपर्ने धारणा राखेका थिए ।

झापा तथा इलाम जिल्लामा चिया बगानमा कार्यरत श्रमिकको अधिकारको अवस्था सन्तोषजनक रहेको पाइएन । चिया वगानमा काम गर्ने श्रमिकको लागि खानेपानी, शौचालय, घाम पानीमा ओतलाग्ने ठाउको व्यवस्था नरहेको अधिकांस श्रमिक महिला भएपनि स्तनपान तथा शिशुस्याहार कक्षको व्यवस्था नगरिदा न्युनतम मानव अधिकारको पनि उपभोग गर्न पाएको देखिएन । अस्थाई रुपमा कामममा लगाई राख्ने तर स्थाई नगर्ने, नियुक्ति पत्र तथा संझौता गरेर काममा लगाउन उद्योगीहरुले आनाकानी गर्ने गरेको । सरकारले बेला बेलामा गरेको संझौताको कार्यान्वयन नभएको, तीनै तहका सरकार श्रमिकको सवालमा बेखवर रहेको हुदा निजहरुको मागको सम्वन्धमा राष्ट्रिय मानव अधिकार आयोगले श्रम मन्त्रालय लगायतका सरोकारवालासंग तत्काल छलफल गरी चिया बगानमा कार्यरत श्रमिकको मानव अधिकारको संरक्षणका लागि पहल गर्नु पर्ने भन्ने सहभागीको भनाई । वेरोजगार व्यक्तिहरु न्युनतम रुपमा श्रममा सहभागी हुन पाएको पाइएको छ । तथापि इलाम र झापाका चिया वगानमा कार्यरत श्रमिकले नेपालको संविधानको धारा ३४ ले प्रत्याभूत गरेको श्रमिकको मौलिक हक पुर्णरुपमा अनुभूत गर्न पाएका देखिएन । श्रम ऐन, २०७४ ले प्रत्याभूत गरेको न्यूनतम पारिश्रमिक र सामाजिक सुरक्षाका व्यवस्थाहरु कार्यान्वयन भएको पाइएन । सेवा निवृत्त श्रमिकले पाउनुपर्ने सेवा सुविधा बर्षौसम्म नपाएको साथै राजीनामा वा मृत्यु भई सेवाबाट हट्दा उपदान बापत पाउनुपर्ने रकम लिन बर्षौ कुर्नुपर्ने अवस्थाले श्रमिको अधिकार संरक्षण भएको देखिएन ।

चिया वगानमा रासायनिक किटनासक छर्ने कार्यमा संलग्न श्रमिकको व्यवसायिक सुरक्षा भएको देखिएन । श्रमिकले आफ्नो पेसाप्रतिगर्ने सामुहिक सौदावाजीको सवालमा रोजगारी गुमाउने वा सो दिनको पारिश्रमिक गुमाउनु पर्ने त्रासमा रहेको देखिएको छ । यसले उनीहरुको ट्रेड युनियनको हक अधिकार पुर्ण प्रत्याभूत भएको मान्न सकिन्न । भारतमा चिया बगानमा काम गर्ने श्रमिकले न्यून मूल्यमा खाद्य सामग्री, चिया बगानभित्रै उच्च तहको विद्यालयको व्यवस्था, अस्पताल, लत्ताकपडा, परिवारको सदस्य समेतले रासन पाउने व्यवस्था रहेको र निवृत्त हुदाँ भारती ८ लाख रुपिया श्रमिकले प्राप्त गर्ने सन्दर्भ नेपालले पनि असल अभ्यासको रुपमा कार्यान्वयन गर्न उपयुक्त हुन्छ ।

***सल्लाह तथा सुझाव :***

१. राष्ट्रिय मानव अधिकार आयोगले चिया बगानको श्रमिकको अधिकारसम्बन्धी बृहत स्थलगत अनुगमन, असल अभ्यास अध्ययन भ्रमण गर्न अत्यावश्यक छ । आयोगले श्रमिकको क्षेत्रमा क्रियाशिल संघीय, प्रादेशिक र स्थानीय सरकारका सम्बन्धित निकायसँग अनुगमन र अध्ययन पश्चात सार्वजनिक सुनुवाई र सिफारिस गर्न जरुरी देखिन्छ ।

२. आयोगले नेपाल सरकार, श्रम मन्त्रालय, चिया तथा कफी विकास बोर्डसंग उक्त विषयमा छलफल गरी कानुनको कार्यान्वनका लागि सरोकारवालाको ध्यानाकर्षण गराउनु पर्ने ।

३. राष्ट्रिय चिया तथा कफि विकास वोर्डले चिया बगानमा कार्यरत श्रमिकका लागि व्यवस्था गरेको सेवा र सुविधासम्बन्धी प्रावधान तत्काल स्थगित गरी श्रम ऐन, २०७४ को व्यवस्था गर्न संघीय सरकारलाई तत्काल सिफासि गर्न उपयुक्त हुन्छ ।

## ५. मानव अधिकारको संरक्षणका लागि आयोगबाट भएका केहि कार्य :

यस आ.व. मा पदेशस्तरीय तीनवटा महत्वपूर्ण कार्यक्रमहरु सम्पन्न भएका छन् । अपांगता भएका व्यक्तिको न्यायमा पहुँच, दोस्रो महिला को प्रजनन् स्वास्थ्य अधिकार तेस्रो मानव अधिकार संरक्षणको लागि सरोकारवालाहरुको भूमिका रहेका छन् । उल्लेखित कार्यक्रमहरुले मानव अधिकारमैत्री कानुन निर्माण गर्न, मानव अधिकारमुखी विकास पद्धतीको अवलम्बन गर्न, मानव अधिकारका हन्नका घटना न्यूनिकरणमा पहल गर्नका लागि सरोकारावालाहरुको ध्यान आकृष्ट भई सो सम्बन्धमा कार्य गर्न आफ्नो भूमिका पहिचान गरी अगाडि वढ्ने प्रतिवद्धता प्राप्त भएको थियो ।

- यस कार्यालयका कार्यक्षेत्र अन्तरगत पर्ने केहि जिल्लाका कारागार तथा हिरासत कक्षहरुको अनुमन गरी प्राप्त तथ्यहरुको आधारमा सुधारको लागि सुझाव दिइएको ।
- यस कार्यालयका कार्यक्षेत्र अन्तरगत पर्ने जिल्लाहरुमा जातीय विभेद तथा छुवाछुत विरुद्धको अधिकारबारे सचेतना अभिबृद्धि गरी समाजमा जातीय विभेद तथा छुवाछुत न्यूनिकरण गर्न साथै सो सम्बन्धी घट्ना मानव अधिकार उल्लंघनको समेत विषय भएकोले सो को उजागर गरी दोषीलाई कानुनी कारवाहीको दायरामा ल्याउन तथा पीडितलाई न्यायप्राप्तीको लागि पहल गर्न सरोकारवालाहरुको ध्यानाकर्षण गराईएको थियो ।
- जनप्रतिनिधीहरुलाई लक्षित गरी स्थानीय न्यायिक समितिहरुबाट प्रदान गरिने न्याय सम्पादनमा प्रभावकारिता अभिबृद्धि गर्ने, स्थानीय तहमा निर्माण गरिने कानुनहरु मानव अधिकारमैत्री बनाउन पहल गर्ने आदि उद्देश्यले यस प्रदेशका केहि स्थानीय तहलाई लक्षित गरी मानव अधिकार र मानव अधिकारमुखि विकास पद्धतीका विषयमा छलफल गरिएको र ती निकायहरुले आगामी दिनहरुमा सम्पादन गर्ने कार्यहरु मानव अधिकारमैत्री हुने आयोगको अपेक्षा रहेको छ ।

- नियमित रुपमा यस प्रदेशको मानव अधिकार अवस्थाको अनुगमन गरी मानव अधिकारकर्मी, नागरिक समाज लगायतका सरोकारवालाहरुसँग अन्तरक्रिया गरी पीडितको न्यायमा पहुँचका लागि कार्य गरेको ।
- यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायहरुको हक अधिकारको सवालमा अन्तरक्रिया गरी आम सरोकारावाला निकायहरुबीच सचेतना अभिबृद्धि गरिएको छ ।
- यस प्रदेशका बिभिन्न जिल्लामा मानव अधिकार उल्लंघन भएको भनिएका ४९ वटा उजुरीको अनुसन्धान गरी पीडितको मानव अधिकार संरक्षणको लागि राज्यका निकायहरुसँग आवश्यक समन्वय गरिएको छ ।

## ५.१. समन्वय र सहकार्य

मानव अधिकार संरक्षण तथा सम्वर्द्धन र यसको प्रभावकारी कार्यान्वयनको लागि आयोगले विभिन्न निकायहरुसँग आवश्यक समन्वय र सहकार्य गर्दै आईरहेको छ । मानव अधिकार उल्लंघनको घट्नाको उजुरी ग्रहण गरी अनुगमन तथा अनुसन्धान गर्ने कार्यमा सम्बन्धित सरोकारवालाहरुसँग सूचना, तथ्यांक लगायतका विवरणहरु प्राप्तीको लागि आवश्यक समन्वय गर्ने गर्दछ । यसै गरी मानव अधिकार सचेतना अभिबृद्धिको लागि स्थानीय तह, मानव अधिकार सम्बन्धी गैरसरकारी संघसंस्था, नागरिक समाज, पेशागत संगठन, संघसंस्था लगायतका सरोकारवालाहरुसँग तालिम, अभिमुखिकरण, अन्तर्क्रिया, छलफल, गोष्ठिहरु संचालन गर्ने गर्दछ । ती निकायहरुसँग गरिने सहकार्य एवं समन्वयमा एकरुपता ल्याउन, प्रभावकारिता अभिबृद्धि गर्न, आयोग र अन्य संघसंस्थाहरुबीच संस्थागत सुदृढिकरण अभिबृद्धि गरी आयोगको रणनीतिक योजना सन २०२१ देखि २०२६ लाई कार्यान्वयनमा लैजान मद्दत पुग्ने उद्देश्यले आयोगले सहकार्य तथा समन्वय निर्देशिका समेत तयार गरी कार्य अगाडि वढाएको छ।

यसै सन्दर्भमा यस कार्यालयले मानव अधिकार सम्बन्धी सचेतना अभिबृद्धि गर्ने दौरानमा सम्पन्न तालिम, अन्तरक्रिया, छलफल, गोष्ठि आदिको लागि प्रदेश र स्थानीय तहमा गरिने कार्यक्रमहरुमा सरोकारवालासँग आवश्यक समन्वय र सहकार्य गर्दै मानव अधिकारको संरक्षण र सम्वर्द्धन तथा मानव अधिकारको सँस्कृतिको विकासका लागि काम गर्दै आएको छ ।

## ५.२. मानव अधिकार सम्वर्द्धन सम्बन्धी कार्यहरु

यस कार्यालयको चालु आ.व.को स्वीकृत वार्षिक कार्ययोजना बमोजिम विभिन्न सम्वर्द्धनात्मक गतिविधीहरु सम्पन्न भएका छन् । मानव अधिकार सम्वर्द्धनको लागि एकल वा सहकार्यमा विभिन्न तालिम, गोष्ठि, अन्तरक्रिया, छलफल लगायतका सम्वर्द्धनात्मक क्रियाकलापहरुलाई निरन्तरता दिइएको छ । निर्वाचन मार्फत जनप्रतिनिधीहरु चयन भइसकेको अवस्थामा मानव अधिकारका सवालहरुलाई जनप्रतिनिधीहरु समक्ष छलफल गर्ने उद्देश्यले आयोगले यस वर्ष जनप्रतिनिधीहरुसँग मानव अधिकार सम्बन्धी अन्तरक्रिया तथा अभिमुखिकरण कार्यक्रम सम्पन्न गरेको छ । आयोगको रणनीतिक योजना २०२१ देखि २०२६ ले जीवन, मर्यादा, समानता र स्वतन्त्रताको अधिकार : दिगो शान्ति र संवृद्धिको आधार भन्ने नारालाई साकार पार्न मानव अधिकार शिक्षालाई अभियानको रुपमा अगाडि वढाउँदै आएको छ । यसै सन्दर्भमा जीवन, मर्यादा, समानता र स्वतन्त्रताको अधिकार : दिगो शान्ति र संवृद्धिको आधार कार्यक्रमलाई स्थानीय तहसम्म पुग्ने गरी केही स्थानीय तहहरुमा मानव अधिकार अधिकार सम्बन्धी कार्यक्रम संचालन गरिएको थियो । आगामी दिनमा पनि यसप्रकारका कार्यक्रमहरुको प्रभावकारितालाई मध्यनजर गर्दै निरन्तरता दिनुपर्ने समेत आवश्यकता देखिएको छ ।

समाजमा मानव अधिकार संस्कृति निर्माणको लागि सामाजमा विवादको समाधान दीगो शान्ति कायम गर्ने, सामाजिक सद्भाव, आपसी समन्वय र सहकार्यलाई अभिबृद्धि गरी मानव अधिकारमैत्री विकासलाई वढावा दिन सघाउ पुऱ्याउने उद्देश्यले स्थानीय न्यायिक समितिका पदाधीकारी तथा जनप्रतिनिधीसँग मानव अधिकार र मानव अधिकारमुखी विकास पद्धतीबारेमा छलफल गरिएको थियो ।

अपांगता भएका व्यक्तिको न्यायमा पहुँचको विषयमा  र महिलाको स्वास्थ्य तथा प्रजन्ननको अधिकारको विषयमा बिराटनगरमा, श्रमिकको अधिकारको विषयमा  इलाम र  झपामा बाढी पीडितको बिषयमा पाँचथर, संखुवासभा र भोजपुरमा जिल्लामा अन्तरर्क्रिया कार्यक्रम सम्पन्न गरिएको थियो । उक्त अन्तरर्क्रिया कार्यक्रमबाट  महिला अधिकारको अवस्था, चिया बगानका श्रमिकको अधिकारको अवस्था, जातीय विभेद तथा छुवाछुतको अवस्था, लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायको मानव अधिकारको सवालहरु उजागर भएको थियो । आयोग लगायत अन्य सरोकारवाला  निकायहरुबाट आगामी दिनहरुमा ती वर्ग समुदाय तथा मानव अधिकारका सवालहरुमा के कस्ता कार्ययोजना तर्जूमा गरी कार्यान्वयन गर्ने साथै मानव अधिकार अवस्था सुधारको लागि के कस्ता पहल गर्न सकिन्छ भन्ने बारेमा सहभागिहरुले समीक्षात्मक टिप्पणी गरेका थिए ।

संचारमाध्यमको उपयोग गरी प्रदेशको मानव अधिकारको सवालमा वहस, पैरवी गर्ने र सरोकारवालाहरुलाई आयोगको क्रियाकलापहरुको बारेमा जानकारी दिने कार्यहरु सम्पन्न भएका छन् । यसै गरी आयोगबाट प्रकाशित विभिन्न सचेतनामूलक सामग्रीहरुको वितरण गर्ने कार्य पनि गरिएको छ । मानव अधिकारको क्षेत्रमा कार्य गर्ने विभिन्न गैरसरकारी संघसंस्थाहरुबाट आयोजना गरिएका तालिममा स्रोतव्यक्ति भई मानव अधिकारका सवालमा प्रशिक्षण दिने कार्य पनि यस बर्ष आयोगबाट भएको थियो ।

## ५.३. ७४ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस अर्थात दश डिसेम्वर

७४ औ मानव अधिकार दिवस कार्यक्रम राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश कार्यालयले बिभिन कार्यक्रम गरी मनाएको थियो । मिति २०७९/०८/१६ गते, लैंगिक  हिंसा सम्वन्धी १६ दिने अभियानको सम्बन्धमा सरोकारवाल निकाय तथा संघसंस्थाको उपस्थतीमा छलफल कार्यक्रम गरीएको थियो । मिति २०७९/०८/१९ गते, लैगिक हिंसा सम्वन्धी १६ दिने अभियानको सम्बन्धमा साहवाजिया मदरसा विद्यालयमा बाल अधिकार, महिला अधिकार र मानव अधिकारको विषयमा छलफल कार्यक्रम गरिएको थियो । मिति २०७९/०८/२० गते मानव अधिकार र महिलाको अधिकार, स्वास्थ्यको अधिकार  र लैंगिक हिंसा सम्बन्धमा विराटनगर नर्सिङ क्याम्पसमा छलफल तथा अन्तरक्रिया कार्यक्रम गरिएको थियो । मिति २०७९/०८/२१ गते दिल्ली पब्लिक स्कुलमा बाल अधिकार र मानव अधिकारको  विषयमा छलफल तथा अन्तरक्रिया कार्यक्रम गरीएको थियो । मिति २०७९/०८/२४ गते, ७४ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस र महिला हिंसा सम्बन्धी १६ दिने अभियानको सम्बन्धमा जिल्ला प्रशासन कार्यलयमा, प्रमुख अतिथि प्रदेश १ का आन्तरिक मामिला तथा कानून मन्त्री मा. केदार कार्की, विशिष्ट अतिथिः  जिल्ला समन्वय समिति मोरङ उप प्रमुख उषा झा, अतिथिहरु मोरङ जिल्लाका प्रमुख जिल्ला अधिकारी, सुरक्षानिकायका प्रमुख तथा प्रतिनिधी, सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधी, गैरसरकारी सस्थाका प्रमुख तथा प्रतिनिधी, उच्च बार, जिल्ला बार, पत्रकार महासंघ प्रदेश तथा जिल्लाका अध्यक्ष, पत्रकार तथा मानव अधिकार रक्षक, संघ सस्थाका प्रमुख तथा प्रतिनिधी साथै सरोकारवाल निकायहरुको उपस्थितिमा ७४ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस सभ्य र भव्य रुपमा सम्पन्न गरिएको थियो । राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश कार्यालयका कार्यालय प्रमुख पवन कुमार भट्टले कार्यक्रमको अध्यक्षतागरी सहभागीलाई कोशी प्रदेशको मानव अधिकारको अवस्थाको बारेमा जानकारी गराउनु भएको थियो ।

उक्त कार्यक्रममा बोल्दै प्रमुख भट्टले कोशी प्रदेशको मानव अधिकारको  अवस्था सन्तोषजनक नरहेको, नागरिकमा कहाँ कतिबेला के हुनेहो भन्ने डरको वातावरण कायम रहेको, द्वन्द्वकालिन घटनाहरुको सम्वोधन हुन नसकेको । कतिपय पीडितका परिवारलाई हातमुख जोर्न तथा बालबालिकालाई शिक्षा आर्जन गर्न गाह्रो छ । तेस्रोलिंगि, अपांगता भएका व्यक्ति, मानसिक सन्तुलन गुमाएका व्यक्तिलाई गाउ समाज र सरकारले हेर्ने दृष्टिकोणमा साकारात्मक परिवर्तनको खाँचो देखिएको छ । उनीहरुको पहिचान, नागरिकता तथा एकिन तथ्यांकको समेत अभाव छ । आप्रबासिको अधिकारको कुरागर्दा बिदेश पठाई दिने निहुमा ठगिएका, बिदेश गएर तलव नपाएका, स्वस्थ्य मान्छे बिमारी भएर आएका, अपांगता भएर आएका तथा पैसा कमाउने आसमा बाकसमा लाशभई आएका

तमाम घटना छन भने केहि व्यक्ति लामो समय बसेर आउदा रितो हात घर फर्किनु परेको र घर आउदा श्रीमतीले घर छोडेर अन्तै गएको अवस्था छ ।

विकासको कामगर्दै जादा वातावरणीय प्रभाव मुल्यांकन नगरी अव्यवस्थीत रूपमा चलाईएको डोजर आतंकले बाढी पहिरोको जोखिम बढदै गई रहेको छ । कृषि प्रधान देसमा किसान मल बिउ नपाएर चिन्तित छन भने कतिपय जिल्लामा लगाएको बालिमा बदेल, बाँदर लगायतका जंगली जनावरको आतंक छ । उपभोक्ता अधिकारको अवस्था कहालि लाग्दो छ । नागरिकले स्वच्छ तथा गुणस्तरीय वस्तुको उपभोग गर्न पाएका छैन्न । एउटै बजारमा एउटै बस्तुको मुल्य फरक फरक छ । सरोकारवालाहरुवाट गरिने अनुगमन चाडपर्वमुखी भएको पाईन्छ भने तीनै तहका सरकारका बिचमा समन्वयको अभाव देखिन्छ । समयको परिवर्तनसँगै गाउ समाजमा लागु औषध तथा मादक पदार्थ सेवन गर्नेको संख्या दिनप्रतिदिन बढदो छ । नागरिक र सरकारले समयमै यस तर्फ ध्यान दिएन भने यसले भोलि विकरालरुप नलेला भन्न सकिन । भष्ट्राचारको अवस्था कहालि लाग्दो छ । सेवा दिने र लिने, सेवा प्रदायक र सेवाग्राही कोहि पनि सन्तुष्ट देखिदैन्न । आम नागरिकमा सरकार तथा राष्ट्रसेवक कर्मचारीप्रति आक्रोस देखिन्छ भने कर्मचारीको मनोवल र उत्प्रेरणा कमजोर देखिन्छ । घर परिवार गाउ समाज कार्यालय राजनीतिक दल लगायत सबैतिर ईमान्दारिता र नैतिकताको खाडल सृजना हुदा मानव अधिकार संस्कृतिको विकास हुन सकेको छैन ।

मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र परिपूर्ति राज्यको कुनै एक निकायको एकलपहल र प्रयासले मात्र संभवहुँदैन । यसमा तीनैतहका सरकार, राष्ट्रिय मानवअधिकार आयोग, अन्य संवैधानिक आयोग, नागरिक समाज, मानव अधिकार अभियन्ता, सामाजिक संघसंस्था, पत्रकार साथै निजी तथा व्यवसायिक क्षेत्रहरूको संयुक्त प्रयास, समन्वय र सहकार्यबाट मात्र संभव देखिएको छ । त्यसैले मानवअधिकारको संरक्षण र सम्बर्द्धनको क्षेत्रमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा कार्यरत हामी सबैको भूमिका अहम र महत्वपूर्ण छ । फेरी पनि यस पुनित दिनले हामी सबैमा मानव अधिकार सँस्कृतिको मन, बचन र कर्मले परिपालना र सम्मान गर्ने प्रेरणा प्रदान गरोस भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु ।

त्यसैगरी मिति २०७९/०८/२४ गते आयोग र मानव अधिकार संजाल, अन्य संघसस्थाको सहकार्यमा, आयोजित मानव अधिकार दिवस सम्वन्धी कार्यक्रमको प्रमुख अतिथि विराटनगर महानगरपलिकाका प्रमुख नागेस कोइराला रहनुभएको थियो भने विशिष्ट अतिथि जिल्ला समन्वय समिति मोरङका उप प्रमुख उसा झा, प्रमुख जिल्ला अधिकारी रहनुभएको थियो कार्यक्रममा सुरक्षानिकाय प्रमुख, गैरसरकारी सस्थाका प्रमुख, तथा प्रतिनिधी, पत्रकार महासंघका प्रमुख तथा प्रतिनिधी र संघ सस्थाका प्रमुख तथा प्रतिनिधी, नागरिक समाज तथा सरोकारवाल निकायहरुको उपस्थिति रहेको थियो ।

### ५.४. २३ औ वार्षिकोत्सव तथा २४ औं स्थापना दिवस कार्यक्रम

मानव अधिकारको संरक्षण र सम्वर्द्धनका लागि २०५७ साल जेष्ठ १३ गतेका दिन राष्ट्रिय मानव अधिकार आयोगको स्थापना भएको थियो । मिति २०६१ साल माघ २६ गतेकादिन राष्ट्रिय मानव अधिकार आयोगको विराटनगरमा क्षेत्रीय कार्यालय खुलेको थियो, हाल उक्त कार्यालय राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश कार्यालयकोरुपमा रहेको छ । आयोगले यस क्षेत्रमा मानव अधिकारको संरक्षण र सम्वर्द्धनका लागि कामगर्दै आएका छ । प्रतेक बर्ष जेष्ठ १३ गतेलाई आयोगले बार्षिकोत्सब मनाउदै आएको छ । यस बर्ष पनि २३ औ वर्षिकोत्सव तथा २४ औ स्थापना दिवस सरोकारवालाहरुको सहभागितामा विविध कार्यक्रम गरी मनाईएको छ ।

मिति २०८०/०२/९ गते राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश कार्यालय विराटनगरका सवै कर्मचारीहरुले छलफल तथा बैठकबसि मानव अधिकार दिवसलाई सभ्य र भव्य रुपमा मनाउने निर्णय गरियो । मिति २०८०/०२/१० र ११ गते कोशी प्रदेशका सबै मन्त्रालयहरुका सचिवहरु र सम्पूर्ण सरकारी कार्यालयका प्रमुखहरु, गैरसरकारी सस्था महासंघ लगायत संघ सस्थाका प्रमुख, उच्च बार, जिल्ला बार, पत्रकार महासंघ,

संचारकर्मी, मानव अधिकारकर्मी, नागरिक समाज, कानून व्यवसायी लगायतका व्यक्तिहरुलाई कार्यक्रममा निमन्त्रणा गरीएको थियो । मति २०८०/०२/१२ गते २४ औ स्थापना दिवस कार्यक्रम दिवस भव्यताका साथ शुसम्पन्न भएको थियो । उक्त कार्यक्रमको अध्यक्षता राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश कार्यालय विराटनगरका कार्यालय प्रमुख पवनकुमार भट्टले गर्नु भएको थियो भने कार्यक्रमको प्रमुख अतिथि कोशी प्रदेशका प्रमुख माननिय परशुराम खापुङ्ग रहनु भएको थियो । अतिथिहरुमा जिल्ला समन्वय समितिका उप प्रमुख उसा झा, मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयका सचिव माधव पोखरेल, जिल्ला सरकारी वकिल कार्याकलयका कार्यालय प्रमुख रामहरी शर्मा काफ्ले, शिक्षा समन्वय इकाईका कार्यालय प्रमुख टंक प्रसाद गौतम र अन्य सरकारी कार्यालयहरुका प्रमुख तथा प्रतिनिधीहरु गैससका प्रमुख तथा प्रतिनिधीहरु र नागरिक समाजका प्रतिनिधीहरुको सभ्य र भव्य उपस्थितिरहेको थियो । कार्यक्रममा उच्चबारका कृष्ण गौतमले राष्ट्रिय मानव अधिकार आयगको २४ औ स्थापना दिवसको उपलक्ष्यमा शुकामना मन्तब्य दिनुभएको थियो । इन्सेक कोशी प्रदेशका प्रमुख सोमराज थापाले नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरुको पालना गनु पर्ने, राष्ट्रिय मानव अधिकार आयोगलाई श्रोत तथा शक्ति सम्पन्न बनाउनु पर्ने । कोशी प्रदेशमा मात्र हैन नेपाल भरीनै मानव अधिकारको उलंघनका घटना बढदै गईरहेको छ भन्दै आयोगले यस्मा महत्वपूर्ण भूमिका खेलोस भन्ने शुकामना दिनुभएको थियो ।

शिक्षा समन्वय इकाई मोरङका कार्यालय प्रमुख टंक प्रसाद गौतमले मानव अधिकार सम्मान आफुले सदैव गर्ने गरेको । सार्वजनिक सेवालाई प्रभावकारी बनाउन, समाजमा विद्यमान हिंसालाई न्यूनिकरण गर्नु, मानव अधिकार सँस्कृतिको विकास गर्नु, आम नागरिकलाई स्तरयुक्त जीवन जीउने वातावरण बनाउने कार्य सरकारको भएकाले आफु सदैब मानव अधिकारको संरक्षण गर्न कटिबद्ध रहेको र आजको यस पुनित दिनले हामी सबैलाई राम्रो काम गर्न प्रेरणा मिलोस भन्ने सुभकामना दिनु भएको थियो ।

जिल्ला समन्वय समितिका उपप्रमुख उषा झाले राष्ट्रिय मानव अधिकार आयागको २४ औ स्थापना दिवस कार्यक्रममा सबैले आ आफनो ठाउबाट मानव अधिकारको सम्मान, संरक्षण र विकास कार्यमा सहयोग समन्वय सहकार्य गनुपर्छ भन्दै कार्यक्रमको सफलाको शुकामना ब्यक्त गर्नु भएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि कोशी पदेशका प्रमुख माननिय परशुराम खापुङ्गले सरकार मानव अधिकारको संरक्षणमा गंभीर बन्न नसकेको । राष्ट्रिय मानव अधिकार आयोगले प्रस्तुत गरेको कोशी प्रदेशको मानव अधिकारको अवस्था सन्तोष जनक नरहेको, मानव अधिकारको अवस्था राम्रो नभएको विषय संचार माध्यमबाट पनि जानकारी पाएका छौ । मानव अधिकारको सम्मान संरक्षण र मानव अधिकारको प्रवर्द्धन स्थानीय सरकार, प्रदेश सरकार र संघिय सरकारले गर्नु पर्छ । राष्ट्रिय मानव अधिकार आयोगलाई शक्तिसालि बनाउनु पर्छ । आयोगको भूमिका अझै बढाउनु पर्छ । मानव अधिकारको उल्लंघनमा सुधार गर्न, संरक्षण गर्न संविधानको अक्षरस पालना गर्नु पर्छ । महिला अधिकार, जेष्ठ नागरिकको अधिकार, बालबालिकाको अधिकार लगायतका समग्र मानव अधिकार संरक्षणको लागि सरोकारवालाको भूमिका अझ समयसापेक्ष शसक्त बनाउनु पर्छ । समाज अराजकता तर्फ गईरहेकोले यसमा सबैले ध्यान दिनुपर्छ । समाजलाई राम्रो बनाउने, मानव अधिकारमैत्री वातावरण बनाउने हामी सबैको जिम्मेवारी हो भनि कार्यक्रमको सफलाको शुकामना ब्यक्त गर्नु भएको थियो ।

### ५.५. कोशी प्रदेशको मानव अधिकारको अवस्था :

मानव अधिकारको संरक्षण र सम्वर्द्धनको दायित्व भएका तीनै तहका सरकारबाट केहि राम्रा कार्यहरु पनि भई रहेका छन । आम नागरिकको मानव अधिकारको संरक्षणका लागि नेपाल सरकारको पाँचौ मानव अधिकार राष्ट्रिय कार्ययोजनाजारी भई कार्यान्वयनको चरणमा रहेको छ । आयोगले उक्त योजनालाई कार्यान्वयन गराउन तीनै तहका सरकारसँग समन्वय गरिरहेको छ । स्थानीय तहबाट घरदैलोमा सेवासुविधा पाउदा आम नागरिक केहि मात्रामा हर्षित छन । वडा कार्यालय, मेलमिलाप समिति, टोल विकास समिति, स्वास्थ्य चौकी, निशुल्क औषधी,

ग्रामिण सडक, खानेपानी, विद्यालय लगायतका जनतासँग प्रत्यक्ष सरोकार राख्ने विषयहरुमा सकारात्मक कार्य भईरहेका छन ।

नेपालको संविधानको भाग २५ धारा २४९ को उपधारा १ बमोजिम मानव अधिकारको सम्मान, संरक्षण र प्रभावकारी कार्यान्वयनको लागि आयोगले हरसम्भव प्रयास गरि रहेको छ, यस प्रदेशमा भई रहेका मानव अधिकार उल्लंघनका घटना अनुसन्धान तथा बिरोधका कार्यक्रम र प्रदर्शनको आयोगले मानव अधिकारको आखाबाट अनुगमन गरिरहेको छ । कोशी प्रदेश कार्यालयमा मानव अधिकारको उल्लंघनसँग सम्वन्धीत नागरिक तथा राजनीतक, आर्थिक सामाजिक तथा साँस्कृतिक, महिला अधिकार बाल अधिकार, अपांगता भएका व्यक्तिका अधिकार, जातीय विभेद, यातना, वेपत्ता, आप्रवासि कामदार तथा न्याय सम्वन्धी गरी जम्मा ३९९ उजुरी अनुसन्धानको क्रममा रहेका छन ।

यस प्रदेशमा महिला अधिकार संरक्षणका लागि केहि सकारात्मक प्रयास भएका छन । अहिले पनि दाइजो, तिलक, बालविवाहको घरेलु हिंसा तथा सामाजिक बिभेदका घटनाले सम्मानपूर्वक बाँच्न पाउने अधिकारबाट बन्चित हुनु परेको अवस्था छ । विद्युतिय माध्यम तथा सामाजिक संजाललाई दुरूपयोग गरी महिला तथा बालबालिका माथि हिंसाका घटना बढदै गएकाछन । मानव बेचबिखन तथा ओसार पसारका घटनामा नयाँ नयाँ स्वरुप देखिएका छन । पिछडिएका, अल्पसङ्ख्यक, असहाय, दलित, अपांगता भएका तथा एकल महिलाहरूको अवस्था कमजोर छ । समाजमा एकल परिवारमा बस्ने सँस्कृति मौलाउदा जेष्ठ नागरिकको अधिकार सुनिश्चित हुन सकेको छैन । ज्येष्ठ नागरिकको लालन पालन, स्वास्थ्य, मनोरन्जन, सहभागिता सम्मान तथा प्रतिष्ठा र सरकारले दिएका सुबिधामा कानुन बमोजिम पहुँच पुग्न सकेको छेन । जेष्ठ नागरिक मैत्री संरचनाको अभाव छ भने संरक्षणका लागि खोलिएका बृद्धाश्रम मापदण्ड अनुसार संचालनमा छैन्न ।यस प्रदेशमा अपांगता भएका ब्यक्तिलाई घरपरिवारका मान्छेले बिभेद गर्ने गरेको, सरकारी संरचनाहरू अपाङ्गमैत्री नभएको । सार्वजनिक स्थल, सडक मार्ग तथा यातायातका साधन अपाङ्गमैत्री हुन सकेको छैन । अपांगता भएका व्यक्तिको पहुँच न्याय तथा समग्र विकासका प्रक्रियामा पुग्न सकेको छैन । अपांगता भएका महिला र बालिकाहरू घरेलु तथा यौनजन्य हिंसाको शिकार भईरहेका छन ।

घर परिवार विद्यालय तथा सार्वजनिक स्थल बालमैत्री व्यवहार पूर्णरुपमा हुन सकेको छैन । बालबालिका माथि दिनदहाडै हिंसा तथा शोषणका घटना भईरहेका छन । बाल विवाह, बाल श्रम, शोषण तथा यौनजन्य हिंसाका शिकार बालबालिका भईरहेको कुरा खोटाङमा शुभद्रा मदन फाउण्डेसनका सस्थापकबाटै यौनदुर्ब्यवहार हुने गरेको कुराले पुष्टी गर्दछ । अन्य प्रदेश जस्तै यो प्रदेशमा पनि जातीय छुवाछुत तथा बिभेदका घटना भईरहेका छन । ग्रामिण भेगमा मात्र हैन शहरी क्षेत्रमा पनि घटना भइरहेको शिबरात्रीको दिन ओखलढुंगा जिल्लामा भएको घटनाले पुष्टि गर्दछ । अर्न्तजातीय विवाह गर्ने जोडिले पारीवारिक तथा सामाजिक चुनौतीको सामना गर्नु परिरहेको छ । स्वास्थ्य सेवा सबैका लागि पहुँच योग्य तथा सर्बशुलभ छैन । समाजमा मानसिक रोगवाट पीडित व्यक्तिहरुको हेरचाह र उपचार सुनिश्चित हुन सकेको छैन् । सरकारले स्वास्थ्य विमा कार्यक्रम लागू गरेता पनि आमनागरिकको पहुँच छैन । अस्पतालमा निशुल्क पाईने भनेका औषधीको अभाव रहेको पाईन्छ । आर्थिक अवस्था कमजोर भएका बिमारी अस्पतालको खर्च तिर्न नसकी महिनौ सम्म वन्धक वस्नु परेको अवस्था विराटनगरमा समेत बेला बेलामा आईरहन्छ । अस्पतालहरुमा सरसफाई अभाव, क्षमता भन्दा बढी बिमारी राख्नुपर्ने बाध्यता छ भने वातावरण बिमारी तथा कुरुवा मैत्री छैन ।

यो क्षेत्र औद्योगिक क्षेत्रका रुपमा चिनिएको भएपनि उद्योग तथा कलकारखाना आफनो दायित्व प्रति पूर्णरुपले उत्तरदायि नरहेको, उद्योगबाट निस्केको धुवा, धुलो तथा ध्वनीले वातावरण प्रदुषित भईरहेको छ भने रोकथामका उपायहरु अबलम्वन गरिएको छैन । यस प्रदेशमा नागरिक तथा राजनीतिक अधिकारको अवस्था सुधारोन्मुख भए पनि हत्या तथा आत्महत्या घटना भइरहेका छन । नया नया प्रबिधिसंगै हुने अपाराधिक गतिबिधिले प्रहरीको अनुसन्धानमा चुनौती थपिएको देखिन्छ । कारागार तथा प्रहरी हिरासत भित्र कैदिवन्दीको मृत्यु भएको घटनाबाट पनि बाँच्न पाउने अधिकार सुनिश्चीत हुन नसकेको पुष्टि गर्दछ । यस प्रदेशमा आत्महत्याका घटना बढी रहेका

छन । सवारी दुर्घटना, वाढी पहिरो जस्ता दैविप्रकोपबाट पनि नागरिकले ज्यान गुमाउनु परेको छ । यस प्रदेशका प्रायः कारागारमा  क्षमता भन्दा बढी कैदीबन्दी राख्नु तथा कारागार कार्यालयको भौतिक पूर्वाधार र आन्तरिक व्यवस्थापन कमजोर रहदा बन्दी तथा थुनुवाको न्यूनतम आधारभूत मानव अधिकार हनन भएको पाइन्छ ।

**कारागार कार्यालय उदयपुर,** मिति : २९ चैत्र २०७९

| क्षमता (पूरुष) | हाल भएको | क्षमता (महिला) | हाल भएको | जम्मा कैदीबन्दी |
|---|---|---|---|---|
| ८० जना | २४५ जना | २० जना | १३ जना (६ महिनाको नावालक १ जना) | २५९ जना |

**कारागार कार्यालय मोरङ,** मिति २५ बैशाख २०८०

| क्षमता (पूरुष) | हाल भएको | क्षमता (महिला) | हाल भएको | जम्मा कैदीबन्दी |
|---|---|---|---|---|
| २५० जना | ९३४ जना | ५० जना | १०९ (३जना नावालक) | १०४६ जना |

**ईलाका प्रहरी कार्यालय, इटहरी, हिरासत, सुनसरी,** मिति : २ जेठ २०८०

| कोठा १ | कोठा २ | महिला | कसुर |
|---|---|---|---|
| १६ जना | २४ जना | ८ जना | अभद्र व्यवहार १०, लागु औषध ८, चोरी ४, ज्यान सम्वन्धी कसुर ३, जवरजस्ती करणी २, सवारी ज्यान १, खोटा चलन १, वहुविवाह १ गरी जम्मा ४८ जना |

द्वन्द्वकालिन घटनाहरुको सम्वोधन हुन सकेको छैन । कतिपय पीडितका परिवारलाई हातमुख जोर्न तथा बालबालिकालाई शिक्षा आर्जन गर्न गाह्रो छ । तेस्रोलिंगि, अपांगता भएका ब्यक्ति, मानसिक सन्तुलन गुमाएका ब्यक्तिलाई गाउ समाज र सरकारले हेर्ने दृष्टिकोणमा साकारात्मक परिवर्तनको खाँचो देखिएको छ । उनीहरुको पहिचान, नागरिकता तथा एकिन तथ्यांकको समेत अभाव छ । आप्रबासिको अधिकारको कुरागर्दा बिदेस पठाई दिने निहुमा ठगिएका, बिदेस गएर तलव नपाएका, स्वस्थ्य मान्छे बिमारी भएर आएका, अपांगता भएर आएका तथा पैसा कमाउने आसमा बाकसमा लाशभई आएका तमाम घटना छन भने केहि ब्यक्ति लामो समय बसेर आउदा रितो हात घर फर्किनु परेको र घर आउदा श्रीमतीले  घर छोडेर अन्तै गएको अवस्था छ ।

विकासको कामगर्दै जादा वातावरणीय प्रभाव मुल्यांकन नगरी अव्यवस्थीत रूपमा चलाईएको डोजर आतंकले वाढी पहिरोको जोखिम बढदै गई रहेको छ  । कृषि प्रधान देसमा किसान मल बिउ नपाएर चिन्तित छन भने कतिपय जिल्लामा लगाएको बालिमा बदेल, बाँदर लगायतका जंगली जनावरको आतंक छ । उपभोक्ता अधिकारको अवस्था कहालि लाग्दो छ । नागरिकले स्वच्छ तथा गुणस्तरीय वस्तुको उपभोग गर्न पाएका छैन्न । एउटै बजारमा एउटै बस्तुको मुल्य फरक फरक छ । सरोकारवालाहरुवाट गरिने अनुगमन चाडपर्वमुखी भएको पाईन्छ भने तीनै तहका सरकारका बिचमा समन्वयको अभाव देखिन्छ । समयको परिवर्तनसँगै गाउ समाजमा लागु औषध तथा मादक पदार्थ सेवन गर्नेको संख्या दिनप्रतिदिन बढदो छ । नागरिक र सरकारले समयमै यस तर्फ ध्यान दिएन भने यसले भोलि विकरालरुप नलेला भन्न सकिन । भष्ट्राचारको अवस्था कहालि लाग्दो छ । सेवा दिने र लिने, सेवा प्रदायक र सेवाग्राही कोहि पनि सन्तुष्ट देखिदैन्न । आम नागरिकमा सरकार तथा राष्ट्रसेवक कर्मचारीप्रति आक्रोस देखिन्छ भने कर्मचारीको मनोवल र उत्प्रेरणा कमजोर देखिन्छ । घर परिवार गाउ समाज कार्यालय राजनीतिक दल लगायत सबैतिर ईमान्दारिता र नैतिकताको खाडल सृजना हुदा मानव अधिकार संस्कृतिको विकास हुन सकेको छैन । मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र परिपूर्ति राज्यको कुनै एक निकायको एकलपहल र प्रयासले

मात्र संभवहुँदैन । यसमा तीनैतहका सरकार, राष्ट्रिय मानवअधिकार आयोग, अन्य संवैधानिक आयोग, नागरिक समाज, मानव अधिकार अभियन्ता, सामाजिक संघसंस्था, पत्रकार साथै निजी तथा व्यवसायिक क्षेत्रहरूको संयुक्त प्रयास, समन्वय  र सहकार्यबाट मात्र संभव देखिएको छ । त्यसैले मानवअधिकारको संरक्षण र सम्बर्द्धनको क्षेत्रमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा कार्यरत हामी सबैको भूमिका अहम र महत्वपूर्ण छ । फेरी पनि यस पुनित दिनले हामी सबैमा मानव अधिकार सँस्कृतिको मन, बचन र कर्मले परिपालना र सम्मान गर्ने प्रेरणा प्रदान गरोस भन्ने हार्दिक शुभकामना ब्यक्त गर्दछु । (उक्त मानव अधिकारको अवस्था स्थापना दिवसमा प्रस्तुत गरिएको)

## ५.६. अपांगता भएकाव्यक्तिहरुको  न्यायमा पहुँचसम्वन्धी  दुई दिवसिय कार्यशाला  :

राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो स्थापनाकाल देखिनै अपाङ्गता भएका ब्यक्तिहरुको अधिकारको संरक्षण र सम्वर्द्धनका लागि बिभिन्न कार्य गर्दै आएको छ ।  नेपालको संविधान, २०७२ ले अपाङ्गता भएका व्यक्तिको हकलाई मौलिक हककै रुपमा स्थापित गरेको छ ।

आयोगले अपाङ्गता भएका ब्यक्तिहरुको अधिकारको संरक्षण सम्वन्धी महासन्धिको कार्यान्वयन गरे नगरेको सम्वन्धमा पनि अनुगमन गरी नेपाल सरकारको ध्यान आकृष्ट गर्दै आएको छ  । अपाङ्गता भएका ब्यक्तिहरुको अधिकारसंग सम्वन्धित विषयमा बेला बेलामा बिभिन्न प्रकारका प्रेश बिज्ञप्तिहरु जारी गरिएको छ । आयोगले अपाङ्गता भएका ब्यक्तिहरुको अधिकार हन्न भएका उजुरीहरु ग्रहण गर्ने, त्यस माथी अध्ययन, अनुसन्धान गर्ने, पीडितलाई न्याय, राहत परिपुरण र पीडकलाई कानुनी कार्यवाहिको निम्ति सिफारिस गर्ने कार्य गर्दै आएको छ । कतिपय गम्भिर प्रकृतिका उजुरीमा स्वयं आयोगलेनै स्वविवेकले उजुरी ग्रहण गरी  अपाङ्गता भएका ब्यक्तिहरुको मानव अधिकारको संरक्षण र सम्वर्द्धनको लागि नेपाल सरकारको ध्यान आकृष्ट पनि गर्दै आएको छ ।

अपाङ्गता भएका व्यक्तिहरुको न्यायमा पहुँचको विषयलाई राष्ट्रिय मानव अधिकार आयोग तथा राष्ट्रिय अपांग महासंघले संयुक्त रुपमा १५ वटा जिल्लाका सेवाप्रदायक निकायहरुको भौतिक संरचना, कार्यालयको वातावरण अपांगता भएका व्यक्ति तथा मानव अधिकारमैत्री भए नभएको सम्वन्धमा अध्ययन गरी प्रदेशस्तरमा दुई दिवसिय कार्यशालाको आयोजना गरिएको छ । प्रदेश न १ को हकमा मोरङ, धनकुटा तथा शंखुवासभा जिल्लाका उच्च अदालत, जिल्ला अदालत, विराटनगर महानगरपालिका, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, उच्च तथा जिल्ला सरकारी वकिलको कार्यालय तथा राष्ट्रिय मानव अधिकार आयोग प्रदेश कार्यालय विराटनगरको समेत भौतिक संरचनाको अध्यन अनुगमन र अवलोकन गएिएको थियो । यी कार्यालयहरुको अध्ययनबाट प्राप्त तथ्यहरुलाई मिति २०७९ पुष १३ र १४ गते विराटनगरस्थित विग होटलमा दुई दिवसिय कार्यशालाको आयोजना गरी न्याय प्रदान गर्ने निकाय तथा अन्य सरोकारवाला निकायका प्रमुख तथा प्रतिनिधिहरुलाई सहभागी गराई अपांगता भएका ब्यक्तिलाई कसरी सहज रुपमा त् त् कार्यालयबाट सेवा प्रदान गर्न सकिन्छ भनि ब्यापक रुपमा सहभागिहरुका बिचमा अध्ययनबाट प्राप्त तथ्यहरु माथि छलफल भएको थियो । दुबैकार्यालयबाट गरिएको अध्ययनमा अपांगता भएका व्यक्तिको न्यायमा सहज पहुँच नभएको तथ्यहरु प्राप्त भएका थिए ।  न्याय प्रदान गर्ने निकाय तथा अदालतहरुको संरचना समेत अपांग मैत्री नरहेको, विराटनगर महानगरपालिका, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालयमा पुग्न अपांगता भएका व्यक्तिलाई ठाउ ठाउमा अवरोध रहेको कुरापनि अध्ययनबाट प्राप्त भएको र सो को समाधान कसरी गर्न सकिन्छ भनि कार्यशालामा व्यापक छलफल भएको थियो । अपांगता भएका व्यक्तिको अधिकारको संरक्षणका लागि कानुनमा थुप्रै प्रावधान भएपनि व्यवहारमा कार्यान्वयन हुन नसकेको घर परिवार गाउँ समाज स्थानीय तह, प्रदेश सरकार तथा संघीय सरकारले अपांगता भएका व्यक्तिलाई हर्नेदृष्टिकोणमा साकारात्मक परिवर्तको खाँचो रहेकोले सबैका बिचमा समन्वय र सहकार्यका माध्यमाबाट अगाडि बढयौ भने पक्कैपनि अपांगता भएका व्यक्तिको अधिकार सरक्षणगर्न सकिने कुरामा सहभागीहरु एकमत भएका थिए ।

## परिच्छेद २

### ६. विषयगत ठूला महासन्धीमा आधारित मानव अधिकारको अवस्था :

राज्यले अनुमोदन गरिएका महासन्धी बमोजिमका दायित्वहरु पुरा गरे नगरेको बारे राष्ट्रिय मानव अधिकार आयोगले नियमति रुपमा अनुगमन गरी मानव अधिकार अवस्था प्रतिवेदनहरु सार्वजनिक गर्ने गर्दछ । यसैक्रममा आयोगले मानव अधिकार हनन्का उजुरीहरु ग्रहण गर्ने, उजुरीउपर अनुसन्धान गरी दोषीलाई कारवाही र पीडितलाई क्षतिपूर्तिको लागि सरकार समक्ष सिफारिस गर्ने गर्दछ । नेपाल सरकार अन्तरगत विभिन्नि निकायहरु, कारागार, थुनुवा केन्द्र लगायतका स्थानहरुको अवलोकन, निरीक्षण, भ्रमण गरी मानव अधिकारको संरक्षणको लागि ती संस्थाहरुको कामकारवाही, भौतिक सुविधा सम्बन्धमा सुझाव तथा सिफारिस गर्ने गर्दछ । विभिन्न महासन्धिमा आधारित अधिकारहरुको बारेमा सरोकारवालाहरुको जानकारीको लागि सरकारी निकाय, सुरक्षा निकाय र मानव अधिकारसँग सम्बन्धीत विभिन्न गैरसरकारी संस्थाहरुसँग समन्वय गरी मानव अधिकार सचेतना अभिबृद्धि सम्बन्धी सम्वर्द्धनात्मक गतिविधीहरु संचालन गर्ने गर्दछ । महासन्धि कार्यान्वयनको क्रममा राज्यद्वारा निर्माण गरिने विभिन्न ऐन, कानुन तथा नीतिहरुको निर्माण गर्दा मानव अधिकारका सवालहरुलाई ध्यान दिन तथा विभेदकारी कानुनहरुको पुनरावलोकन गरी मानव अधिकारमैत्री कानुन निर्माण गर्नको लागि समेत सरकारलाई सिफारिस गर्दछ ।

राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश कार्यालयले नौ ठूला महासन्धी तथा अन्य विषयगत अधिकार समेतलाई ध्यान दिंदै यस प्रदेशको मानव अधिकार अवस्थाको अनुगमन गरेको छ । यस प्रदेश को मानव अधिकारकर्मीहरु, स्थानीय तह, नागरिक समाजका प्रतिनिधीहरु र पीडित र पीडित आफन्तहरुसँग विभिन्न समयमा गरिएका अन्तरक्रिया एवं छलफलबाट मानव अधिकारका सवालहरु पहिचान गर्ने गरिएको साथै दैनिकरुपमा पत्रपत्रिकामा प्रकाशित मानव अधिकार सम्बन्धी घट्नाहरुको मिडिया अनुगमन समेत गरी मासिक रुपमा मानव अधिकार अवस्था प्रतिवेदन तयार गर्ने गरेको छ । यसका साथै समाजमा मानव अधिकार संस्कृति निर्माण तथा विकासको लागि अन्य निकायहरुसँग समेत आवश्यक समन्वय गरी विभिन्न सम्वर्द्धनात्मक र सचेतनामूलक कार्यक्रमहरु संचालन गरेको छ । मानव अधिकारका महत्वपूर्ण अन्तर्राष्ट्रिय सन्धि सम्झौता तथा राष्ट्रिय कानुनहरुबारे सरोकारवालाहरुलाई जानकारी गराउने गरेको छ । आयोगबाट सम्पन्न गरिएका यीनै गतिविधीहरुका आधारमा यस प्रदेशको मानव अधिकार अवस्था यसप्रकार रहेको छ ।

#### ६.१.नागरिक तथा राजनीतिक अधिकार

कुनै नागरिक/ब्यक्ति भएको हैसियतले मनिसले उपभोग गर्न पाउने नागरिक तथा राजनीतिक अधिकारहरुलाई संरक्षण तथा प्रवर्द्धन गर्न सन् १९६६ मा संयुक्त राष्ट्र संघले जारी गरिएको अनुवन्धलाई नागरिक तथा राजनीतिक अधिकार सम्बन्धि महासन्धी भनिन्छ । यस महासन्धिलाई नेपालले सन् १९९१ मे १४ मा अनुमोदन गरेको हो । यस महासन्धीमा जम्मा ५३ वटा धाराहरु रहेका छन् । यस महासन्धीको नेपाल पक्ष राष्ट्र भएकोले उक्त महासन्धीमा रहेका नागरिक तथा राजनीतिक अधिकारहरुको संरक्षण तथा सम्वर्द्धन र परिपालनाको प्रमुख दायित्व राज्यको नै रहेको हुन्छ ।

नेपालको संविधानले मानव अधिकारको विषयलाई विशेष प्राथमिकता दिएको छ । संविधानको प्रस्तावनामा नै प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार र आवधिक निर्वाचनका सम्बन्धमा उल्लेख छ । त्यसैगरी पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानुनी राज्यको अवधारणालाई आत्मसात् गरेको छ । विगतका संविधानहरूको तुलनामा यस संविधानमा थप अधिकारहरुको यकिन गरी आर्थिक, सामाजिक अधिकारका विषयहरू मौलिक हकको रूपमा ब्यवस्था गरिएको छ । संविधानतः स्थानीय तह, प्रादेशिक तह र संघमा सरकारहरु गठन भएका छन । संविधानले स्थानीय तहमा न्यायिक समितिको परिकल्पना गरेकोबाट मानिसहरुले आफ्नो घर दैलोमा न्याय प्राप्त गर्ने अवस्थाको सृजना भएको छ ।

आयोगको यस कार्यालयमा बाँच्न पाउने अधिकार, न्याय प्रशान र अन्य नागरिक तथा राजनीनिक अधिकार सम्बन्धीत उजुरीहरु दर्ता हुन आएका छन् । न्याय प्रशासनसँग सम्बन्धीत उजुरीहरु गैरकानुनी थुना, पुन : पक्राउ, प्रहरीबाट प्रभावकारी अनुसन्धान नभएको, प्रदर्शन तथा वन्द हड्तालमा सुरक्षाकर्मीहरुबाट अत्यधिक वल प्रयोग गरेको आदि विषयसँग सम्बन्धीत मानव अधिकारको हन्न भएको भनिएका उजुरीपनि आयोगमा छन । यस कार्यालयमा नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी उजुरीको विवरण हेर्दा सबैभन्दा बढी ताप्लेजुङबाट २०, मोरङबाट १२, इलाम ११, उदयपुर ७, भोजपुरबाट र संखुवासभाबाट ६/६, तेह्रथुम, धनकुटा, पाँचथर र झापा जिल्लाहरुबाट २/२ गरी जम्मा ७० वटा उजुरी यस महासन्धी अर्न्तगत दर्ता भएका छन ।

### ६.१.१. जीवनको अधिकार :–

मर्यादित एवं सम्मानित रूपमा जीवनयापन गर्न पाउनु प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो । मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ३ र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६ को धारा ६ मा प्रत्येक व्यक्तिलाई जीवनको अधिकार प्रत्याभूति गर्दै स्वेच्छाचारी ढङ्गले कसैको पनि जीवन हरण गर्न नपाइने भनी उल्लेख गरिएको छ । सोही अनुवन्धको दोस्रो ऐच्छिक आलेख, १९८९ मा मृत्युदण्ड उन्मूलनसम्बन्धी व्यवस्थाहरू रहेका छन् । नेपालको संविधानले मृत्युदण्ड दिन नपाउने व्यवस्था गरी बाँच्न पाउने अधिकारलाई मौलिक हकको रूपमा स्थापित गरेको छ ।

माथि उल्लिखित व्यवस्थाका बाबजुद जीवनको अधिकार पूर्णतः सुरक्षित हुन नसकेको अवस्था छ । व्यक्तिगत रिस-इवी, लेनदेन, आफन्तभित्र कलह, हिंसाजन्य कार्य, बैदेसिक रोजगारी, बेरोजगारी, सामाजिक परम्परा, मोबाइलबाट भएको प्रेम, झगडा, रिस राग लगायतका कारणहरूबाट यस्ता घटना भएको पाइन्छ । यसै गरी गर्भसम्बन्धी समस्याको कारण ज्यान गुमाउनु, बाल मृत्युदर, प्रदूषण, सरसफाइको कमि, एचआइभी एड्स, मलेरिया, कोभिड १९, डेंगु आदिबाट नागरिकहरु ज्यान गुमाउन बाध्य भएका छन् । यस बर्ष डेंगुबाट मात्रै यस प्रदेशमा ९ जनाको मृत्यु भएको छ । त्यसैगरी सडक दुर्घटना, आत्महत्या, प्राकृतिक विपत्तिबाट पनि नागरिकहरुले ज्यान गुमाउनु परेको देखिन्छ । आत्महत्या गर्नेमा कोशी प्रदेश अन्य प्रदेशको तुलनामा अग्रपंत्तिमा पर्छ । यसको प्रमुख कारण घरेलु हिंसा, सामाजिक, आर्थिक हिंसा बैदेसिक रोजगारी, सामाजिक परिवेश तथा सामाजिक संजालको प्रयोग प्रमुख रहेका छन् असारको २ र ३ गते परेको अविरल बर्षाको कारणबाट समेत कोशी प्रदेशका भोजपुरमा १ जना, संखुवासभामा ३, ताप्लेजुङ र पाँचथर जिल्लामा ३/३ जनाको मृत्यु भएको छ ।

### ६.१.२. दण्डहीनता :–

दण्डहीनता कानुनकको शासनको अपहेलना वा कानुनको कार्यान्वयनमा निश्क्रियता र हेलचेक्र्याईको अवस्था हो । मानव अधिकारको संरक्षणमा माथि उल्लेखित अवस्था विगतदेखि नै एउटा ठूलो चुनौतीको रूपमा देखिदै आएको छ । यसमा घटनाहरुको जाहेरी नलिइनु र घटना उपर अनुसन्धान, अभियोजन नगर्नु र गरेता पनि केवल पहुँचवाला व्यक्तिहरुको मात्र दर्ता गरी अनुसन्धान तथा अभियोजन कार्य गर्नुले पीडितलाई न्याय दिन नसक्नु वा न्याय दिन प्रत्यक्ष वा परोक्ष रूपमा इन्कार गर्नु दण्डहीनताको अवस्थाका सूचकहरू हुन् । प्रहरीले फौजदारी अपराधका घटनाहरुको अभियोजन गर्न इन्कार गरेको र पीडितलाई हतोसाहित बनाउने कार्य निरन्तर भइरहेको छ । यसका साथै आयोगबाट भएका सिफारिसहरु कार्यान्वयन नगर्नु र अदालतबाट दोषी किटानी गरी फैसला गरेका व्यक्तिलाई प्रहरीले कारवाही नगर्ने परिपाटीले झन मानव अधिकार तथा जीवनको अधिकार असुरक्षित हुदै गएको अवस्था छ ।

### ६.१.३. सङ्क्रमणकालीन न्याय : –

लगभग एक दशक लामो सशस्त्र द्वन्द्वको अन्त्य गरी नेपाल सरकार र तत्कालीन नेकपा (माओवादी) बीच भएको विस्तृत शान्ति-सम्झौता बमोजिमका धेरैजसो कार्यहरू सम्पन्न हुन अझै बाँकी रहेका छन् । सशस्त्र द्वन्द्वको क्रममा हत्या, अङ्गभङ्ग, बलपूर्वक बेपत्ता, अपहरण, यातना तथा कुटपिट, यौनजन्य हिंसा, सम्पत्ति कब्जा एवं नष्ट तथा बलपूर्वक विस्थापन लगायतका घटनाहरूबाट पीडित व्यक्तिहरूका मागहरु अझै सम्बोधन हुन सकेका छैनन् । सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता व्यक्तिहरूको छानबिन आयोग गठन भई समय सिमा समेत सकिएको अवस्थामा सरकारले पटक पटक पुनः उक्त आयोगहरुलाई निरन्तरता दिएको देखिन्छ । सत्यनिरूपण तथा मेलमिलाप आयोग, नेपालद्वारा २०७४ माघ २६ गते जारी प्रेसविज्ञप्तिलाई हेर्ने हो भने यस आयोगमा २०७३/१/५ देखि २०७३/२६ सम्मको पहिलो चरणमा ५८,०५२ सङ्ख्यामा उजुरीहरू प्राप्त भएको देखिन्छ । यसैगरी २०७४/३/२५ देखि साउन २४ सम्म छुट भएका उजुरीहरू सङ्कलन गरिएकोमा १,२६३ उजुरी थप भएका थिए । त्यसै गरी हाल सम्म जम्मा ६३,७०० उजुरीहरू यस आयोगमा दर्ता भएको देखिन्छ । पीडितमध्ये कतिपयले आर्थिक राहत पाइसकेपनि पीडकहरु कानुनी कारवाहीको दायरामा आउन सकेका छैनन् । गंभिर प्रकृतिका मानव अधिकार उल्लंघनका दोषीलाई कारवाही गर्नु संक्रमणकालीन न्यायको एउटा महत्वपूर्ण भए पनि यहाँ ऐन मार्फतनै दोषिलाई माफिदिने कुरा गरिदै छ भने गम्भीर मानव अधिकार उल्लघनका सवालहरुमा पनि क्षमादानको प्रावधान बिधेयकमा राखिएपछि नागरिक समाज तथा पीडित र पीडितका आफन्तले यस्को घोर बिरोध गरिरहेको अवस्थामा उक्त बिधेयक सधनमा दर्ता भईसकेको अवस्था छ । राष्ट्रिय मानव अधिकार आयोगले पनि गम्भीर मानव अधिकार उल्लंघनका सवालहरुमा क्षमादानको प्रबवधान राख्न उपयुक्त नहुने भनेर सरकारको ध्यानाकर्षण गराएको अवस्था हो । मुलुकमा दीगो शान्ति र समुचित न्याय व्यवस्था कायम राख्न राज्यले संक्रमणकालिन न्यायको लागि सत्यको खोजी र सत्य उजागारको कार्य गर्न ढिला भइसकेको छ । अभियुक्तहरुको पहिचान, घट्नाहरुको कानुनी अनुसन्धान गरी अभियोजन, दोषीलाई दण्ड, पीडित र साक्षीहरुको संरक्षण सम्बन्धी कानुनी व्यवस्था र दोषीहरुद्वारा सार्वजनिक माफी एवं पुन घट्ना नदोहोऱ्याउने प्रत्याभूति आवश्यक छ ।

### ६.१.४. यातना विरुद्धको अधिकार :

यातना विरुद्धको अधिकार अहरणीय मानव अधिकार हो । मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ५ र नागरिक तथा राजनीतिक अधिकार विषयक अनुवन्ध, १९६६ को धारा ७ ले पनि यातनालाई निषेध गरेको छ । नेपालको संविधान, २०७२ ले यातनाविरुद्धको हकलाई मौलिक हक अन्तर्गत धारा २१ अपराध पीडितको अधिकार, धारा २२ मा यातना बिरुद्धको हक, धारा २३ निवारक नजरबन्द बिरुद्धको हक र धारा २९ ले शोषण बिरुद्धको हक समावेश गरेको छ । यातना क्षतिपूर्ति ऐन, २०५३ ले अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू नै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई यातना दिन नहुने कुरा उल्लेख गरेको छ । यातनाविरुद्धको महासन्धि र संवैधानिक व्यवस्था बमोजिम यातना दिने कार्य दण्डनीय अपराध हुने भनिएको भएता पनि नेपाल कानुनले हालसम्म यातनालाई दण्डनीय बनाएको देखिदैन । यातना दिने कार्यलाई दण्डनीय बनाउने सन्दर्भमा आयोगबाट पटक पटक दिइएको सुझाव/निर्देशन तथा सर्वोच्च अदालतको आदेश एवं मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षा र सन्धिगत निकायहरुका सिफारिसहरुको हालसम्म पनि कार्यान्वयन हुन सकेको छैन । आयोगवाट विभिन्न समयमा भएका हिरासत तथा कारागारहरुको अनुगमनबाट प्राप्त तथ्य एवम् यातना सम्बन्धी उजुरीहरुमा कमी आएकोबाट हिरासतमा दिइने यातनामा विगतको तुलनामा उल्लेख्य कमी आएको देखिए पनि यसको अन्त्य भने हुन सकेको छैन । यस आ.व.मा आयोगले कोशी प्रदेश कार्यालयका प्रायः जिल्लाहरुमा कारागार तथा हिरासत कक्षहरुको अनुगमन समेत गरेको छ ।

### ६.१.५. बन्दीहरूको अधिकार : –

कारागारलाई सजाय गृहको रूपमा होइन सुधारगृहको रूपमा विकास गर्नुपर्दछ भन्ने मान्यताको विकास क्रमश: हुदै आएको छ । तर कानुनमा अपराध गरे वापत तोकिएको सजायको भागिदार हुनुपरे पनि कैदीबन्दीहरूका लागि विभिन्न अधिकारको सुनिश्चितता गर्नु पर्ने उल्लेख भएको छ । कैदीबन्दी महिला र पूरुषलाई भएसम्म छुट्टाछुट्टै घरमा र सो नभए एउटै घरमा राख्नुपर्ने भएमा परस्पर भेटघाट वा कुराकानी गर्न नपाउने गरी सो घरको भिनाभिन्नै भागमा राख्नु पर्ने प्रावधान छ । यसैगरी थुनुवा र कैदी एउटै कारागारमा राख्ने व्यवस्था भएकोमा थुनुवा र कैदी छुटचाइ यथासम्भव छुट्टाछुट्टै, २१ वर्षमुनिको र २१ वर्षमाथिको कैदी वा थुनुवालाई छुटचाई यथासम्भव अलगअलग राखिनुपर्दछ । त्यसैगरी देवानी मुद्दा र फौजदारी मुद्दाका कैदीलाई, रोगी थुनुवा वा कैदी, मानसिक समस्या भएका थुनुवा वा कैदीलाई छुटचाई यथासम्भव भिन्नै भागमा र फौजदारी मुद्दामा सजाय पाएका कैदीलाई भिन्नै कोठामा राख्नु पर्ने देखिन्छ । आयोगबाट बिभिन्न मितिहरुमा भएको कारागार तथा हिरासत अनुगमनहरुबाट कारागारहरूमा गम्भीर प्रकृतिका अपराध र सामान्य अपराधमा संलग्नलाई सँगै एकै स्थानमा राखिएको र मुद्दा फैसला भई अभियोग प्रमाणित भएका र पुर्पक्षका लागि थुनामा राखिएका व्यक्तिहरूलाई पनि एक साथ राखेको पाइएको छ । लगभग धेरैजसो कारागारहरूको भौतिक संरचना पुरानो भएको कारण जीर्ण भई असुरक्षित र जीउ ज्यानकै जोखिमा रहेको, निश्चित तथ्य र तथ्याङ्क नहुँदा छुट्नु पर्ने कैदीबन्दीहरु समयमा छुट्न प्राविधिक कठिनाइ रहेको र क्षमताभन्दा बढी बन्दीहरूलाई थुनामा राखिएको विषय गंम्भिर तथा राष्ट्रिय समस्याकै रुपमा रहेको देखिन्छ ।

कारागार कार्यालयमा सुधार र कैदीबन्दीहरुको अधिकारलाई सम्बोधन गर्न अनुगमनको क्रममा देखिएका समस्याहरुको तत्काल र दीर्घकालिन सम्बोधनको लागि कारागार प्रशासन, प्रमुख जिल्ला अधिकारीसँग आयोगको अनुगमन टोली बसी अनुगमनबाट प्राप्त तथ्य, विद्यमान कानुनी व्यवस्था र वर्तमान अवस्थाका सम्बन्धमा छलफल गरी सुधारको लागि सुझावहरु दिइएको छ । कारागारको वातावरण सफा राख्न उचित प्रवन्ध गर्न, कैदी बन्दीहरुकोलागि सीपमूलक तालिम प्रदान गर्न, कारागारमा थुनुवा कैदीबन्दीहरुको नियमित स्वास्थ्य परीक्षणको आवश्यक व्यवस्था गर्न साथै कैदी बन्दीहरुको अभिलेख चुस्त दुरुस्त राख्न, कैदीबन्दीहरुले पालना गर्ने आचारसंहिता प्रष्ट र बुझिने गरी सबैको पहुँचमा हुनेगरी टाँस्न वा राख्ने व्यवस्था गर्न सुझावहरु दिईएको छ । आयोगले अनुगमनबाट सरकारले कारागारहरुको भौतिक सुधार एवं कैदी बन्दीहरको राजनीतिक, नागरिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको सम्मान, संरक्षण तथा सम्वर्द्धनमा विशेष ध्यान दिनुपर्ने भनि आग्रह गरेको थियो ।

### ६.२.जातीय भेदभावविरुद्धको अधिकार

जात विशेषको आधारमा गरिने निषेध, बहिष्करण र विभेदजन्य कार्यलाई जातीय भेदभावका रूपमा लिइन्छ । मानिस जन्मसिद्ध रूपमा स्वतन्त्र र समान भएकाले जातजाति, उत्पत्ति, धर्म, वर्ण, लिङ्ग, पेसा-व्यवसाय, राष्ट्रियता लगायत कुनै पनि आधारमा भेदभाव गर्न पाइँदैन । यी कुनै पनि आधारमा गरिने यस प्रकृतिका कार्य नैतिक, सामाजिक र कानुनी रूपले समेत अक्षम्य र गम्भीर अपराध मानिन्छन् । मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा १ मा सबै व्यक्ति जन्मजात स्वतन्त्र र प्रतिष्ठा तथा अधिकारमा समान हुने भनि उल्लेख गरिएको छ । जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचारधारा, राष्ट्रियता वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य कुनै हैसियत लगायतका कुनै पनि आधारमा कुनै पनि किसिमको भेदभाव गर्न नपाइने उल्लेख छ । नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुवन्ध, १९६६ को धारा २ र आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार विषयक अनुवन्ध, १९६६ को धारा २ ले जातीय भेदभाव बिरुद्धको अधिकारको प्रत्याभूति दिलाएको छ । त्यसैगरी सबै प्रकारका जातीय भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९६५ तथा महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने अन्तर्राष्ट्रिय महासन्धि, १९७९ को धारा २ मा समेत समानता र अविभेदको सिद्धान्तलाई आत्मसात् गरिएको पाइन्छ । नेपालको संविधानको मौलिक हकअन्तर्गत धारा १८ (१) मा सबै

नागरिक कानुनको दृष्टिमा समान हुने र कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गर्न नपाइने व्यवस्था गरिएको छ। सोही धाराको उपदफा (२) मा राज्यले नागरिकहरूबिच जातजातिको आधारमा पनि भेदभाव नगरिने व्यवस्था रहेको छ। धारा २४ मा छुवाछुत तथा भेदभावविरुद्धको हकमा कुनै पनि व्यक्तिलाई जाति, वंश, समुदाय वा पेसाका आधारमा कुनै किसिमको छुवाछुत तथा जातीय भेदभाव नगरिने, भेदभाव व्यवहार दण्डनीय हुने र पीडितले कानुनले निर्धारण गरेअनुसार क्षतिपूर्ति पाउने व्यवस्था सम्बन्धि प्रावधान छ। त्यसैगरी कुनै पनि नागरिक वा व्यक्तिलाई जातजातिको आधारमा सार्वजनिक प्रयोगमा रहेका सेवा, सुविधा वा उपयोगका कुराहरू प्रयोग गर्नबाट वा सार्वजनिक स्थल वा सार्वजनिक धार्मिक स्थलमा प्रवेश गर्न वा वा धार्मिक कार्य गर्नबाट बिमुख नगरिने प्रावधान रहेको छ। जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ ले जातीय भेदभाव र छुवाछुतलाई दण्डनीय मानि सजायको व्यवस्था तोकेको देखिन्छ। त्यसैगरी राष्ट्रिय दलित आयोगको स्थापना, उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समिति, वादी समुदाय उत्थान विकास समिति, जातीय भेदभाव, छुवाछुत तथा दलितहरूको अधिकार प्रवर्द्धन संयन्त्रहरू कार्यरत रहेका छन्। शैक्षिक क्षेत्रमा दलित समुदायको उपस्थिति कम भएको तथ्यलाई ध्यानमा राखी सरकारले कक्षा दशसम्म निःशुल्क शिक्षा, उच्च माध्यमिक विद्यालयमा छात्रवृत्ति कार्यक्रम र रोजगारीको क्षेत्रमा आरक्षण नीति अवलम्बन गरेको छ। यी सकारात्मक प्रावधान एवं संयन्त्रहरूको स्थापनाको बाबजुद पनि जातीय छुवाछुतको अवस्था विद्यामान छ।

आयोगले कोशी प्रदेश अन्तरगतका जिल्लाहरुमा जातीय विभेद तथा छुवाछुत विरुद्धको अधिकार सम्बन्धमा अन्तरक्रिया तथा अभिमुखिकरण कार्यक्रम संचालन गर्दै आएको छ। उक्त कार्यक्रमबाट गाउँसमाजमा अझैपनि छुवाछुतजन्य घट्नाहरु भइरहेको देखिन्छ। विभिन्न अन्तरक्रिया कार्यक्रममा सहभागीहरुबाट राखिएका भनाइहरुले जातीय विभेद तथा छुवाछुत कायमै रहेको देखिन्छ। अन्तरजातीय विवाहलाई अझै पनि सामाजले सहजरुपमा स्वीकार गर्न नसकेको, अन्तरजातिय बिवाह भएमा ज्यानै लिने गरी कुटपिट गर्ने, गाउँ निकाला गर्ने सम्मका कार्य भए गरेको देखिन्छ। छुवाछुत र दलितहरू उपरको प्रताडना रोकिएको छैन बरु स्वरुपमात्र फेरिएको हुँदा दलितका पीडा अहिले पनि जीवितै देखिन्छ। सहरी क्षेत्रमै पनि छुवाछुतको प्रचलन, दलित भएकै आधारमा कोठा भाडामा नपाउने समस्या विद्यमान छ। सार्वजनिक दलित पदाधिकारीहरुलाई केवल नाम मात्रको कोटा अनुसारको प्रतिनिधित्व गराइएको, माइन्युटमा हस्ताक्षर गर्नु बाहेक अन्य काम नदिइएको, दलितका मुद्दा तथा सवालहरु सरोकारवालाहरु संबोधन गर्न तदारुकता देखाउन आनाकानी गर्ने गरेको, दलितको आर्थिक उपार्जनको साधन नभएको शिक्षा तथा स्वास्थ्यमा दलितको पहुँच ज्यादै कम भएको, दलितलाई विकास निर्माण देखि साँस्कृतिक कार्यक्रमबाट बहिस्कृत गर्ने गरेको, दलितको पसलबाट किनमेल गर्न गैर दलित व्यक्तिहरु चाहदैनन् भन्ने कुरा पनि सो क्षेत्रका अगुवाहरुको भनाई रहेको छ। जातीय भेदभावका कारण दलितहरु आफ्नो थर परिवर्तन गरी गैर दलितको थर राखेको अवस्थाले सरकाबाट पाउने सेवा सुबिधा पाउन समस्या भएको अवस्था देखिन्छ। पूजाको दिन प्रसाद खानबाट बिमुख गर्ने, महाशिवरात्रीको दिन ओखलढुंगा जिल्लामा दलितलाई मन्दिर प्रबेशमा रोक लगाएको घटना, सुनसरीमा बिहेको भोजमा खाना लिन जाँदा बिभेद गरेको जस्ता घटना पनि यस बर्ष आयोगमा आएका थिए। होटेल तथा सार्वजनिक स्थलमा सर्वसुलभ पहुँच नभएको, सार्वजनिक स्थल तथा निकायमा अपमानजनक शब्दको प्रयोग गरेको तथा अन्तजातीय विवाह विवादका उजुरीहरू आयोगमा पर्ने गरेको छ। दलित तथा पिछडिएका वर्गलाई विभेद, विद्यालय तथा सार्वजनिक स्थलमा छुवाछुतजन्य भेदभाव जस्ता घटनाहरू निरन्तर भइरहेका छन। आयोग कोशी प्रदेश कार्यालयमा जातिय बिभेद शिर्षकमा १ मात्र उजुरी परेको देखिन्छ।

कानुन कार्यान्वयन गर्ने अधिकारी/पदमा बसेकाहरुको ईच्छाशक्ति वा निकाय उदासीन रहनाले विभेद र छुवाछुतसम्बन्धी कानुन प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको हो। समाज तथा प्रहरीबाट यस्ता घटनाहरू पैसाको लेनदेनमा तथा मेलमिलापमा टुङ्गिने गरेको देखिन्छ। गरिबी, अभाव, चेतना र पहुँचको अभावजस्ता कारणहरूबाट छुवाछुतको प्रवृत्ति जीबितै रहेको छ। धार्मिक अन्धविश्वास, सामाजिक कुरीति, रुढीवादी संस्कार, अशिक्षा लगायतका कारण अहिले पनि जातीय विभेद तथा छुवाछुतका घटनाहरू घटिरहेको अवस्था आयोगको अनुगमनबाट पाइएको छ। नेपाली समाज पुरातनबादी सोचबाट प्रेरित भई आएको हुदा एकै पटक परिवर्तन हुन गैरदलित त्यसमा पनि ग्रामिण अशिक्षित समाज गाह्रो मानिरहेको अवस्था देखिन्छ। तर समयको अन्तराल, शिक्षा

तथा विश्वब्यापिकरणको प्रभावसंगै दलितहरुको समस्या समाधान हुने कुरामा दुई मत छैन् । यसका लागि मानव सभ्यताकै कलङ्कका रूपमा रहेको यस कुप्रथाको अन्त्य जरुरी छ । कानुनको प्रभावकारी कार्यान्वयन र आर्थिक स्तरमा वृद्धि एवं चेतनामूलक कार्यक्रमहरूलाई एकसाथ लैजानुपर्ने आजको टडकारो आवश्यकता छ ।

## ६.३.अपाङ्गता भएका व्यक्तिहरूको अधिकार

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ ले अपाङ्गता भएका व्यक्ति भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रिय सम्बन्धी दीर्घकालीन अशक्तताद्वारा सिर्जित विभिन्न अवरोधको कारणले समाजमा अन्य व्यक्तिसरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गमा सहभागी हुन बाधा भएको व्यक्तिसमेतलाई जनाउँदछ भनी परिभाषित गरेको छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको ऐच्छिक आलेख, १९६६ मा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार उल्लेख छ । यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहारविरुद्धको महासन्धि, १९८४ मा प्रत्यक्ष र परोक्ष रूपमा शारीरिक अवस्थाको आधारमा भेदभाव गर्न नहुने अधिकारको सुनिश्चितता गरिएको छ । त्यस्तै महिलामाथि सबै प्रकारका हिंसा उन्मूलन गर्ने महासन्धि, १९७९, बाल अधिकारसम्बन्धी महासन्धि, १९८९, मृत्युदण्डको उन्मूलनसँग सम्बन्धित नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको दोस्रो ऐच्छिक आलेख, १९८९ मा अपाङ्गता भएका व्यक्तिको अधिकारको उल्लेख गरिएको पाइन्छ । जेनेभा महासन्धि, १९४९ (युद्ध वा सशस्त्र द्वन्द्वकालमा मात्रै लागू हुने लगायतका दस्तावेजहरूमा शारीरिक अवस्थाको आधारमा भेदभावलाई निषेध गरी उनीहरूको अधिकारलाई सुनिश्चित गरिएको छ । यी दस्तावेजले कानुनका अगाडि सबै समानलगायत विभेदविरुद्धको अधिकारलाई जोड दिएको छ । अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि, २००६ एवं इच्छाधीन आलेख, २००६ ले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको सुनिश्चितता गर्नुका साथै यस्ता अधिकारसम्बन्धी सामान्य सिद्धान्तहरूको प्रतिपादन गरिएको छ ।

नेपालको संविधान, २०७२ ले समानता र अविभेदको सिद्धान्तलाई अंगिकार गरेको छ । यसअनुसार कुनै पनि आधारमा कसैलाई पनि भेदभाव गरिने छैन भनी उल्लेख गरेको छ । अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकारको सम्बन्धमा पनि मौलिक हकमा विशेष व्यवस्था गरिनुका साथै विभिन्न ऐनमा पनि अपाङ्गता भएका व्यक्तिहरूको संरक्षण तथा कल्याणसँग सम्बन्धित व्यवस्था गरिएको छ । अपाङ्गता भएका व्यक्तिको अधिकार सम्पन्धी ऐन २०७४, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धी नियमावली २०७७, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धी राष्ट्रिय नीति २०७८, अपाङ्गता सम्बन्धी १० बर्षे राष्ट्रिय नीति तथा कार्ययोजना २०७३–२०८२, अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना तथा संचार सेवा निर्देशिका २०६९, अपाङ्गता सम्वन्धी सूचना तथा सहयोगी कक्ष संचालन सम्वन्धी कार्यबिधि २०७१, प्रदेशस्तरीय अपाङ्गता नागरिक ग्राम निर्माण तथा ंचालन सम्वन्धी मापदण्ड २०७७, अपाङ्गता ग्राम निर्माण तथा संचालन कार्यविधि २०७८, अपाङ्गता भएका बालबालिकाको संरक्षणको लागि स्थापना भएका बालगृहलाई अनुदान उपलब्ध गराउने सम्वन्धी कार्यविधि २०७७, अपाङ्गता भएका व्यक्तिलाई हवाई यात्रामा दिईने छुट वा सहुलियत सम्वन्धी कार्यविधि २०६३, राष्ट्रिय नीति तथा कार्ययोजना, आदिमा अपाङ्गताका मुद्दालाई स्थान दिएको छ । स्थानीय स्वायत्त शासन ऐन, नगरपालिका अनुदान सञ्चालन कार्यविधि, तथा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६५ मा अपाङ्गता भएका व्यक्तिहरूका सम्बन्धमा उल्लेख गरिएको छ । त्यस्तै अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र वितरण निर्देशिका, शिक्षा ऐन, तथा शिक्षा नियमावलीमा अपाङ्गता भएका व्यक्तिहरूका बारेमा विभिन्न व्यवस्था गरिएका छन् ।

माथि उल्लिखित ऐननियममा विशेषतः भेदभावविरुद्धको अधिकार, सामुदायिक जीवनको अधिकार, संरक्षणको अधिकार, राजनीतिक सहभागिताको अधिकार, नीति निर्माणमा सहभागिताको अधिकारमा जोड दिइएको छ । त्यसैगरी संस्था खोल्ने अधिकार, सांस्कृतिक जीवनमा सहभागी हुने अधिकार, सेवा, सुविधा तथा न्यायमा पहुँचको

अधिकार, सामाजिक सुरक्षाको अधिकार, सूचना तथा जानकारीको अधिकार, आवतजावतको अधिकारको सम्बन्धमा उल्लेख छ । यसको साथै अपाङ्गता भएका महिला तथा बालबालिकाका थप अधिकारहरू समावेश गरिएका छन् ।

अपाङ्गता भएका व्यक्तिका अधिकारसम्बन्धी ऐन, २०७४ ले अपाङ्गता भएका व्यक्तिहरूको वर्गीकरण गरेको छ । जसमा शारीरिक अङ्गहरू र शारीरिक प्रणालीमा भएको समस्या एवं कठिनाइका प्रकृतिअनुसार १० र अशक्तताको गम्भीरताको आधारमा ४ भागमा विभाजन गरिएको छ ।

सरकारले बजेट वक्तव्यमार्फत विद्यालयलाई अपाङ्गता तथा बालमैत्री बनाइने भनी घोषणा गरेको छ । नेपाली साङ्केतिक भाषाको विकास तथा अनुसन्धान, दोभाषे तालिम र अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ मा समावेश गरिएको भएता पनि व्यवहारतः स्थिति सकारात्मक छैन ।

अझ पनि अपाङ्गता भएका व्यक्तिहरूको मुद्दालाई अधिकारमुखी अवधारणा र सोचबाट नहेरी पुरानो कल्याणकारी अवधारणा र मूल्यमान्यताबाट हेर्नेको बाहुल्यता रहेको छ । यही सोचको कारण पनि उनीहरूका आधारभूत अधिकारका विषयहरू पनि राज्य वा सरोकारवाला निकायहरूको प्राथमिकतामा पर्न सकेको अवस्था छैन । सामाजिक कुरीति, अन्धविश्वास, अशिक्षा, हेलचेक्र्याइँ दूर्व्यवहारका कारण उनीहरू अझै पनि दुःख र पीडामा छन् । विद्यमान कानुन तथा नीतिहरूको पूर्ण कार्यान्वयन नहुदा र सार्वजनिक अपाङ्गतामैत्री भौतिक संरचना एवँ सवारी साधन नहुनु, सवारी साधनमा आरक्षित सिट कोटामा पहुँच नहुनुको साथै शैक्षिक क्षेत्रमा समेत अपाङ्गतामैत्री पूर्वाधारको विकास, रोजगारमा उचित व्यवस्था, शिक्षामा पहुँच को अवस्था भने अझै नाजुक छ । महिला र बालबालिकामाथि हुने हिंसाका कारण मानसिक रूपमा अस्वस्थ हुने र दीर्घकालीन रूपमा मानसिक अपाङ्गता हुने क्रम वृद्धि हुँदै गएको छ । अपाङ्गता भएका व्यक्तिहरूका लागि अपाङ्गतामैत्री भौतिक संरचना, सञ्चारजगत, रोजगार, शिक्षा तथा न्यायमा पहुँच पुग्न सकेको अवस्था छैन । विशेष शिक्षा अन्तर्गत अपाङ्गता भएका विद्यार्थीका बाबु-आमाले विद्यार्थीलाई विद्यालयमा भर्ना गरेपछि बेवास्ता गर्ने, विदाको समयमा अभिभावक लिन नजाने, भरसक अभिभावकनै आफनै सन्तानबाट पन्छिन खोज्ने प्रचलन विद्यमान छ। शिक्षकहरूलाई पर्याप्त तालिम नहुनुका साथै अपाङ्गता भएका विद्यार्थीहरूमा छात्राको सङ्ख्या बढी भए पनि विद्यालयमा महिला शिक्षिका नरहेको साथै अपाङ्गतामैत्री विद्यालय भवन नभएका कारण अध्ययनलाई निरन्तरता दिन समस्या भएको छ। प्राथमिक शिक्षामा सबैको पहुँच भएपनि उच्च शिक्षाको अध्ययन गर्न शिक्षाको अवसर जिल्लामा प्राप्त गर्न नसक्ने हुँदा अध्ययनलाई निरन्तरता दिन नसकेको स्थिति छ । संघीय संसदमा उनीहरूको सहभागिता शून्य छ । संवैधानिक तथा कानुनी तवरबाट राज्यले अपांगता भएका ब्यक्तिहरुको लागि छुट्याएको कोटा व्यवस्थाबाट पहुँच र आर्थिक रुपले सबल अपांगता भएका व्यक्ति तथा समुदायका व्यक्तिहरु मात्र सुविधा उपभोग गरिआएको देखिन्छ । पहुँच नभएका आर्थिक बिपन्नताले घेरिएका ग्रामिण क्षेत्रका समुदायका अपांगता भएका व्यक्ति, समुदायहरु उल्लेखित सेवा सुबिधाबाट बञ्चित प्राय रहेको देखिन्छ। तिनै तहको सरकारबाट गरिने विकास निमार्णका संरचनाहरु अपांगमैत्री हुन नसक्नु, बाटो घाँटो बनाउदा अपांगमैत्री नहुनुले पनि अपांगता भएका व्यक्तिहरुलाई समस्या थपिदै गएको देखिन्छ। नेपाल सरकारका कार्यालय लगायत निजी संघ सस्था बैक लगायतका कार्यालयहरु संरचना अपांग मैत्री छैनन्। अपांगता भएका ब्यक्तिहरुको लागि सामाजिक सुरक्षा लगायत शसक्तिकरण कार्यमा सरकारका कार्यक्रमहरु लक्षित भएका देखिदैनन्। पछिल्लो समयमा निर्माण गर्न लागिएका केही भौतिक संरचना भने अपांगमैत्री बनाउने कार्यको थालनी भएको देखिन्छ। हाल केहि स्थानीय तहले अपांगता भएका व्यक्तिहरुको एकीन तथ्यांक पहिचान गरी तिनीहरुको संरक्षण, विकास, सशक्तिकरणको लागि रणनीतिक कार्यदिशा तय गर्नको लागि सबै सरोकारवालाहरुसँग सुझाव मागेको अवस्था छ। आगामी दिनहरुमा निर्माण गरिने संरचनाहरु, नीति, नियम, ऐन तथा कानुन अपांगता भएका व्यक्तिहरुको अधिकार संरक्षण तथा सम्वर्द्धन र अपांग मैत्री बनाउन सरोकारवालाले अझै ध्यान दिनुपर्ने देखिन्छ। आयोगको कोशी प्रदेश कार्यालयमा यस विषयसंग सम्वन्धीत १० वटा उजुरी दर्ता भई अनुसन्धानको क्रममा रहेका छन ।

### ६.४. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार –

### ६.४.१. शिक्षाको अधिकार

शिक्षा प्राप्त गर्नु प्रत्येक व्यक्तिको आधारभूत एवं मौलिक अधिकार हो । शिक्षालाई प्रायः प्रजातान्त्रिक मुलुकका संविधानमा मौलिक हक अन्तर्गत आधारभूत तहको शिक्षालाई अनिवार्य र निःशुल्क गरेको पाइन्छ । शिक्षा प्राप्ति भनेको साक्षर हुनु र प्रमाणपत्र प्राप्त गर्नु मात्र होइन; नवीन ज्ञान, सीप र प्रविधिको विकाससँग परिचित हुनु पनि हो । यसका साथै राष्ट्रिय र अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्षम हुनु पनि हो । मानव अधिकारको विश्वव्यापी घोषणा पत्रको धारा २६ ले प्रत्येक व्यक्तिलाई शिक्षाको अधिकार सुनिश्चित हुनुपर्ने व्यवस्था छ । आधारभुत तहसम्मको शिक्षा निःशुल्क उपलब्ध हुनुपर्ने, प्रारम्भिक शिक्षा अनिवार्य, प्राविधिक तथा व्यावसायिक शिक्षा सबैको पहुँचयोग्य हुनुपर्ने साथै बालबालिकालाई शिक्षाको छनोट गर्ने पूर्ण अधिकारमा जोड दिएको छ । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ धारा १३ ले मानवीय व्यक्तित्व तथा प्रतिष्ठाको विकासतर्फ शिक्षा निर्देशित हुने र पक्ष राष्ट्रले प्राथमिक शिक्षा अनिवार्य र सबैलाई निःशुल्क हुने उल्लेख छ । बाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको धारा २८ र २९ मा बालबालिकालाई शिक्षामा भेदभाव गर्न नहुने, प्राथमिक शिक्षा अनिवार्य र निःशुल्क हुनुपर्ने र शिक्षामा पहुँच बिस्तारमा जोड दिएको छ । महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिको धारा १० र १४ ले जातजाति, वर्ण, लिङ्ग, राष्ट्रिय वा सामाजिक उत्पत्तिको भेदभावविना महिलालाई शिक्षा र तालिमको अवसर प्रदान गर्नुपर्ने उल्लेख छ ।

नेपालको संविधानले मौलिक हकअन्तर्गत धारा ३१ मा शिक्षा सम्बन्धी हकको व्यवस्था गरेको छ । सो व्यवस्थाअनुसार प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ । प्रत्येक नागरिकलाई आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुने कुरामा जोड दिएको छ । यसका अतिरिक्त प्रत्येक समुदायलाई कानुनमा व्यवस्था भएबमोजिम आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक हुने र नेपालमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र संवर्द्धन गर्ने हक हुनेछ भनी उल्लेख छ । कक्षा एकको खुद भर्ना दर ९५ दशमलव ६ र आधारभूत शिक्षाको ८६ दशमलव ३ पुगेको छ भने माध्यमिक शिक्षाको कुल भर्नादर ३३ दशमलव २ प्रतिशत छ । यसबाट विद्यालय छाड्ने दर उच्च रहेको देखिन्छ, जुन बालिकामा बढी छ । मातृभाषामा प्राथमिक शिक्षा सञ्चालन गर्न बहुभाषिक शिक्षा निर्देशिका, २०६६ जारी भएपछि १६ वटा मातृभाषामा पाठचक्रम तयार भई २४ वटा विद्यालयमा लागू भएको छ ।

मानव अधिकारको दृष्टिकोणबाट यस कार्यालयको क्षेत्राधिकारभित्रका जिल्लाबाट आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकारमा जम्मा ९२ वटा उजुरी परेका छन । विगतदेखि नै यस कार्यालयमा परेको उजुरीलाई अध्ययन गर्दा सबैभन्दा बढी सम्पत्तिको अधिकार सम्वन्धि उजुरी परेको पाइन्छ । समग्रमा यस प्रदेशको शिक्षाको अवस्था हेर्दा सुधारोन्मूख रहेको छ । अन्य प्रदेश जस्तै यस प्रदेशमा पनि नीजि र सार्बजनिक विद्यालयका बिचमा ठूलो खाडल देखिन्छ । सबै बालबालिकाको अहिले पनि विद्यालयमा पहुँच छैन । कतिपय अभिभावकको आर्थिक अवस्था कमजोर हुदा उनीहरुले काम खोज्न भारत जाँदा बालबालिकालाई पनि शिक्षाको अधिकारबाट बंन्चित गरी उतै काममा लगाएको भन्ने छिमेकिको भनाई रहेको पाईयो । केहि बालबालिका साथीको लहैलहमा विद्यालय छोडर भारत गएको समेत भन्ने अभिभावकको भनाई रहेकोबाट समेत यस प्रदेशमा सबै बालबालिकाको शिक्षामा पहुँच रहेको छ भन्न सक्ने अवस्था देखिदैन ।

### ६.४.२.स्वास्थ्यको अधिकार

स्वास्थ्य सम्बन्धी अधिकार आधारभूत मानव अधिकार हो । मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २५ ले प्रत्येक व्यक्तिलाई आफ्नो र आफ्नो परिवारको स्वास्थ्य र हितका लागि स्वास्थ्योपचारको सुविधा, बिरामी, अशक्तता र बुढेसकालमा सुरक्षा पाउने अधिकारको व्यवस्था गरेको छ । आर्थिक, सामाजिक तथा

सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा १२ (१) ले प्रत्येक व्यक्तिलाई शारीरिक र मानसिक स्वास्थ्य उपभोग गर्ने अधिकारको व्यवस्था गरेको छ । सबै प्रकारका जातीय भेदभाव उन्मूलन विषयक महासन्धि, १९६५ को धारा ५ (ङ) ले राज्यबाट सार्वजनिक स्वास्थ्य, औषधोपचार प्राप्त गर्ने अधिकारलाई विनाभेदभाव उपलब्ध गराउनुपर्ने प्रावधान छ । महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन विषयक महासन्धी १९७९ को धारा ११ र १२ मा महिला स्वास्थ्यसँग सम्बन्धित अधिकारहरू उल्लेख गरिएका छन् । बाल अधिकार महासन्धिको धारा २४ ले बालबालिकालाई प्राप्त हुन सक्ने उच्चस्तरको स्वास्थ्य अधिकार उपभोग गर्न तथा रोगको उपचार गर्न पाउने र स्वास्थ्यको पुनर्लाभ पाउने सुविधालाई स्वीकार गरेको छ । नेपालको संविधान, २०७२ मा प्रत्येक नागरिकलाई राज्यबाट कानुनमा व्यवस्था भएबमोजिम आधारभूत स्वास्थ्य सेवा निःशुल्क रूपमा पाउने हक हुनेछ तथा प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुने छ भनि धारा ३५ मा उल्लेख गरिएको छ ।

राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश कार्यालयले आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको अनुगमन गर्दा स्थानीय तहहरुले यस विषयमा केहि काम गरेको  पाइयो । यस आ.व. भित्र खरको घर विहीन बनाउने लक्ष्य लिएको पाइयो । मजदुरलाई न्यूनतम ज्याला तोकिएको साथै घर घरमा स्वास्थ्यकर्मी पठाइ स्वास्थ्य जाँच गराएको पनि पाइयो । स्वास्थ्यको अधिकारको कुरा गर्दा  जिल्ला अस्पतालहरुमा दरवन्दि अनुसारको डाक्टर नभएर करारका डाक्टरहरुले उपचार गरिरहेको पाइयो । संघीयता पश्चात औषधिहरु कति प्रकारको कसले दिने र कहाँबाट दिने अन्यौलता त्यस्का

बाबजुद पनि नेपाल सरकारले ९६ प्रकारका औषधिहरु निःशुल्क दिने व्यवस्था भएपनि व्यवहारमा आमागरिकले खोजेको समयमा सिटामोल पनि स्वास्थ्य चौकिमा नपाएको भन्ने गुनासा आयोगको कार्यालयमा प्राप्त भएका छन । समग्रमा शिक्षा, स्वास्थ्य, सुरक्षा, औसत आयू र प्रति ब्यक्ति आम्दानी आदिको अवस्था अरु प्रदेशको तुलनामा कोशीमा राम्रो रहेको देखिन्छ ।

भौगोलिक विकटता, तोकिएको स्थानमा जनशक्ति नजाने वा जान नमान्ने प्रवृत्ति, दक्ष जनशक्तिको अभाव, निःशुल्क औषधीबारेमा सुसूचित गराउनुपर्ने लगायतका पक्षलाई मनन गर्न आवश्यक छ । औषधीको अभाव, प्राप्त भए पनि सहज रूपमा नहुने, स्रोत-साधनको अभाव, जीर्ण उपकरण तथा गरिबीलगायतका कारणहरूबाट आमनागरिकको गुणस्तरीय स्वास्थ्य सेवामा पहुँचभन्दा बाहिर छ । यसका लागि सरकारी नीति तथा कार्यक्रममा सुधार गरी प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने अवस्था छ । स्वास्थ्य क्षेत्रको जनशक्तिको माग र आपूर्तिबीचको सन्तुलन, सहरी र गाम्रीण क्षेत्रमा समानुपातिक वितरण, सेवामा गुणस्तरीयता र स्वास्थ्य सेवा सबैको पहुँचमा पुग्नु आवश्यक देखिन्छ । यस आ.व.मा सम्पन्न निर्वाचनमा स्वास्थ्य क्षेत्रमा कार्यरत व्यक्तिलाई निर्वाचनमा खटाउदा समेत केहि ठाउमा नागरिक स्वास्थ्यको सेवालिनबाट बन्चित भएका गुनासाहरु पनि आएका थिए ।

## ६.५. आप्रवासी कामदारहरूको अधिकार

प्रत्येक व्यक्तिले आफ्नो योग्यता, क्षमता र छनोटअनुसार रोजगारी प्राप्त गर्नु उसको अधिकार हो । आप्रवासी कामदार र उनीहरूका परिवारका सदस्यहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९० को धारा २ (१) ले आफू नागरिक नरहेको राष्ट्रमा तलब पाउने क्रियाकलापमा लगाइने वा लागेको वा लगाइएको व्यक्तिलाई सम्झनुपर्दछ भनी आप्रवासी कामदारको परिभाषा गरेको छ । यस महासन्धिले आप्रवासी कामदारलाई विभेदविरुद्धको अधिकार, राष्ट्रियताको अधिकार, यातना, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको अधिकारको व्यवस्था गरेको छ । दासत्व, दासव्यापार, जबरजस्ती श्रमविरुद्धको अधिकार, गैरकानुनी पक्राउ विरुद्धको अधिकार, स्वच्छ, निष्पक्ष सुनुवाइ, स्वतन्त्रता र सुरक्षा, स्वैच्छिक गिरफ्तारी वा थुनाविरुद्धको अधिकारलाई सुरक्षित गरेको छ । वैदेशिक रोजगार सम्बन्धी ऐन, २०६४ र वैदेशिक रोजगार नीति कार्यान्वयनमा रहेका छन् । त्यसैगरी वैदेशिक रोजगार सम्बन्धी न्यायाधीकरण र श्रम-सहचारीको व्यवस्था छ । यसबाहेक सरकारले वैदेशिक

रोजगारका निमित्त कामदार पठाउने सम्बन्धमा रोजगारमूलक देशहरूमा सम्झौता मार्फत विशेष व्यवस्थासमेत गर्दै आएको छ । नेपाल सरकारले दक्षिण कोरियामा कामदार पठाउने उद्देश्यले इपीएस पद्धतिअन्तर्गत न्यूनतम शुल्कमा प्रशिक्षार्थी आप्रवासी नेपाली कामदार पठाउनका लागि सम्झौता गरेको छ भने जापानसँग पनि यस्तै प्रकृतिको सम्झौता गरी प्रशिक्षार्थी नेपाली कामदारहरू पठाउँदै आएको छ । अहिले बेलायतमा समेत नर्श पठाउने प्रक्रियाको थालनी हुदै छ । नेपाल मूलरूपमा कामदार पठाउने राष्ट्र हो । खुला सिमाना पार गरी भारत र तिब्बत जाने कामदारहरूको कुनै अभिलेख नै छैन । नेपालले ११० वटा मुलुकलाई श्रमका लागि खुला गरेकोमा हाल इराकमा जान सरकारले रोक लगाएको छ । व्यक्तिगत श्रम स्वीकृति लिई जाने मुलुकको सङ्ख्या १७२ वटा रहेको छ ।

यस प्रदेश कार्यालयमा आप्रबासि कामदार सम्वन्धि एउटा मात्र उजुरी दर्ता रहेको देखिन्छ । यस क्षेत्रका युवा वर्गहरु प्रायजसो भारत, मलेसिया, कतार, दुबई, अरब लगायतका वाहिरी मुलुकहरुमा श्रम वेच्न वाध्य भएका छन । विदेशमा भएका युवाहरु कम्पनिबाट, एजेण्टबाट ठगिनुको साथै कम तलवमा काम गर्नु पर्ने अवस्था हाल पनि रहेको छ । कतिपयले कार्यस्थलमा पुगेपछि सम्झौतामा उल्लेख गरेबमोजिमको काम गर्न नपाएको, सेवा सुविधा नपाएको भन्ने गुनासाहरु पनि प्राप्त भएका छन ।

### ६.६. बाल अधिकार

बाल अधिकार सम्बन्धी महासन्धि १९८९ ले १८ वर्ष मुनीका व्यक्तिहरुलाई बालबालिकाको रुपमा मान्यता दिएको छ । यसैगरी नेपालको संविधानको धारा ३९ ले बालअधिकारलाई मौलिक हकमा समावेश गरेको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ ले १८ वर्ष उमेर पुरा नगरेका व्यक्तिलाई बालबालिका भनी परिभाषित गरेको छ । बाल अधिकारको बारेमा चर्चा गर्दा बाल अधिकार सम्बन्धी महासन्धि १९८९ लाई महत्वपूर्ण दस्तावेजको रुपमा लिइन्छ जसले बालबालिकाको अधिकारको संरक्षण र सम्बर्द्धनमा महत्वपूर्ण भूमिका खेलेको छ ।

नेपालको संविधानमा धारा ३९ ले बाल अधिकारलाई मौलिक अधिकारकोरुपमा समावेश गरको छ जसमा पहिचान सहित नामाकरण तथा जन्म दर्ताको हक, परिवार तथा राज्यबाट शिक्षा स्वास्थ्य पालनपोषण उचित स्याहार खेलकूद मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक, प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक, बालविवाह, गैरकानुनी ओसार पसार तथा अपहरण विरुद्धको हक, घर विद्यालय वा जुनसुकै स्थान वा अवस्थामा दिइने शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना विरुद्धको हक, बाल अनुकूल न्यायको हक, असहाय, अनाथ, अपांगता भएका, द्वन्द्व पीडित, विस्थापित एवम् जोखिममा रहेका बालबालिकाहरुलाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक र पीडित बालबालिकालाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक आदि रहेका छन् ।

बालअधिकारको अवस्थाबारे चर्चा गर्दा यस सम्बन्धमा नीति, नियम, कानुनी प्रावधानहरु भएता पनि यसको प्रभावकारी कार्यान्वयन हुन सकेको अवस्था छैन । बालबालिका अपहरण एवं हिंसाका घटनाहरुमा वृद्धि भएको देखिएको छ । प्रतिवेदन अवधिमा बालबालिका माथि हुने हिंसाका घटनाहरुमा वृद्धि भएको देखिएको छ । बालबालिका माथि हुने यौन दुर्व्यवहार र बलात्कारका घटनामा पनि वृद्धि भएको पाईन्छ । चार बर्षे नाबालक समेत बलात्कृत भएको घटना यस प्रदेशमा घटि रहेका छन । यी केही प्रतिनिधिमूलक घटनाहरु मात्रै हुन् । यस्ता अधिकांश घटनाहरु ढिलो गरी बाहिर आउने पीडितले न्यायको लागि प्रहरी प्रशासनमा जाहेरी दिँदा समेत होस्टाइल हुने, मुदा दर्ता नहुने, भएपनि प्रभावकारी अनुसन्धान नहुने बिडम्वना रहेको पाइन्छ । केही घटनाहरुमा राजनैतिक, सामाजिक दबावका कारण जबरजस्ती मेलमिलाप गराउने गरिएको पाइन्छ भने केहीमा आर्थिक प्रलोभन समेत दिने गरेको पाइन्छ । आयोगले यस्ता केही घटनाहरुको अनुगमन गर्नुको साथै पीडितलाई न्याय दिलाउन समेत पहल गरेको छ । यस प्रदेशको मिडिया अनुगमन गर्दा बालअधिकार हनन्का घट्नाहरु भइरहेका देखिन्छन । बालबालका सम्वन्धी समाचारहरु पत्रपत्रिकाहरुमा प्रकाशनमा आएका छन । बालबालिकाको हकलाई मौलिक हकको रुपमा राखिएपनि राज्यले प्रत्येक बालबालिकालाई पालनपोषण, आधारभूत स्वास्थ्य र सामाजिक

सुरक्षा प्रदान गर्न सकेको अवस्था छैन । बालबालिकामा पनि आर्थिक अवस्था कमजोर भएका, अपांगता भएका बालबालिको शिक्षाको अवस्था कहालिलाग्दो छ । विपन्नताका कारण उनीहरु रोगको उपचार गराउन नसकेको अवस्थामा राज्य यस प्रकारका समस्याहरुप्रति संवेदनशील हुन जरुरी छ । बालबालिकालाई सौतेनी आमाले कुट्ने, यातना दिने, घरको काममा लगाउने गरेका घटना पनि छन् । बुवा आमाको झगडाका कारण र शारीरिक तथा मानसिक यातनाका कारण छोराछोरी मानसिक रुपमा अस्वस्थ्य भएको अवस्था छ । विद्यालयहरुमा अझैपनि लौरो राख्ने, साथीहरुबाट अगाडि उभ्याएर कुटन लगाउने, शारीरिक दण्ड सजायको अवस्था बिद्यमान छ ।

आयोगले बाल अधिकारको अवस्था अनुगमन, बाल अधिकार उल्लंघनका घट्नाको अनुसन्धान गरी नेपाल सरकार समक्ष सिफारिस गरेको भएतापनि कतिपय सिफारिसहरु अझै कार्यान्वयनमा आउन सकेका छैनन् । कार्यान्वयन भएका सिफारिसहरुमध्ये अधिकांश क्षतिपूर्ति सम्बन्धी रहेका र दोषी उपर कारबाही भने हुन सकेको पाइदैन । मानव अधिकार शिक्षाको प्रचारप्रसार गरी विद्यालय शिक्षामा बाल अधिकारको बारेमा प्रभावकारी पठनपाठन हुनुपर्ने साथै बाल अधिकारका क्षेत्रमा कार्य गर्ने गैरसरकारी संस्थाहरुबिच आवश्यक समन्वय अभिबृद्धि गरी बाल अधिकार संरक्षण तथा सम्वर्द्धनमा प्रभावकारिता अभिबृद्धि हुन आवश्यक रहेको छ ।

### ६.७..महिला अधिकार

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १ मा सबै व्यक्ति जन्मजात स्वतन्त्र तथा प्रतिष्ठा र अधिकारमा समान छन् । सोही घोषणापत्रको धारा २ मा सबै अधिकार विना लैङ्गिक विभेद सबैलाई समान रूपमा प्राप्त हुनेछ भनिएको छ । नागरिक तथा राजनीतिक अधिकार विषयक प्रतिज्ञापत्र, १९६६ र आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा २ र ३ ले पक्ष राष्ट्रहरूलाई अभिसन्धिमा उल्लेख अधिकार विना लैङ्गिक विभेद सम्मान र सुनिश्चित गर्न राज्यपक्षलाई निर्देशन गरेको छ । महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने अन्तर्राष्ट्रिय महासन्धि, १९७८ ले लैङ्गिक विभेद अन्त्य गर्न राष्ट्रिय कानुनमा महिला अधिकारको संरक्षण गर्न, राष्ट्रिय कानुनमा रहेका विभेदकारी व्यवस्थाहरू खारेज गर्न तथा महिला अधिकारको संरक्षण र संवर्द्धनका लागि नयाँ कानुनहरूको निर्माण गर्न तथा महिला अधिकारको प्रभावकारी संरक्षणका लागि राष्ट्रिय संयन्त्रको निर्माण गर्न समेत राज्य पक्षको दायित्व निर्धारण गरेको छ । महिलाको राजनीतिक अधिकारसम्बन्धी महासन्धि, १९५३ को धारा २ ले महिलालाई पूरुषसरह राजनीतिक अधिकार प्रदान गर्दै मतदान गर्न पाउने, निर्वाचित हुन पाउने, सार्वजनिक पद धारण गर्न पाउने लगायतका अधिकारको सुनिश्चितता गरेको छ ।

नेपालको संविधानमा धारा ३८ ले महिलाको हक विभिन्न अधिकारहरुको सुनिश्चिता गरेको छ । जस अन्तर्गत महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव नगरिने, महिलालाई प्रजनन स्वास्थ्य तथा प्रजन्नसम्बन्धी हक मौलिक हकको रूपमा हुने उल्लेख छ । महिलाविरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य नगरिने र त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुने, पैतृक सम्पत्तिमा छोरा र छोरीलाई समान हकको व्यवस्था छ । त्यस्तै सामाजिक न्यायको हकमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक प्रदान गरेको छ । घरेलु हिंसा ( कसुर, सजाय) ऐन २०६६, मानव बेचबिखन तथा ओसारपसार ( नियन्त्रण) ऐन, २०६४ र नियमावली २०६५ मा समेत प्रत्यक्ष/अप्रत्यक्ष रूपमा महिला अधिकारसम्बन्धी व्यवस्था रहेका छन् । महिला अधिकारसम्बन्धी प्रावधानको कार्यान्वयनका लागि सरकारी संयन्त्रको साथमा राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोगलगायत संयन्त्रको स्थापना गरिएको छ । नेपालको संविधानले राष्ट्रिय महिला आयोगलाई संवैधानिक निकायको रूपमा राखेको छ । मानव अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय महासन्धिहरु, नेपालको संविधान तथा प्रचलित अधिकांश कानुनहरुले महिला र पुरुषका बिच समान अधिकारलाई सुनिश्चित गरेको भएपनि व्यवहारमा घरेलु हिंसा, यौनजन्य हिंसा तथा बलात्कार, बोक्सीको आरोप, दाईजोको कारणले हुने हिंसा तथा शोषण लगायतका महिलाहरुको अधिकार उल्लङ्घन हुने घटना घर परिवार गाउ समाजमा भईरहेका छन । राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश कार्यालय विराटनगरले यस प्रदेशका

केहि स्थानमा गरेको महिला हिंसाको अवस्था अनुगमनका क्रममा महिला अधिकारको अवस्था सन्तोष जनक नरहेको, महिलामाथि बिभिन्न प्रकारका हिंसात्मक कार्यहरु भईरहेको पाईयो । यस क्षेत्रमा महिला हिंसाका घटनाहरुमा वृद्धि भएको पाईयो । महिलाको बाँच्न पाउने अधिकार सुरक्षित नहुँदा महिला हत्या, बलात्कार, कुटपीट, लुटपाट, मानब बेचबिखन तथा ओसार पसारको सिकार भईरहेको पाईयो । समाजले महिलालाई हेर्ने दृष्टिकोणमा सकारात्मक परिवर्तन हुन नसकेको अवस्था छ । घर परिवार समाजमा छोरी जन्मेका कारण आमालाई यातना दिने कार्य भई रहेको भन्ने पीडितको भनाई रहेको पाईयो । संघ सस्था, नेपाल सरकारले महिला अधिकारका लागि काम गर्दै आए पनि महिला र बालिका लक्षित यौन हिंसा, मानव बेचबिखनका घटनामा कमि आउन सकेको छैन । महिला माथि हुने हिंसा, दुर्व्यवहार, हत्या, बलात्कार जस्ता घटना दिनहुँ जस्तो घर, परिवार, गाउँ, समाजमा भईरहेको पाईयो । महिला माथि गालिग्लौज, दुर्व्यहार कटपिट, यातना, मानव बेचबिखन, वेश्यावृतिमा जर्बजस्ती करणी, वैवाहिक बलात्कार, सुत्केरी हुँदा खान नदिने, घरबाट निकाल्ने तथा हत्या, बोक्सीको आरोपमा यातना, दुःख दिने, गाउँ निकाला र बहिष्कार गर्ने जस्ता कुरा महिला माथि हाल पनि भईरहेका छन । महिलाको विकासको अवरोध महिलाउपर हुने दमन र हिंसा पनि हो जो परिवारका सदस्यले गर्ने गरेको हुन्छ । महिलाले परिवारभित्र नै अपमानजनक व्यवहार सहनुपरेको र पूरुष परिवारको मूली हुने र महिलाप्रती दोस्रो दर्जाको नागरिकको व्यवहारपनि हुनेगरेको पाईन्छ । घरेलु हिंसा, बलत्कार जस्ता गंभिर मानव अधिकार उल्लंघनका घटनामा अपराधीले सजिलै उन्मुक्ति पाएको अवस्था भएको हुँदा दण्डहिनतालाई थप प्रश्रय दिएको पाईयो । महिला हिंसाका घटनाहरु दिनहुँजसो घटि रहने, पत्र पत्रिकामा महिला माथि हिंसा भयो, बलत्कार भयो, जवरजस्तीकरणी भयो भनि सामाचार प्रकाशित भईरहेका छन । महिला माथि हुने हिंसामा अपराधीलाई कुनै पनि अवस्थामा उन्मुक्ति नदिई कानुनको दायरामा ल्याउनु पर्नेमा उक्त कुरा नहुदा हिंसाका घटनामा बृद्धि भईरहेको छ । कतिपय अवस्थामा महिलाहिंसाका घटना भएपनि सम्बन्धित निकाय समक्ष नपुग्ने र यदाकदा पुगी हालेपनि प्रहरी कार्यालयले पनि मिलापत्र गरेर टुग्याउने गरेको पाईयो । महिला हिंसाका घटनामा उजुरी परिवारका बिरुद्ध गर्नु पर्ने र पुन सोही घरमा आएर बस्नु पर्ने हुँदा महिला झन् पीडित बन्दै आएका छन् । महिला हिसाको घटनामा उजुरी दर्ता गराए पश्चात घर परिवार तथा आफन्तबाट नै उजुरी फिर्ता लिन वा मिलापत्र गराउन दबाब आउँछ भन्ने अवस्थाले महिलाको समग्र मानव अधिकारको अवस्था राम्रो हुन नसकेको पाइन्छ । हामीकहाँ भनाईमा महिला रोएको घर राम्रो हुदैन, जहाँ महिलालाई सम्मान गरिन्छ त्यहा ईश्वरको बास हुन्छ भनेपनि आज प्रत्येक घरमा महिला रोई रहेका छन । ऐन कानूनमा भएका प्रावधानहरु महिलाका लागि कागलाई बेल पाक्यो हर्ष न बिषमात भने झैं भएका छन ।

## ६.८.बलपूर्वक बेपत्ता

मानिसलाई बलपूर्वक वेपत्ता पार्ने कार्य मानव अधिकारको गंभिर उल्लंघन हो । बलपूर्वक बेपत्ता परिएका सबै व्यक्तिहरुको संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि २००६ ले राज्यको प्रत्यक्ष वा अप्रत्यक्ष संलग्नतामा व्यक्तिहरुलाई बेपत्ता पार्ने कार्यलाई बलपूर्वक बेपत्ता पार्ने कार्यको रुपमा परिभाषित गरको छ । बलपूर्वक बेपत्ता पार्ने कार्यलाई महासन्धिले अपराधको रुपमा परिभाषित गर्दै व्यापक र सुनियोजित रुपमा बलपूर्वक बेपत्ता पार्ने कार्यलाई मानवताविरुद्धको अपराधको रुपममा परिभाषित गरेको छ । नेपालमा दश वर्षे (वि.स. २०५२-२०६३) लामो सशस्त्र संघर्षको अवधिमा हजारौं व्यक्तिहरु द्वन्द्वरत पक्षहरुबाट गैरकानुनी तरिकाले नियन्त्रणमा लिई बेपत्ता पार्ने कार्य भएको पाइएपछि बलपूर्वक बेपत्ता मानव अधिकारको गंभिर उल्लंघनको रुपमा रहँदै आएको छ ।

आयोगबाट विभिन्न समयमा गरिएको अनुसन्धानबाट प्राप्त तथ्यको आधारमा सशस्त्र संघर्ष द्वन्द्वको क्रममा सुरक्षाकर्मीहरुबाट हातहतियार सहित विना सूचना व्यक्तिहरुलाई पक्राउ गर्ने, पक्राउ गर्नुको कारण र थुनामा राखिएको स्थानसमेत गोप्य राखी व्यक्तिहरुको हत्या गर्ने सम्मका कार्यहरु भएका थिए । यसक्रममा मध्यरातमा समेत घरभित्र प्रवेश गरी श्रीमतीसँग सुतेका व्यक्तिहरुलाई पक्राउ गरी अवस्था बेपत्ता पारिएको पाइएको छ । पक्राउ परेका व्यक्तिहरुलाई उनीहरुको घरपरिवार र आफन्त समेतलाई भेटघाट गर्न नदिने, कानुन

व्यवसायीहरुलाई भेटन नदिने, कहाँ राखिएको भन्ने बारे जानकारी नै नदिने आदि अवस्थाहरु रहेको थियो । आयोगबाट भएका अनुसन्धानहरुबाट विभिन्न सैनिक हिरासत एवं प्रहरी कार्यालयहरुबाट व्यक्ति बेपत्ता पारिएका प्रमाणहरु प्राप्त भएका छन् । बेपत्ताको अवस्थामा हिरासतभित्रै मारिएका घट्नाहरुको समेत आयोगबाट अनुसन्धान भएका छन् ।

कतिपय बेपत्ता पारिएका व्यक्तिहरुको अवस्था हालसम्म पनि सार्वजनिक हुन सकेको अवस्था छैन । राज्यले बेपत्ता छानविन आयोगको गठन गरेको भएतापनि उक्त आयोगले प्रभावकारी रुपले काम गर्न सकेन । आयोगले बलपूर्वक व्यक्ति बेपत्ता पार्ने कार्य मानव अधिकारको गंभिर उल्लंघन हो भनी विभिन्न संचार माध्यमहरुबाट आम नागरिकमा सूचना सम्प्रेषण गर्ने गरेको छ । आयोगले व्यक्ति बेपत्ता पार्ने कार्य विरुद्धको अन्तर्राष्ट्रिय दिवस को सन्दर्भमा विविध कार्यक्रमहरुको आयोजना गरी बेपत्ता पारिएका व्यक्तिहरुको सम्झना गर्ने र व्यक्ति बेपत्ता पार्ने कार्यको विरोध गर्ने गरिएको छ । बेपत्ता पार्ने कार्य विरुद्ध सचेतना जगाउने, सम्बन्धित विषयमा अनुगमन र घट्नाहरुको अनुसन्धान गर्ने गरेको छ । राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश कार्यलय विराटनगरमा बलपूर्वक बेपत्ता सम्बन्धि ताप्लेजुङ ७, संखुवासभा ५, तेह्रथुम १, धनकुटा २, पाँचथर ३, झापा १, उदयपुर १७, इलाम १३, सुनसरी ५ र मोरङबाट ११ गरी जम्मा ६५ वटा उजुरी दर्ताभई अनुसन्धानका क्रममा रहेका छन् ।

विस्तृत शान्ति सम्झौताको सत्रबर्ष पूरा हुदा समेत नेपालमा दश बर्ष सम्म चलेको सशस्त्र द्वन्द्वकालमा बलपूर्बक बेपत्ता पारिएका व्यीक्तहरुको अवस्था सार्वजनिक हुन सकेको छैन । बेपत्ता पारिएका व्यक्तिका सम्वन्धमा आयोगमा परेका उजुरीको सम्वन्धमा आयोगले छानबिन र शवोत्खन्न समेत गरी दोषीलाई कारवाही, पीडित परिवारलाई क्षतिपूर्ति र बेपत्ता भएका व्यक्तिहरुको अवस्था सार्वजनिक गर्नको लागि सरकारलाई हालसम्म १८६ वटा सिफारिस गरेको छ । आयोगमा ८२१ वटा उजूरी बिचाराधिन छन । संङक्रमणकालीन न्यायको सम्वन्धमा चासो राख्दै आयोगले बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्यनिरुपण तथा मेलमेलाप आयोगका पदाधिकारीहरुसँग समय समयमा भेटघाट तथा छलफल समेत गर्दै आइरहेको छ । बेपत्ता पारिएका व्यक्तिको एकिन तथ्यांकको अभाव छ । सस्थापिच्छे तथ्यांक फरक छ । बेपत्ता आयोगको तथ्यांकमा करीब तीन हजाार व्यक्तिको निवेदन दर्ता हुन आएको छ ।

## ७. सामुहिक अधिकार

### ७.१. वातावरणको अधिकार

नागरिकलाई मर्का पर्नेगरी प्रकृतिको चरम दोहन गरिंदा विकास मानव अधिकार मैत्री हुन सकिरहेको छैन् । विकासलाई मानवको सर्वोपरि हित हुनेगरी तथा मानिसलाई केन्द्र बिन्दुमा राखि विकास गर्ने परिपाटी नहुँदा वातावरणीय समस्या बिकराल हुदै गएको हो । विकास र स्वच्छ वातावरण सम्बन्धी अधिकारहरू मानव जीवनसँग प्रत्यक्ष सम्बन्धित छन् । मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८, आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि १९६६, महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलनसम्बन्धी महासन्धिको १९७९, बाल अधिकार महासन्धि १९८९, आइएलओ १६९ मा पनि विकास र वातावरणको विषयलाई मानव अधिकारको विषयको रुपमा हेरिएको छ । विकासको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र सन् १९८६ ले विकासलाई मानव अधिकारको विषयका रुपमा उल्लेख गरेको छ । केन्याको नैरोवीमा १९७३ मा संयुक्त राष्ट्रसंघ वातावरण कार्यक्रम र सन् १९९० मा पृथ्वी सम्मेलन, सन् १९९० को भियना सम्मेलन र सन् १९९२ मा ब्राजिलको रियो द जेनेरियोमा पृथ्वी सम्मेलनले वातावरणको अधिकारमा जोड दिएको पाइन्छ । वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण संरक्षण नियमावली, २०५४ मा वातावरण संरक्षणमा प्राथमिकता दिएको छ । नेपालको मौजुदा संविधान, २०७२ को धारा ३० मा स्वच्छ वातावरणको अधिकारको व्यवस्था गरिएको छ । जसमा (१) प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ । (२) वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पीडितलाई प्रदूषकबाट कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । (३) राष्ट्रको विकास सम्बन्धी कार्यमा वातावरण र विकासबीच समुचित सन्तुलनका लागि आवश्यक कानुनी व्यवस्था गर्न यस धाराले बाधा

पुऱ्याएको मानिने छैन भनी उल्लेख छ । पाँचौ मानव अधिकार राष्ट्रिय कार्ययोजनाले नागरिकको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारलाई कार्ययोजनामा समेटेको छ । विकास र वातावरणसम्बन्धी प्रावधानहरूलाई हेर्दा स्पष्ट हुन्छः यी दुई अधिकार आपसमा अन्तर्सम्बन्धित छन् । वातावरण संरक्षण विनाको विकास र वातावरणको नाममा विकास पूर्ण अवरुद्धताबिच तालमेल सम्भव हुन सक्दैन । वर्तमान अवस्थामा विकास र वातावरणको संरक्षणका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा विभिन्न अभियानहरू सञ्चालन भइरहेका छन् । आयोगले पनि यी क्षेत्रमा प्राथमिकताका साथ कार्य गर्दै आएको छ । आयोगले मौलिकहकको कार्यान्वयनको अवस्थाका सम्वन्धमा पनि सरोकारवालाको विचमा छलफल कार्यक्रमको आयोजना गर्दै आएको छ । छलफलमा विकास वातावरण र मानव अधिकार मुखि पद्धतिको आवश्यकता सम्बन्धमा कार्यान्वयन गर्ने निकायका पदाधिकारीहरुको सहभागितामा गरिएको  छलफलबाट निस्केको निष्कर्ष विकास निमार्ण गर्दा पर्यावरणको ख्यालै नगरी जथाभाभी बाटो भत्काउने खन्ने र तोकिएको समय सिमा तथा सर्त अनुसार काम पुरा नहुने गरेको कारण वातावरणलाई दिनदिनै बिनास तर्फ लगेको छ । अलि वर्षा हुँदा जत्र तत्र हिलो हुनुले हाम्रो वातावरणको प्रदुषणको अवस्थालाई सजिलै आकलन गर्न सकिन्छ । आयोगबाट पटक पटक भएको अनुगमनको तथ्यलाई हेर्दा पर्यटकीय, धार्मिक तथा पुरातात्विक महत्त्व रहेको कोशी प्रदेश वातावरण प्रदूषणको मारमा परेको छ । वातावरण सम्बन्धी कानुनी मापदण्ड पालना हुन नसकेको, उद्योगधन्दाबाट निस्कने अत्यधिक धुँवाधुलोको कारण मोरङ, सुनसरी तथा झापा जिल्लाको वायुप्रदूषण वा वातावरणको अवस्था नराम्रो हुन पुगेको देखिन्छ । फलतः स्थानीयवासी तथा उक्त कारखानामा काम गर्ने श्रमिकहरूमा श्वासप्रश्वास, दम, खोकि तथा छालाजन्य रोग गायतका समस्या देखिएका छन् ।

वातावरणले कृषि, खाद्यान्न र पशुपंक्षीको आहारमा समेत नकरात्मक प्रभाव परेको स्थिति छ । विराटनगरमा प्रादेशिक राजधानी भएपश्चात वायुप्रदूषणको प्रमुख कारण अव्यवस्थित सहरीकरण, फोहरमैला व्यवस्थापनमा समस्या, सडक विस्तार तथा विकास निर्माणका कार्यबाट विभिन्न समस्याहरू पैदा भएका छन् । सडक बिस्तारका लागि भत्काइएका घर र मूल सडकहरूमा निस्किएको धुलोबाट जनजीवन अत्यन्त प्रभावित बन्न पुगेको छ । वर्षाको समयमा हिलोले सडक वा धान रोप्ने खेत कुन हो भन्ने कुरा छुट्याउन सकिने स्थिति छैन । सडक भत्काउने काममा तीव्रता तर बनाउनमा तदारुकता नदेखिएबाट विकास निर्माण र वातावरणको अवस्था नाजुक भएको हो । सर्वसाधारण मानिस तथा बालबालिकाहरुमा रुघाखोकी, छालाको एलर्जी, आँखा चिलाउने, पाक्ने र मानसिक रुपमा चिडचिडाहटजस्ता मनोवैज्ञानिक समस्याहरू देखिन थालेका छन् । यसै गरी यस क्षेत्रमा रहेका ईटा भट्टा सिमेन्ट उद्योग, कपडा उद्योग, प्लाई उद्योग लगायतका उद्योगहरु मपदण्ड बिपरित स्थापना गरिएको हुँदा त्यसबाट निस्कने धुलो धुवा र प्रदूषणको हिस्सा झन्डै करिब ४५ प्रतिशत भन्दा बढीको हाराहारीमा रहेको देखिन्छ । यस्ता उद्योगहरुमा कार्यरत कामदार, उनीहरूका परिवार गर्भवती र सुत्केरी समेत उद्योगभित्र बस्न बाध्य छन् । यसबाट कामदार, परिवार र बालबालिकाहरूको स्वास्थ्यमा नराम्रो प्रभाव परेको अवस्था विद्यमान छ । नेपाल सरकारबाट विकास निर्माणका कार्य योजना निर्माण र कार्यान्वयन गर्दा स्थानीयवासी तथा आदिवासी जनजातिहरूको धार्मिक स्वतन्त्रतालाई सम्मान, संरक्षणमा प्रर्याप्त ध्यान पुऱ्याउन नसकेको स्थिति छ । विकास निर्माणका लागि जग्गा अधिग्रहण गर्दा व्यक्तिको सम्पत्तिको अधिकार संरक्षणतर्फ सचेत हुन नसकेको देखिन्छ । फोहोर व्यवस्थापन हुन नसक्नु, खनिज पदार्थ उत्खनन, नदी नाला लगायत प्राकृतिक संरचनाहरूको अत्यधिक दोहनले गर्दा वायुप्रदूषण वृद्धि भइरहेको छ । यसपछाडि विनायोजना विकास निर्माणका कार्य, उद्योगहरूबाट निष्कासित प्रदूषण प्रमुख कारण देखिन्छन् ।

विकास निर्माणका कार्यहरू कार्यान्वयन गर्दा सबैतिर भत्काउने कार्यमा आतुरता देखिनु तर निर्माण सम्पन्न गराउनमा खासै चासो नहुनु प्रमुख समस्या रहेको छ । प्राथमिकता का विषयमा सम्बन्धित निकायहरू प्रस्ट नहुदा विकास निर्माण कार्यान्वयन गर्ने निकायहरूबीच आपसी समन्वयनको अभाव छ । जिम्मेवारी लिने भन्दा पनि पन्छाउने प्रवृत्ति फस्टाएको छ । अदालतमा वातावरणको सम्बन्धमा परेका रिट उपर समयमै उपयुक्त आदेश वा फैसला हुन नसक्दा पनि विकास निर्माणका कार्यले गति लिन नसकेको अवस्था छ । यसर्थ मानिससँग प्रत्यक्ष र परोक्ष सम्बन्ध भएको वातावरण र विकासको अधिकारबाट वर्तमान पुस्ता वञ्चित हुने अवस्थामा पुगेको छ ।

विकास र वातावरणको अधिकारलाई मध्यनजर राखी अनुगमन, अनुसन्धान, संवर्द्धनात्मक कार्यबाट प्राप्त तथ्यहरुलाई आयोगले सबैको ध्यानाकर्षण गराउदै निरन्तर अगाडि बढ्दै आएको छ । स्थानीयबासीको स्वच्छ वातावरणको अधिकार को गम्भीर हन्न भएको भनि झापा र सुनसरी जिल्लाबाट आयोगमा उजुरी दर्ता हुन आएको छ ।

## ७.२. ज्येष्ठ नागरिकको अधिकार

शारीरिक, सामाजिक तथा सांस्कृतिक अवस्थालाई जेष्ठ नागरिक मापनको आधार मानिए पनि उमेरमा विशेष जोड दिइएको पाइन्छ । अतः यस आधारमा जेष्ठ नागरिक भन्नाले प्रौढ वा औसत उमेर नाघेका व्यक्तिलाई बुझाउँदछ । ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ मा ६० वर्ष उमेर पुगेको नेपाली नागरिकलाई जेष्ठ नागरिकको परिभाषा अन्तर्गत राखेको छ । ज्येष्ठ नागरिक अनुभवका खानी हुन्; ज्ञानका भण्डार हुन् । समाजका लागि ऐना हुन । मुलुकका लागि मार्गदर्शक हुन् । उनीहरूको अधिकारलाई विभिन्न स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दस्तावेजहरूमा उल्लेख गरिएको छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा सबै व्यक्तिलाई विना भेदभाव घोषणा पत्रमा उल्लेख भएका अधिकार प्राप्त हुने र धारा २५ (१) ले प्रौढ अवस्थामा समेत जीविकोपार्जनका लागि सामाजिक सुरक्षाको अधिकार हुने व्यवस्था छ । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि, १९६६ को धारा १० मा प्रत्येक व्यक्तिको सामाजिक सुरक्षाको अधिकारलाई राज्यले स्वीकार गर्नुपर्ने प्रावधान छ । संयुक्त राष्ट्रसङ्घको महासभाबाट १६ डिसेम्बर १९९१ मा पारित राष्ट्रसंघीय वृद्धवृद्धासम्बन्धी सिद्धान्तहरूमा सबै सदस्य राष्ट्रलाई स्वाधीनता, सहभागिता, आत्मसम्मान लगायतका सिद्धान्तहरूलाई आफ्नो राष्ट्रिय कार्यक्रममा समावेश गर्नुपर्ने भनी विशेष जोड दिइएको छ । नेपालको संविधान (२०७२) मा समानताको हकअन्तर्गत धारा १८ को उपधारा (३) को प्रतिबन्धात्मक वाक्यांशमा बालक, वृद्ध तथा अपाङ्ग वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्तिको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सकिने प्रावधान छ । महिला, श्रमिक, वृद्ध, अपाङ्गता भएका तथा अशक्त र असहाय नागरिकलाई कानुनमा व्यवस्था भएबमोजिम सामाजिक सुरक्षासम्बन्धी हक र निर्देशक सिद्धान्तअन्तर्गत राज्यले असहाय, वृद्ध, आदिको संरक्षण र उन्नतिका लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्ने उल्लेख छ । जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ ले जेष्ठ नागरिकको हेरविचार, स्याहार सम्भार तथा सामाजिक सुरक्षासम्बन्धमा चर्चा गरेको छ । जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ ले जेष्ठ नागरिकको हेरविचार, स्याहारसम्भार तथा सामाजिक सुरक्षाको लागि केन्द्रीय जेष्ठ नागरिक कल्याण समितिको गठन र जेष्ठ नागरिक कल्याणकोषको व्यवस्था गरेको छ । नेपालमा ज्येष्ठ नागरिकको सङ्ख्या कुल जनसङ्ख्याको १०.२१ प्रतिशत अर्थात् २९,७७,३१८ रहेको छ । जेष्ठ पुरुष १४,४३, ९०७ छन भने जेष्ठ महिला १५, ३३, ४११ रहेका छन । सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने संभाव्य उमेरको जनसंख्या ५.२३ प्रतिशत रहेको छ (जनगणना २०७८) । २०६८ को जनगणनामा ज्येष्ठ नागरिक ८.१ प्रतिशत (२२ लाख) मात्र थिए । राष्ट्रसंघका अनुसार ६० बर्ष नाघेका मानिस ७६ करोड छन । आधारभूत पोषण, खाद्यान्न, सरसफाइ, स्वास्थ्य सुविधामा भएको प्रगति, आर्थिक समृद्धिले आएको नागरिक चेतना, र प्रगतिले औसत उमेर बढ्दै गएको आदि कारणबाट वार्षिक ३.५ प्रतिशतका दरले ज्येष्ठ नागरिकको सङ्ख्या बढ्दै गएको छ । । कोशी प्रदेशमा हरेक जिल्लामा वृद्धाश्रम सञ्चालित छन् । १ जिल्लामा १ भन्दा बढी पनि वृद्धाश्रम छन् । सरकारले ज्येष्ठ नागरिकका लागि मनोरञ्जन तथा तोकिएका क्षेत्रहरूमा विशेष छुट प्रदान गर्न सेवाप्रदायकहरूलाई उत्प्रेरित गर्ने नीति लिएको छ । त्यसैगरी सम्मानित सर्वोच्च अदालतले ऐनअनुरूप ज्येष्ठ नागरिकहरूलाई सार्वजनिक तथा अन्य सेवामा ५० प्रतिशत छुट दिन सरकारका नाममा परमादेशको आदेशसमेत जारी गरेको छ । केही सार्वजनिक सवारी साधनहरूमा ज्येष्ठ नागरिक आरक्षण सिटको व्यवस्था गरी भाडामा ५० प्रतिशत छुट दिने नीति लिइएको भए पनि त्यसको कार्यान्वयन पक्ष एकदम फितलो छ । सामाजिक सुरक्षाको अवधारणाअनुसार सरकारले हाल सामाजिक सुरक्षाअन्तर्गत ६८ वर्ष उमेर पूरा गरेका जेष्ठ नागरिकलाई चार हजार रुपियाँका दरले मासिक भत्ता प्रदान गर्दै आएको छ । आयोगले गरेको अनुगमनको आधारमा ज्येष्ठ नागरिक भत्तालाई निर्वाहमुखी हुने गरी वृद्धि गर्ने, सार्वजनिक यातायात र स्वास्थ्य क्षेत्रमा शुल्क छुट गर्न, ज्येष्ठ नागरिकसम्बन्धी ऐनको समयानुकूल संशोधन गर्ने,

ज्येष्ठ नागरिकलाई परित्याग गर्ने कार्यलाई अपराधीकरण गर्नेलगायतका विषयहरूमा गरिएका सिफारिसहरू अझैसम्म कार्यान्वयन हुन सकेका छैनन् । यी विशेष व्यवस्थाका बाबजुद पनि ज्येष्ठ नागरिकको अवस्था सन्तोषजनक छैन । वृद्धाश्रम, हेरचाह केन्द्र वृद्धि हुँदै जानु भनेको ज्येष्ठ नागरिकहरू परिवारबाट अपहेलित हुन पुग्नु हो । अहिले पनि ज्येष्ठ नागरिकले आर्थिक, सामाजिक, साँस्कृतिक, मानसिक, स्वास्थ्य र पारिवारिक समस्याहरुको सामना गर्नु परेको छ । सडक तथा मठ मन्दिरहरूमा बसि मागी जीविका चलाउनुपरेको छ । सरकारको लगानी लक्षित वर्ग (जेष्ठ नागरिक) सम्म पुग्न नसकेको छैन ।

परिवारबाट माया, स्नेह, सम्मानको अभावमा कतिपय ज्येष्ठ नागरिक वृद्धाश्रममा पुग्न बाध्य छन् । आर्थिक, शारीरिक एवं मानसिक रूपमा कमजोर हुन थालेपछि परिवारले बोझ महसुस गर्ने र वृद्धाश्रममा राख्ने परिपाटीमा वृद्धि हुँदै गएको अवस्था छ । आधुनिकीकरण र पश्चिमी संस्कृतिको बढ्दो प्रभावले गर्दा प्राचीन परम्परा संस्कृतिको विघटनले विकृतिलाई स्थान दिएको देखिन्छ । यसको साथै पुस्तान्तरको खाडलमा वृद्धि हुँदै गइरहेको छ । नेपाली समाज संयुक्त परिवारबाट एकल परिवारतर्फ जाँदा यसको असर ज्येष्ठ नागरिकमाथि पर्न गएको छ । एक्लो जीवन व्यतीत गर्नुपर्ने, सम्पत्ति नहुँदा अपहेलित हुनुपर्ने, दुर्व्यवहार सहनुपर्ने र अन्ततः घरबाटै निष्कासित हुनुपर्ने अवस्था देखिएको छ । यस सम्बन्धमा प्रभावकारी ठोस नीति र कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुन नसकेको स्थिति छ ।

यहाँका सबै स्थानीय तहमा ज्येष्ठ नागरिकको लागि सामाजिक सुरक्षा भता दिने गरिन्छ । यहाँ कतिपय जिल्लाहरुमा ज्येष्ठ नागरिकहरुका लागि दिवा सेवा गृह पनि सञ्चालनमा रहेको छ । ज्येष्ठ नागरिकको अधिकार संरक्षण तथा सम्वर्द्धनका लागि वृद्धा आश्रमहरु सरकारी तथा गैरसरकारी संघ संस्थाको सहयोग, समन्वय तथा सहकार्यमा सञ्चालनमा रहेको छ । अरु व्यक्ति भन्दा ज्येष्ठ नागरिकको आफनै गाथा, ब्याथ रहेको छ । बुढेसकालमा आफना छोरा छोरी पनि स्याहार सुसार नगरिदिदा जिउँदै नरकको जिन्दगी भएको कुरा ज्येष्ठ नागरिक सुनाउने गर्दछन । ज्येष्ठ नागरिकलाई राज्यले पनि प्राथमिकताका साथ नहेरेको हुँदा छोरा छोरी नभएका ज्येष्ठ नागरिकको जीवन झन विकराल र कस्टकर भएको देखिन्छ । ज्येष्ठनागरिकलाई घरपरिवारबाट हेरचाह नगरेको, दुर्व्यवहार गरेको विषयमा पनि आयोगमा जानकारी प्राप्त हुन आएको छ । ज्येष्ठनागरिकसंग सबैले राम्रो व्यवहार गरौ सियोबाट धागो चुडालेको जस्तो कसैले नगरौ मातृदेवो भवः पृतिदेवो भवः गुरुदेवोभवः अथिति देवो भवः भन्ने मूल्य र मान्यतालाई घर परिवार गाउ समाज सरकारले आत्मसात गऱ्योभने केहि मात्रामा भएपनि ज्येष्ठ नागरिकको अधिकार संरक्षण गर्न सकिन्छ ।

## ७.३. आदिवासी/जनजातिको अधिकार

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ का अनुसार आदिवासी/जनजाति भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै सांस्कृतिक पहिचान, बेग्लै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको जाति वा समुदायलाई बुझिन्छ । आदिवासीसम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि, १६९ मा भूमि अधिकार, प्राकृतिक साधन, स्रोतमा पहुँच, शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका विषयलाई समेटिएको छ । यस महासन्धिले निर्णय प्रक्रियामा सहभागिताको अधिकारलाई जोड दिनुका साथै आदिवासीका अधिकार संरक्षण, संवर्द्धन गर्ने लगायतका विषय उल्लेख गरेको छ । आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमाथिको अधिकार, उनीहरूलाई प्रत्यक्ष रूपमा प्रभाव पार्ने विकास योजना तथा कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन तथा मूल्याङ्कन प्रक्रियामा सहभागी हुने अधिकार प्रदान गरिएको पाइन्छ । नेपालको संविधानमा मौलिक हक अन्तर्गत शिक्षा तथा संस्कृतिसम्बन्धी हकमा प्रत्येक समुदायलाई कानुनमा व्यवस्था भएबमोजिम आफ्नो मातृभाषामा आधारभूत शिक्षा र आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र संवर्द्धनको हक हुनेछ भन्ने उल्लेख छ । सामाजिक न्यायको हकमा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी जनजाति, मधेसी समुदाय, उत्पीडित वर्ग, गरिब किसान र मजदुरलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हकसम्बन्धी प्रावधान छ । राज्यको दायित्व, निर्देशक नीतिहरूमा राज्यको दायित्वअन्तर्गत

शिक्षा, स्वास्थ्य, आवास, खाद्य सम्प्रभुता र रोजगारीमा निश्चित समयका लागि आरक्षणको व्यवस्था छ । जसमा, आर्थिक तथा सामाजिक रूपले पिछडिएका आदिवासी जनजातिको उत्थान गर्ने नीतिका साथै सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गर्ने नीति उल्लेख गरिएको छ । शिक्षा, स्वास्थ्य, आवास, खाद्य सम्प्रभुता र रोजगारीमा निश्चित समयका लागि आरक्षणको व्यवस्था गरिएको छ । आर्थिक तथा सामाजिक रूपले पिछडिएका आदिवासी जनजाति, मधेसी, दलितलगायत सीमान्तकृत समुदाय तथा गरिबीको रेखामुनिका मजदुर किसानको उत्थान गर्ने नीति राज्यले अवलम्बन गर्नेछ भन्ने उल्लेख गरेको छ । त्यसैगरी राज्यले महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिमलगायत अल्पसङ्ख्यक, भूमिहीन, सुकुम्बासी, कमैया, अपाङ्गता भएका, पिछडिएका क्षेत्र तथा समुदाय र द्वन्द्वपीडितका लागि सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्नेछ भनिएको छ । आदिवासी जनजातिको मानव अधिकारको संरक्षण, सम्मान र परिपालनाको लागि संविधानले आदिवासी जनजाति आयोगको परिकल्पना गरेको छ । आदिवासी जनजाति उत्थान प्रतिष्ठान ऐन, २०५८ ले ६० वटा जातिलाई आदिवासी जनजातिको रूपमा सूचिकृत गरेको छ । सार्वजनिक सेवामा आरक्षणको व्यवस्थाले बिस्तारै सरकारी सेवामा आदिवासी जनजातिहरूको पहुँचमा वृद्धि हुँदै गएको देखिन्छ । आदिवासी जनजातिहरूभित्र पनि राउटे, सुरेल, कुसुन्डा, चेपाङजस्ता लोपोन्मुख समुदायहरूको अवस्था भने अत्यन्तै निराशाजनक छ । सार्वजानिक महत्वका क्षेत्रमा उनीहरूको सहभागिता शून्यजस्तै रहेको छ । आदिवासी जनजातिको बाहुल्यता रहेको यो कोशी प्रदेश मा करीव ११० वटा जातजातीहरुको वसोवास रहेको छ । यहाँका आदिवासीहरुको आफ्नै पेशा, धर्म, सँस्कृति रहेको पाइन्छ । उनीहरुका आफनै भेषभूषा, भाषाभाषि प्रथा परम्परा रहेको पाइन्छ । कोशी प्रदेशमा आदिवासी जनजातीको संस्कृति, भाषा, जातजातीको हिसावले धनी प्रदेशको रुपमा चिनिन्छ ।

## ७.४. मानव बेचबिखनको अवस्था

मानवता विरुद्धको अपराधको रूपमा रहेको मानव बेचबिखनको विषयमा आयोगले स्थापनाकालदेखि नै अनुगमन, अध्ययन तथा अनुसन्धान कार्य गर्दै आइरहेको छ । खुला सीमाना, कमजोर र परम्परागत सीमा नियमन, द्विपक्षीय सहकार्य र समन्वयको अभावले उक्त समस्याको उचित सम्बोधन हुन सकेको छैन ।  आयोगको प्रतिवेदन अनुसार हरेक वर्ष अन्दाजी १ हजार महिला तथा बालबालिकाको भारतबाट उद्दार गरी नेपाल फर्काउने गरिएको छ ।  यौन बजार, बाध्यकारी कृषि श्रम, घरेलु कामदारको लागि भारतमा बेचविखन हुने तथा भारत हुँदै गैरकानूनी रूपमा तेस्रो मुलुक लैजाने गरिएको देखिन्छ । विशेष गरी खाडी राष्ट्रमा वैदेशिक रोजगारका नाममा मानव बेचबिखन तथा ओसापसार भइरहेको देखिन्छ । युरोपका मुलुकहरू, अष्ट्रेलिया लगायत देशहरूमा पनि पर्यटन भिषा, अध्ययन भिषा, विवाह भिषा र कामदार भिषाका नाममा मानव बेचबिखन भइरहेको देखिन्छ ।

नेपालले मानव वेचविखन र बलपूर्वक श्रम गराउनेलाई रोक्ने लगायत धेरै मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरुलाई अनुमोदन गरेको भएतापनि कानुनहरुको कार्यान्वयन हुन नसक्दा विभिन्न तवरबाट मानव बेचविखन भइरहेको आयोगबाटै हरेकवर्ष प्रकाशित मानव बेचविखनको अवस्था राष्ट्रिय प्रतिवेदनबाट स्पष्ट देखिएको छ । आयोगले विभिन्नि समयमा गरेको अनुगमनबाट आयोगको  कोशी प्रदेश कार्यालयका क्षेत्राधिकार अन्तरगतका इलाम, झापा, मोरङ, सुनसरी लगायतका नेपाल र भारतबीचको  सीमा निगरानी कार्य एक चुनौतिपूर्ण कार्य देखिएको छ । यसको मुख्य कारण दुई देशबीचको खुला सिमा प्रणाली हो जसले गर्दा दुबै देशका नागरिक खुल्ला रुपले एक देशबाट अर्को देशमा  आउन जान सक्छन् । गैरसरकारी संस्थाहरुका सीमा निगरानी केन्द्रहरु केवल प्रमुख नाकाहरुमा मात्र रहेको, सीमा नाकामा सुरक्षाकर्मीहरुको पर्याप्त संख्यामा उपस्थिति हुन नसकेको देखिन्छ ।

मानव बेचबिखन विरुद्ध इलाम, झापा, मोरङ, सुनसरीको सिमा नाकामा रही कार्य गर्ने माइति नेपाल लगायतका संघसंस्थाहरुको विगत केही वर्षको तथ्यांकहरुको अध्ययन गर्दा पनि मानव बेचविखनका घट्ना घट्दो नभएर वढ्दो क्रममा नै रहेको देखिन्छ । महिलाहरु शैक्षिक तथा राजनैतिक जागरणमा पछाडि भएकोले उनीहरु सशक्त र सचेत अवस्थामा पुग्न विविध अवरोधको सामना गर्नु परेको छ । साथै यस प्रदेशको भारतसंग पनि लामो सिमा

जोडिएको हुदा मानव बेचबिखन गर्ने गिरोहहरुको चलखेल र प्रभाव यहा रहेको पाइन्छ । यस जिल्लामा भारतसंगको ठुलो व्यापारिक नाका पनि रहेकाले दलालहरुले खुल्ला सिमानाको फाईदा उठाउदै साना साना नाकाहरुको प्रयोग गरी महिला तथा बालबालिकाहरुलाई भारत लगाएत अन्य विभिन्न खाडी मुलुकहरुमा देह व्यापार तथा अन्य व्यापारिक प्रयोजनका लागि बेचबिखन गर्न लैजाने गरेको पाईन्छ । पछिल्लो समयमा वैदेशिक रोजगारमा लैजाने बाहानामा थुप्रै चेलीहरु बेचबिखनको शिकारमा परेको तथ्य हाम्रा सामु छन् । राष्ट्रिय मानव अधिकार आयोगले मानव बेचबिखन तथा ओसार पसार न्युनिकरण गर्ने, बेचिएका महिला तथा बालबालिकाहरुलाई उद्धार गरी स्वदेश फर्काउने र उद्धार गरी ल्याइएका महिला तथा बालबालिकाहरुलाई पुर्नस्थापना गर्ने कार्यमा नेपाल सरकार र सम्बन्धित निकायसँग समन्वय र सहकार्य गर्दै आएको छ ।

### ७.५. यौनिक तथा लैङ्गिक अल्पसंख्यकको मानव अधिकार

नेपालमा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको एकीन तथ्यांकको अभाव रहेको छ । नेपाल सरकारको तथ्यांकले सबैलाई समेटन सकेको छैन भन्ने भनाई सो क्षेत्रका अधिकारकर्मीको रहेको छ । विश्वभर समग्र जनसंख्याको १० प्रतिशत यौनिक तथा लैंगिक अल्पसंख्यक छन । विलियम भन्ने संस्थाको अनुसन्धानमा नेपालमा मात्र ९ लाख यौनिक तथा लैंगिक अल्पसंख्यक छन । नेपालको जनगणना २०६८ मा ३.५ र २०७८ मा ०.०१ प्रतिशत यौनिक तथा लैंगिक अल्पसंख्यक छन । २०७४ मंसिर १० र २१ गतेको निर्वाचनमा १६७ यौनिक तथा लैंगिक अल्पसंख्यक सहभागी भएका थिए भने २०७९ को मंसिरको संघ र प्रदेशको चुनावमा १६७ यौनिक तथा लैंगिक अल्पसंख्यक मतदानमा सहभागी भएका थिए । स्थानीय तहको निर्वाचनमा १४४ जना यौनिक तथा लैंगिक अल्पसंख्यकले मतदान गरेका थिए ।

अहिले पनि घरपरिवार गाउँ समाज तथा तीनै तहका सरकारले यौनिक तथा लैंगिक अल्पसंख्यकहरुलाई हेर्ने दृष्टिकोणमा सकारात्मक परिवर्तनको खाँचो छ । राज्यले मात्र हैन घर परिवार गाउँ समाजले पनि उनीहरु प्रति गर्ने व्यवहार र हेर्ने दृष्टिकोण समय सापेक्ष मानव अधिकार मैत्री छैन । यौनिक तथा लैंगिक अल्पसंख्यकहरुले सामाजिक डरका कारण धेरैले आफ्नो पहिचान खोल्न नचाहेको अवस्थाले पनि यस्तो हुन गएको हो । नेपालको संविधानको धारा १२ मा लैंगिक पहिचानको आधारमा नागरिकता प्रदान गर्ने कुरा उल्लेख गरिएको छ । यसका साथै संविधानको धारा १८ मा समानताको हक अन्तरगत विभिन्न समुदाय सहित लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायको अधिकार संरक्षण गर्न राज्यले विशेष कानुन बनाउन सकिने कुरा उल्लेख गरिएको छ । आयोगबाट विभिन्न समयमा गरिएको अनुगमन तथा अन्तरक्रिया लगायतका कार्यक्रमहरुमा प्राप्त तथ्यबाट अधिकांश लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्तिहरु आफ्नै परिवार तथा समाजबाट वहिष्करणमा परेकोहुँदा विभिन्न प्रकारका भेदभावहरुको सामना गरिहेको देखिन्छ । यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको मानव अधिकारको सम्बन्धमा सबै सरकारी, गैरसरकारी तथा अन्य सरोकारवाला निकायहरुले समन्वय र सहकार्य गरी व्यापक रुपमा सचेतना जगाउने कार्यक्रमहरु गर्नुपर्ने अहिलेको टडकारो आवश्यकता देखिन्छ । यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिहरू उपर सामाजिक विभेद भइरहेको, पहिचान, रोजगारी तथा समान लिङ्ग बीच विहावारी लगायतका मानव अधिकारका विषयहरू सम्वोधन हुन नसकेको पाइएको छ । आयोगले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिहरूका अधिकार उल्लङ्घनका उजुरी उपर अनुगमन तथा अनुसन्धान गर्दै आइरहेको छ । नागरिकता र राहदानी लिँदा लिङ्गको महलमा “अन्य” उल्लेख गरिने गरेकोमा ‘यौनिक अल्पसङ्ख्यक’ लेखिनु पर्ने समेत सो क्षेत्रका अधिकारकर्मीको जिकिर रहेको छ ।

### ७.६. उपभोक्ताको अधिकार

मानव जीवनयापनका लागि बस्तु तथा सेवा खरिदकर्ता वा प्रयोगकर्ता नै उपभोक्ता हुन् । संयुक्तराष्टसंघीय उपभोक्ता हित संरक्षण मार्गनिर्देशन, १९८५ ले उपभोक्तालाई सुरक्षाको अधिकार, सूचित हुने अधिकार, छनौटको

अधिकार, सुनुवाईको अधिकार, उपभोक्ता शिक्षाको अधिकार, क्षतिपूर्तिको अधिकार, आधारभूत आवश्यकतामा पहुँचको अधिकार, स्वच्छ तथा स्वस्थ्य वातावरणको अधिकार प्रदान गरेको छ । आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी महासन्धि १९६६ को धारा ११ (१) मा प्रत्येक व्यक्तिको पर्याप्त आर्जन, लुगा तथा आवास समेत आफू स्वयं र आफ्नो परिवारको पर्याप्त जीवनस्तरको निरन्तर सुधारको अधिकार उल्लेख गरेको छ । उपभोक्ता संरक्षण ऐन २०७५ ले पनि यी अधिकारलाई संरक्षित गरेको छ । उपभोक्ताको अधिकारलाई उच्च प्राथमिकतामा राखी अनुगमन कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले आयोगबाट उपभोक्ताको मानव अधिकार अनुगमन निर्देशिका जारी गरिएको र सोही बमोजिम अनुगमन गर्ने गरिएको छ । विभिन्न समयमा आयोगबाट गरिएको अनुगमनहरुबाट प्राप्त तथ्यहरुलाई हेर्दा उपभोक्ताको अधिकार प्रचलनको अवस्था सन्तोषजनक नरहेको देखिन्छ । खाद्य पदार्थको सहज आपूर्ति, खाद्य सुरक्षाको अभाव, अखाद्य बस्तु मिसावट, म्याद नाघेका खाद्य बस्तुको विक्री वितरण, कृतिम मूल्यबृद्धि, गुणस्तर र नापतौलमा कमि, बस्तु सुरक्षित भण्डारण गरी राख्न नसकेको अवस्था आदि पाइएको छ । सरकारी अनुगमन फितलो रहेको ,स्वच्छ वजार प्रतिस्पर्धा हुन नसकेको, अनुगमन नियमनको जिम्मेवार निकायका कामकारवाही प्रभावकारी र पारदर्शी हुन नसकेको साथै स्रोतसाधन, दक्ष प्राविधीक जनशक्ति, प्रविधी परीक्षणा प्रयोगशालाहरुको कमी र समन्वयको समेत अभाव रहेको अवस्था देखिन्छ ।

उपभोक्तालाई गुणस्तरीय बस्तु तथा सेवा सरल सहज र सुलभ तवरले उपलब्ध गराउन सम्बन्धीत पक्षहरुको ध्यानाकर्षण गरानुपर्ने र उपभोक्ता शिक्षाको प्रवर्धनमा ध्यान दिनुपर्ने आवश्यकता रहेको देखिन्छ । उपभोक्ताको हित विपरितका गतिविधी संचालन गर्ने र उपभोक्ताको हकहितप्रति खेलवाड गर्ने कार्यमा संलग्नहरुमाथी छानविन गरी कानुनी कारवाही गर्न स्थानीय तह र प्रदेश तहबाट विशेष ध्यान दिनुपर्ने आवश्यकता देखिएको छ । पछिल्लोपटक कोशी प्रदेशका केहि स्थानीय तहसंगको छलफल कार्यक्रममा प्रमुख उपप्रमुखहरुले आफुहरु उपभोक्ता अधिकारको संरक्षणका लागि बेला बेलामा बजार अनुगमन गर्ने गरेको कुरा आयोगको टोली समक्ष राखेको थिए । स्थानीय तहले यदा कदा अनुगमन गरेपनि कोशी प्रदेशमा उपभोक्ता अधिकारको अवस्था एकदमै कहालिलाग्दो छ । यहा फलफूल तरकारी सागसब्जी कति विषादि वा अखाद बस्तु मिसाएको छ भन्नेकुरा चेक जाँच गर्ने कार्यालयनै दरबन्दी अनुसारका कर्मचारीको अभाव छ । कार्यालय प्रमुख समेत निमित्तको भरमा चलेका छन । यस्ले समेत कोशी प्रदेशको उपभोक्ता अधिकारको अवस्थालाई उजागर गर्दछ । आयोगको कार्यालयमा पनि उपभोक्ता अधिकारको विषयमा केहि उजुरी प्राप्त भएका थिए ।

## परिच्छेद ३

### ८. प्रदेश कार्यालयको उपलब्धि, चुनौती र समाधानका उपायहरुः

देशमा शसस्त्र द्वन्द्वको चरमोत्कर्षको बेलामा स्थापित राष्ट्रिय मानव अधिकार आयोगले विभिन्न आरोह र अवरोहहरु पार गर्दै मानव अधिकार संरक्षण तथा सम्वर्द्धनमा स्वतन्त्र र स्वायत्तरुपमा आफ्नो भूमिका निर्वाह गर्दै आएको छ । आयोगमा विगतमा दर्ता हुन आएका उजुरीहरुउपर फर्छ्यौट कार्यलाई तदारुकताकासाथ अगाडि वढाउनेगरी कामहरु भईरहेका छन । आयोगको काम कारवाहीहरु जनमानसमा अनुभूत हुनसक्ने गरी तीव्रताका साथ अगाडि वढाउन साथै मानव अधिकार सचेतना अभिबृद्धि गर्न जीवन, मर्यादा, समानता र स्वतन्त्रताको अधिकार : दिगो शान्ति र संवृद्धिको आधार नारालाई साकार रुप दिन जनप्रतिनिधी लक्षित मानव अधिकार शिक्षा कार्यक्रमहरुको थालनी समेत गरेको छ ।

चालु आ.व.मा यस कार्यालयमा मानव अधिकार उल्लंघन भएको भनि केहि उजुरी परेका छन् भने आयोगमा दर्ता रहेका द्वन्द्वकालिन ४९ वटा उजुरीहरुमा आयोगले अनुसन्धान गरेको छ । आयोगमा मानव अधिकार हन्न, न्यायप्रशासन, वलत्कार, महिला हिंसा, यातना, बिभेद, बाल अधिकार, श्रम तथा यौन शोषण, आप्रबासी कामदार लगायतका उजुरीहरु लिएर पीडितहरु आउने गर्दछन् उनीहरुलाई उचित परामर्श प्रदान गरी सम्बन्धीत निकायमा निवेदन दिन साथै सम्बन्धीत निकायहरुको ध्यानाकर्षण गर्ने गराउने कार्य पनि आयोगले गर्दै आइरहेको छ । आयोगमा प्राप्त मानव अधिकार हन्नका विषयमा पहिलो चरणमा जानकारीमा लिई कारवाही प्रक्रिया अगाडि

वढाउने गरेको छ ।  यस वर्ष कोशी प्रदेश कार्यालयबाट जम्मा १९२ जनालाई परामर्श दिइएको थियो । १० वटा आकस्मिक अनुगमन, ८ वटा विषयगत अनुगमन गरी जम्मा १८ पटक मानव अधिकार अवस्थाको अनुगमन गरिएको छ । मानव अधिकार सचेतना सम्बन्धी १४ वटा सम्वर्द्धनात्मक गतिविधीहरु सम्पन्न भएका छन् । अन्य निकायहरुबाट आयोजित प्रमुख अतिथी, अतिथी, स्रोत व्यक्ति र सहभागिको रुपमा इलाम, मोरङ, झापा, सुनसरी लगायतका जिल्लामा पनि कोशी प्रदेश कार्यालयको सहभागिता रहेको छ ।

आयोगको सिफारिस कार्यान्वयनको लागि निरन्तर छलफल, अन्तरक्रिया र वहसहरु भइरहेका छन् । नागरिक समाजबाट आयोगको स्वतन्त्रता र स्वायत्तताको जगेर्ना गर्न र आयोगको सिफारिसको पूर्ण कार्यान्वयनको लागि विभिन्न कार्यक्रमहरुमार्फत सरकारको ध्यानाकर्षण गराईरहेको अवस्था छ ।

यस बर्ष कोशी प्रदेश कार्यालयले आफ्नो कार्यक्षेत्र अन्तरगतका सबै जिल्लाहरुमा अनुगमन, अनुसन्धान एवं सम्वर्द्धनात्मक गतिविधीहरु संचालन गर्ने क्रममा आफ्नो उपस्थिति जनाएको छ । सम्भव भएसम्म स्थानीय तहहरुलाई लक्षित गरेर कतिपय कार्यक्रमहरु संचालन गरिएको छ उदाहरणको लागि आयोगमा रहेको हत्या यातना, सम्पत्ति क्षति, दुर्व्यवहार, बलात्कार वातावरण प्रदुषणका उजुरीको अनुसन्धान, इलाम, पाँचथर, संखुवासभा, भोजपुर लगायतका जिल्लामा विपदले पारेको प्रभावको अनुगमन, इलाम, पाँचथर, संखुवासभा, भोजपुर, झापा, उदयपुर, मोरङ लगायतका कारागार कार्यालयको अनुगमन र मोरङ, सुनसरी, इलाम, झापा जिल्लामा केहि स्थानीय तहसँग नेपाल सरकारको मानव अधिकार सम्वन्धी पाँचौ राष्ट्रिय कार्य योजनाको कार्यान्वयनको अवस्थाको बारेमा छलफल भएको थियो । अनुगमन र छलफल गरिएका विषयको बारेमा त्त निकाय/तह/कार्यालयसंग सुधारको लागि सम्बन्धीत पक्षहरुको ध्यानाकर्षण गरिएको छ ।

यस प्रदेशका ३ वटा जिल्ला सुनसरी, झापा तथा इलाममा श्रमिकको अधिकारको विषयमा अन्तरर्क्रिया गरी श्रमिकको अवस्था उजागार गरिएको छ । आकस्मीक रुपमा यस क्षेत्रमा भएका बन्द हड्ताल, अस्पताल सेवा प्रवाहको अवस्था लगायतको अनुगमन गरी सम्बन्धीत निकायको ध्यानाकर्षण गरिएको छ ।  प्रदेश नं १ को नामाकरण कोशी प्रदेश गरिए पश्चात सो को विरोधमा आयोजना गरिएका ऱ्याली, प्रदर्शन, बन्द लगायतका कार्यक्रमको मोरङ, सुनसरी र झापा लगायतका जिल्लामा अनुगमन गरिएको थियो । आयोगले समय समयमा मानव अधिकारकर्मीहरुसँग मानव अधिकार अवस्थाबारेमा अन्तरक्रिया सम्पन्न गरी यस प्रदेशको मानव अधिकारका सवालहरुको पहिचान गर्ने गरेको छ । आयोगबाट सम्पादित उल्लेखित कामहरु, मानवीय स्रोत तथा आर्थिक स्रोतको आधारमा राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश कार्यालयको यस वर्षको उपलब्धी मापन गर्न सकिन्छ ।

## चुनौतीहरु :

### ८. १.दण्डहिनताको अवस्था :

जब कानुनी शासन हुन्छ तव मात्र मानव अधिकारको प्रत्याभूति गर्न सकिन्छ । मानव अधिकार तथा मानवीय कानुनको गंभिर उल्लंघनकर्तालाई कानुनी दायरामा नल्याउनु, अनुसन्धान नगर्नु, अभियोजन नगर्नु एवं पीडितलाई न्याय दिन नसक्नु, वा इन्कार गर्नु पनि दण्डहिनता हो । द्वन्द्वबाट पीडित तथा पीडित परिवारका सदस्यहरुले केही राहत तथा क्षतिपूर्ति प्राप्त गरेका भए पनि मानव अधिकार उल्लंघन गर्ने वा मानवताविरुद्धको अपराधमा संलग्न व्यक्तिहरु अहिले पनि कानुनी दायरामा आउन नसकेको अवस्था छ । राजनीतिक प्रतिवद्धताको अभाव, राजनीतिक स्वार्थ, कानुन कार्यान्वयन गर्ने निकायहरुको उदासिनता, संवैधानिक एवं कानुनी प्रावधानको अपर्याप्तता, वढ्दो भ्रष्टाचार, सामाजिक, साँस्कृतिक र धार्मिक संरचना, जनचेतनाको कमजोर अवस्था, पदमा बसेकाको ईच्छाशक्ति आदि कारणबाट दण्डहिनता मौलाउँदै गएको अवस्था छ । यस परिप्रेक्षमा  मानव अधिकार, शुशासन र कानुनी राज्य, लोकतन्त्र जस्ता आदर्श मान्यताहरु ओझेलमा परिरहेका छन् र पीडितले न्याय प्राप्त गर्न नसकिरहेको अवस्था विद्यमान छ । दण्डहिनताको अन्त्यको लागि सरोकारवालाहरुको निरन्तर खवरदारी तथा पहरेदारीको अभाव

र कानुन कार्यान्वयन गर्ने निकायहरुको जवाफदेहिता खड्कीएको अवस्थाले मानव अधिकार संरक्षण तथा सम्वर्द्धनको लागि चुनौती बनेको छ ।

### ८.२. आयोगलाई सरकारबाट अपेक्षित सहयोगको अभावः

संवैधानिक हैसियत प्राप्त आयोगको स्वतन्त्रता र स्वायत्ततामा बारम्बार प्रश्न उठ्न थालेको अवस्था छ । सरकार र सरकारका निकायहरुबाट प्राप्त हुनुपर्ने सहयोग कमजोर बन्दै गएको छ । आयोगको गठन नै मानव अधिकार सम्बन्धी राष्ट्रिय संस्थाहरुको हैसियत निर्धारण सम्बन्धी पेरिस सिद्धान्तबमोजिम भएको र यसका काम कारवाहीहरु विशेष तथा अलग प्रकृतिको हुँदा पनि यस कार्यालयलाई सरकारी सोचबाट हेर्ने मनोबृत्तिले आयोगका कामकारवाहीमा असर पर्दै गएको छ । राष्ट्रिय  मानव अधिकार आयोग ऐन २०६८ संशोधन विधेयक उपर आयोगको गंभिर ध्यानाकर्षण भई आयोगको स्वायत्तता र स्वतन्त्रतामा नै आँच आउने गरी भएको प्रस्तावित प्रस्तावप्रति आयोगले आपत्ती प्रकट गरेको छ । यसै गरी नेपालको संविधानको धारा २९३ को भावना र व्यवस्था प्रतिकूल हुनेगरी आयोगको अनुसन्धान सिफारिस र आदेशलाई  महान्यायधिवक्ताको निर्देशनमा  रहने आशय, आयोगका हाल कामय रहेका प्रदेश तथा शाखा कार्यालयहरुलाई समेत प्रतिकूल असरपर्ने गरी आयोगको आर्थिक स्वायत्तता समेतमा बन्देज लगाउने थप दफाहरुको व्यवस्था गरिएकोप्रति प्रेस विज्ञप्तिमार्फत आपत्ति प्रकट गरेको छ ।

### ८.३. आयोगको सिफारिसहरुको कार्यान्वयन नहुनु :

आयोगको सिफारिसहरु अनिवार्यरुपमा सरकारले कार्यान्वयन गर्नुपर्नेमा सिफारिस कार्यान्वयनको हालसम्मको अवस्थालाई हेर्दा सिफारिस कार्यान्वयनको अवस्था कमजोर रहेको देखिन्छ । पीडितले क्षतिपूर्ति पाउने सिफारिसहरु मात्र कार्यान्वयन भएको अवस्था रहेको र दोषि पहिचान गर्ने र पहिचान गरिएका दोषिउपर कारवाही गर्ने सिफारिसहरु कार्यान्वयन गरिएका छैनन् । यसले गर्दा पीडितहरुको सरकारप्रतिको आक्रोष बढ्दै गएको र मानव अधिकार आयोगको काम कारवाही प्रति कुनै न कुनै रुपमा अशर पर्न गएको अवस्था छ । तसर्थ सरकारले मानव अधिकार आयोगका सिफारिस कार्यान्वयनमा तदारुकता देखाई मानव अधिकारको सम्मान गर्नुपर्ने आवश्यकता रहेको छ ।

### ८.४.भौतिक संरचना र पूर्वाधारको अवस्था :

राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश कार्यालय घर भाडामा लिई संचालनमा रहेको अवस्था छ । पटक पटक घरभाडा संझौता अवधि सकिएपछि घरभाडाको लागि नयाँ घर खोज्नुपर्ने अवस्थाले गर्दा पीडितहरुको आयोगसँगको पहुँचमा समेत चुनौती थपिने गरेको छ । आयोगको कार्यालयको लागि उपयुक्त जग्गाको व्यवस्था गर्न तथा खाली रहेका सरकारी भवनहरु उपलब्ध गराई दिन प्रदेश सरकारसँग आयोगले आवश्यक समन्वय गरिरहदा पनि सो को सामाधान  हुन सकेको छैन ।

### ८. ५.सार्वजनिक सेवा प्रवाहको प्रभावकारिता र उपभोक्ताको हित संरक्षणः

आयोगबाट गरिएको विभिन्न समयको अनुगमनहरुबाट दैनिक उपभोग्य बस्तु, खाद्यान्नहरुमा अखाद्य बस्तुहरुको मिसावट, हरिया सागसब्जि तथा तरकारीहरुमा विषादीको अत्यधिक मात्रा प्रयोग हुनु, मानव स्वास्थ्यको लागि हानिकारक रहेको, तथा अस्पताल लगायत अन्य सार्वजनिक सेवाहरु प्रभावकारी हुन नसक्दा नागरिकको हक अधिकार प्राप्तीमा प्रत्यक्ष एवं अप्रत्यक्ष असरहरु परिरहेको अवस्था बिद्यमान देखिन्छ । सार्वजनिक सेवा प्रवाहलाई

चुस्त दुरुस्त राखी नागरिकको अधिकारप्राप्तीलाई सुनिश्चितता गराउन र उपभोक्ताको हक अधिकार संरक्षणको लागि जनचेतना अभिबृद्धि तथा अनुगमनलाई प्रभावकारी गराउन राज्यको ध्यानआकृष्ट हुनुपर्ने अवस्था रहेको छ।

**८.६.समाधानका सम्भावित उपायहरु :**

१. कानूनी शासन अवलम्बन गरी दण्डहिनतको अन्त्य गर्ने, र पीडितले न्याय पाउने अवस्थाको सुनिश्चितता गर्ने,

२. पेरिस सिद्धान्तको मर्म र भावना बमोजिम आयोगबाट हुने मानव अधिकार संरक्षण तथा सम्वर्द्धन सम्बन्धी कार्यलाई प्रभावकारी बनाउनको लागि सरकारबाट बजेट, भौतिक पूर्वाधार लगायतमा यथेष्टसहयोग प्राप्त हुनुपर्ने,

३. मानव अधिकार संरक्षण र सम्वर्द्धनको प्रथम दायित्व राज्यको नै हो । संवैधानिक र कानूनी कर्तव्य बमोजिम सम्पादित आयोगको कार्यहरुबाट गरिएका मानव अधिकार उल्लंघनका दोषीहरुउपरका सिफारिस कार्यान्वयनलाई सरकारले तदारुकताकासाथ अगाडि वढाई पीडितको न्यायप्राप्तीको हक अधिकारको सुनिश्चिता गर्नुपर्ने,

४. व्यक्तिको जीवनसँग प्रत्यक्ष सरोकार रहेको दैनिक उपभोग्य बस्तु तथा सेवाको उपलब्धता, पहुँचता, स्वच्छता एवं प्रभावकारिता र दीगोपनाको उचित व्यवस्थापन गरी जनस्वास्थ्यको संरक्षण गर्न गराउन तथा जनचेतना अभिबृद्धिका कार्यक्रमहरु विभिन्न गैरसरकारी तथा नीजि क्षेत्रसँग आवश्यक समन्वय गरी ग्रामीण भेगका स्थानीयतहमा संचालन गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने,

५. अनुगमन तथा मूल्यांकन सूचकका आधारमा विगतको उपलब्धि, वर्तमानको अवस्था र भावि कार्यदिशा तय गर्ने गरी अनुगमन मूल्यांकनलाई कार्यान्वयनमा लैजानुपर्ने,

**८.७. प्रदेश र स्थानीय सरकारलाई सुझाव :**

यस कार्यालयबाट सम्पादित अनुगमन, अनुसन्धान र विभिन्न सम्वर्द्धनात्मक कार्यहरुबाट प्रदेश र स्थानीय सरकारलाई देहाय बमोजिमका सुझावहरु प्रदान गरिएको छ।

- यस प्रदेशको मानव अधिकार अवस्था अनुगमन गरी मानव अधिकार घट्नाहरुको उजागार गरिएको साथै सम्बन्धीत सरोकारलावाहरुसँग मानव अधिकार अवस्था सुधारको लागि पहल गरिएको ।

- गैरराज्यपक्षबाट आकस्मीक रुपमा हुने वन्द हड्ताल लगायतका क्रियाकलापहरुबाट नागरिकहरुले खेप्नुपर्ने सास्ती, हैरानी, डर, त्रास र वढ्दो असुरक्षाले नागरिकको शान्तिपूर्वक सुरक्षितरुपमा बाँच्न पाउने अधिकार हनन् हुने गरेको छ । यस्ता बन्द हड्ताल लगायतका क्रियाकलाप नगर्न नगराउन तथा सरकारसमक्ष आफ्नो माग राख्दा अरुको अधिकारको ख्याल गर्न सम्वबन्धीत पक्षहरुसँग वार्ता र छलफलबाट समस्या समाधान खोज्न उचित र आवश्यक कदम चाल्न सुझाव दिइएको ।

- आयोगबाट गरिएको आकस्मीक अनुगमनले अस्पतालहरुबाट प्रदान गरिने स्वास्थ्य सेवा प्रभावकारी हुन नसकेको देखिएकोले सम्बन्धीत अस्पतालहरुमा पत्राचार गरी अनुगमनबाट प्राप्त तथ्यहरुबाट देखिएको अवस्थामा आवश्यक सुधार गर्न तथा कारवाही गरी जानकारी उपलब्ध गराइदिन पत्राचार गरिएको

- मोरङ, झापा, इलाम, पाँचथर, संखुवासभा, भोजपुर, उदयपुर जिल्लाहरुमा कारागार तथा हिरासत अनुगमन गरी प्रतिवेदन तयार गरिएको र सम्बन्धीत निकायहरुमा सुधारको लागि पहल गरिएको,

- विवाद समाधानमा स्थानीय तहको जिम्मेवारी महत्वपूर्ण रहेकोले संविधान कानून बमोजिम गर्न गराउन, स्थानीय विकास निर्माणसम्बन्धी कार्यहरुमा मानव अधिकार र मानव अधिकारमुखी पद्धतीको अवलम्बन गर्न गराउन,

- जातीय विभेद तथा छुवाछुत मानव अधिकार उल्लंघनको विषय भएकोले स्थानीय तहमा हुने गरेका घट्नाहरु कतिपय मिलापत्र हुने र कानूनी दायराभित्र नल्याइने अवस्थाले घट्नाहरु दोहोरीने र समाजमा भेदभावको अवस्था कायमै रहनेहुँदा छुवाछुतजन्य घट्नाहरुमा सम्बन्धीत निकायमा उजुरी लिएर आउने अवस्था सिर्जना गर्न, साथै त्यस्ता प्रकारका उजुरीउपर प्रहरी प्रशासनबाट समेत तदारुकता देखाई दोषीलाई कारवाही गरी पीडितलाई न्याय दिलाउने कार्य गर्न गराउन,

- अपाङ्गता भएका व्यक्तिहरुको अधिकार, यौनिक तथा लैंगिक अल्पसंख्यकहरुको अधिकार, द्वन्द्वपीडित र पछाडि पारिएका वर्ग समुदायहरुको हक अधिकारको प्राप्ती र सुनिश्चितताको लागि ती वर्ग समुदायलाई लक्षित गरी तिनीहरुको संरक्षण, विकास र सशक्तिकरणको लागि आवश्यक पहल गर्न,

- नेपाल सरकारको मानव अधिकार सम्वन्धी पाँचौं राष्ट्रिय कार्य योजना २०७७/०७८-२०८१/०८२ को कार्यान्यन अवस्था कमजोर भएको आयोगको अनुगमनवाट प्राप्त भएकाले सो को कार्यान्वियनमा गम्भीर वन्न तथा समितिको गठन गर्न ।

**राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश कार्यालय विराटनगरमा कार्यरत कर्मचारीहरुको विवरण:**

| क्र.सं. | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|
| १. | पवन कुमार भट्ट | उपसचिव/कार्यालय प्रमुख | |
| २. | चिरञ्जीवी कोइराला | मानव अधिकार अधिकृत | |
| ३. | विन्दा अधिकारी | लेखापाल | |
| ४. | खिला रेग्मी | नायव सुब्बा | |
| ५. | विष्णु पराजुली | हलुका सवारी चालक | |
| ६. | पशुपति चौधरी | हलुका सवारी चालक | |
| ७. | देवेन्द्र रेग्मी | कार्यालय सहयोगी | |
| ८. | मथुरा थापा रेग्मी | कार्यालय सहयोगी | |
| ९. | ज्ञानचन्द्र राजवंशी | सुरक्षा गार्ड | |
| १०. | ज्ञानवहादुर दाहाल | सुरक्षा गार्ड | |




National Human Rights Commission
(CITIZEN CHARTER)




स्वागतम्
जीवन, मर्यादा, समानता र स्वतन्त्रताको अधिकार: दिगो शान्ति र समृद्धिको आधार


राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission
नागरिक वडापत्र (CITIZEN CHARTER)


राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission
नागरिक वडापत्र (CITIZEN CHARTER)


जिल्ला प्रशास
ालय, इलाम




PIGEON PIGEON PIGEON PIGEON


नगरपालिका


जिल्ला प्रशा
न कार्यालय




प्रभातफेरी


(04 May, 2023)
REDMI NOTE 9
AI QUAD CAMERA


पत्रकार महासंघ
धनकुटा शाखा

# आयोगका कार्यालय



सुदूरपश्चिम प्रदेश, धनगढी
फोन : ०९१-५२५६२१/२२
कर्णाली प्रदेश, (शाखा) जुम्ला
फोन : ०८७-५२०२२२
कर्णाली प्रदेश, सुर्खेत
फोन : ०८३-५१०२२४
लुम्बिनी प्रदेश, (शाखा) नेपालगञ्ज
फोन : ०८१-५३६७०७/८
लुम्बिनी प्रदेश, बुटवल
फोन : ०७१-४१०१३५
गण्डकी प्रदेश, पोखरा
फोन : ०६१-४६२८११, ४६३८२२
केन्द्रीय कार्यालय
फोन : ०१-५०१००१५
बाग्मती प्रदेश, हेटौंडा
फोन : ०५७-५९१२११/३११
मधेस प्रदेश, जनकपुर
फोन : ०४१-५९०३१३/१४
कोशी प्रदेश, (शाखा) खोटाङ
फोन : ०३६-४२०२८४
कोशी प्रदेश, विराटनगर
फोन : ०२१-५९०९९३, ५१२९३१